


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)

» आइतबार, साउन १, २०७४ » Sunday, July 16, 2017 » www.newsofnepal.com » नेसं ११३७ दिला लाः ७ » वर्ष २३, अंक १८७ » पृष्ठ १२ » मूल्य रू. १०/–

२ { पूर्वसचिव शशिशेखर श्रेष्ठ सँगको अन्तर्वार्ता
५ { ललितपुर महानगरमा ३ अर्ब २२ करोडको बजेट
६ { पाल्पामा मौलायो घैटो कार्यक्रम
७ { दयनीय बन्दै सुदूर पश्चिमेलीको अवस्था

# पशुपतिको जग्गा धमाधम मिचिँदै





**मधुसूदन रायमाझी, काठमाडौं**

पशुपति क्षेत्र विकासको जग्गा धमाधम अतिक्रमणमा पर्न थालेको छ। कोषले बेवास्ता गर्दा सिफलको चौर र भण्डारखाल उत्तर-पश्चिम क्षेत्रको जग्गा अतिक्रमणमा परेको हो। पशुपति क्षेत्र विकास कोषभित्रको जग्गाको संरक्षण गर्नुपर्ने भए पनि केही व्यक्तिसँगको मिलेमतोमा पर्खाल लगाउने वहानामा करोडौंको जग्गा अतिक्रमण गर्ने खेल शुरू भएको छ। पशुपति क्षेत्र विकास कोषका कर्मचारीको मिलेमतोमा भण्डारखालको उत्तर-पश्चिममा धमाधम जग्गा अतिक्रमण गर्ने काम भइरहँदा पनि कोषका कर्मचारी भने बेखर पाइएका छन्।

सिफलमा रहेको कोषको जग्गा पर्खाल लगाउने वहानामा व्यक्तिलाई पर्खाल लगाउने सहमति दिएको छ। कोषले पर्खाल कति लगाउने? कुन उद्देश्यले लगाइँदै छ? भन्ने सामान्य अध्ययनसमेत नगरी पर्खाल लगाउन दिँदा स्थानीयबासी रुष्ट भएका छन्। कोष स्रोतका अनुसार कोषका कर्मचारी र पर्खाल लगाउने जिम्मेवारी पाएका व्यक्तिको साँठगाँठमा सिफल चौरमा पर्खाल लगाउने काम भएको हो।

स्थानीयले पशुपति क्षेत्र विकास कोषले व्यक्तिलाई पर्खाल लगाउने अनुमति दिनुको पछाडि जग्गा अतिक्रमण गर्ने खेल हुन सक्ने आशंका व्यक्त गरेका छन्। सिफलका एक स्थानीयले भने- 'पशुपति क्षेत्र विकास कोषले मातहत लगाउनुपर्ने पर्खाल, खेलकुद परिषद्को बजेट ल्याएर व्यक्तिले पर्खाल लगाउँदा पनि कोषले सहमति दिनु गलत भएका छ।' हाल पर्खाल निर्माणको क्रममा १० फिटसँगै २० फिट छोडेर पर्खाल लगाउने काम भएको छ। खेलकुद परिषद्को १० लाख रुपियाँ बजेटमा पर्खाल लगाउने काम भइरहेको छ।

आफ्नो जग्गाको संरक्षण गर्नका लागि कोषले नै पर्खाल लगाउनुपर्नेमा बाहिरको व्यक्तिलाई पर्खाल लगाउन अनुमति दिनु गलत प्रयोजन हुन सक्ने भन्दै कोषको कार्यशैलीप्रति स्थानीयले आपत्ति जनाएका छन्। पशुपति क्षेत्र विकास कोष स्थापना हुनुपूर्व नै तत्कालीन राजाले ठाकुरप्रसाद मैनालीलाई ८ आना जग्गा दिए पनि हाल ४ रोपनीभन्दा बढी जग्गा मिचिएको बताइएको छ। कोषले मिचिएको जग्गा फिर्ता ल्याउनसमेत कुनै काम अगाडि बढाएको छैन। अहिले भण्डारखालको दक्षिण-पश्चिम क्षेत्रमा तीन रोपनी जग्गा मिच्ने गरी जङ्गलको बीचबाट पर्खाल लगाउँदा समेत पशुपति क्षेत्र विकास कोषले कुनै जानकारीसमेत पाएको छैन।

स्रोतले भन्यो- '८ आना जग्गा राजाले दिएका हुन्, अहिले मिच्दैमिच्दै जाँदासमेत कोष रमिता हेरेर बसेको छ। कोषको जग्गा दिनहुं मिचिँदासमेत कोषले कुनै कानुनी प्रक्रिया थालेको छैन।' कोषले भण्डारखालमा पर्ने गौशाला उकालो नजिकै रहेको जङ्गलमा पुरानो पर्खाल भत्काएर धमाधम झन्डै ३ रोपनी जग्गा हडप्ने उद्देश्यसहित पर्खाल लगाउने काम भइरहेको छ।

स्थानीयले पटक-पटक भण्डारखाल क्षेत्रमा जग्गा मिचिएको भन्दै ध्यानाकर्षण गराउँदा पनि कोषले एक कानले सुनेर अर्को कानले उडाउँदै आएको आरोप स्थानीयबासीले लगाएका छन्। एक स्थानीयले भने- 'कोषकै मिलेमतोमा जग्गा अतिक्रमण गर्ने र मालमोत कार्यालय र नापी कार्यालयको मिलेमतोमा करोडौंको जग्गा झ्वाम पार्ने काम हुँदै आएको छ, हामी देखेर विरोध गर्छौं, कोष सुन्दै सुन्दैन। कोषकै मिलेमतो भए पनि हाम्रो पनि केही लागेको छैन।'

खानेपानी तथा ढल व्यवस्थापन कार्यालले बागमतीमा ढल विस्तार गर्ने क्रममा भण्डारखालको दक्षिण पश्चिमपट्टि जग्गा सट्टापट्टा गर्ने निर्णय गरेको थियो। तर ६ वर्षअघि कोषका तत्कालीन सदस्यसचिव सुशील नाहटाले उक्त निर्णय कार्यान्वयन नगर्ने निर्णय गर्नुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# सगरमाथा नाप्न कार्यदल

### साउन १५ सम्ममा प्रतिवेदन तयार भएपछि सोहीअनुसार मापन शुरू हुने

**प्रशान्त वली, काठमाडौं**

विश्वकै उच्च शिखर सगरमाथाको उचाइ मापनका लागि सरकारले एक कार्यदल गठन गरेको छ। उचाइ मापन प्रक्रियालाई सहज बनाउन नापी विभागअन्तर्गत खगोल तथा भू-मापन महाशाखा हेर्ने उपमहानिर्देशक निरज मानन्धरको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन भएको छ। कार्यदलले सगरमाथाको उचाइ नाप्नका लागि खर्चको प्रारम्भिक अनुमान, मापनका लागि आवश्यक पर्ने प्रविधि, नाप्नका लागि आवश्यक कर्मचारी संख्यालगायतका विषयमा अध्ययन प्रतिवेदन तयार गर्नेछ।

कार्यदलको सुझावअनुसार कार्यक्रमलाई कार्यान्वयनको चरणमा लैजाने विभागका महानिर्देशक गणेशप्रसाद भट्टले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। महानिर्देशक भट्टले भन्नुभयो- 'अब सरकार आफैले सगरमाथाको उचाइ मापन गर्दै छ। नाप्नका लागि केही समय लाग्छ। कार्यदलले साउन १५ गतेसम्म प्रतिवेदन तयार गरिसक्छ। प्रतिवेदनका आधारमा सरकारलाई निर्णय गराउन सजिलो हुन्छ।'

पहिलो चरणमा उचाइ मापनका लागि आवश्यक पर्ने 'लेवलिङ' नापी विधि अपनाइसकेको नापी विभागले जानकारी दिएको छ। लेबलिङ भन्नाले सगरमाथाको उचाइ नाप्नका लागि आधार तयार पार्न नियन्त्रण बिन्दु पत्ता लगाउनु हो। सगरमाथाको उचाइ मापन शीर्षकमा यस वर्ष सरकारले २ करोड रुपियाँ बजेटसमेत विनियोजन गरिसकेको विभागका महानिर्देशक गणेशप्रसाद भट्टले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'उदयपुरको बाँसघारीदेखि सोलुखुम्बुको लुक्लातर्फ लेबलिङ नापी कार्य जारी छ। यस वर्ष करिब ३० किलोमिटर लेबलिङ नापिन्छ। लेबलिङ नापेपछि नियन्त्रण बिन्दु अर्थात् कहाँबाट सगरमाथाको केन्द्रबिन्दु सजिलै थाहा पाउन सकिन्छ भन्ने कुराको जानकारी हुन्छ र, उचाइ नाप्नका लागि आधारसमेत बन्छ।'

सगरमाथाको उचाइ नाप्न कम्तीमा १० करोड रुपियाँ खर्च लाग्ने अनुमान गरिएको छ। सगरमाथाको उचाइ मापनका लागि टोकनका रूपमा अर्थ मन्त्रालयसँग १० लाख रुपियाँ बजेट प्रस्ताव गरिसकिएको नापी विभागले जानकारी दिएको छ। वर्षाको समयमा नाप्न गाह्रो हुने भएकाले साउनदेखि नाप्ने कामको प्रारम्भ गरिने बताइएको छ।



सरकारसँग माग गरिएको बजेट मापन कार्यलाई आधिकारिक तुल्याउन अन्तर्राष्ट्रिय विज्ञ, अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्राविधिक यन्त्र, मापनका लागि खटिनलाई विशेषज्ञ तालिम कर्मचारीहरूमा खर्च हुने बताइएको छ। उचाइ मापनका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रविधि भू-उपग्रहमा आधारित जीपीएस टेक्नोलोजीअन्तर्गत २० वटा जीपीएस इक्विपमेन्टसमेत विभागमा छन्।

अहिलेसम्म सन् १८५२ देखि सन् २०११ सम्म दशपटक सगरमाथाको मापन गरिएको छ। विभागले सन् १९५४ को भारतीय नापी टोलीलाई पहिलोपटक स्वीकृति दिएको थियो। नेपालले अहिलेसम्म आधिकारिक रूपमा मान्दै आएको उचाइ भने भारतीय टोलीको रहेको नापी विभागले बताएको छ। केही समयअघि विश्वकै अग्लो चुचुरो सगरमाथाको उचाइ संयुक्तरूपमा पुनः नाप्नका लागि भारतले नेपालसँग प्रस्ताव राखेको खबर सार्वजनिक भएको थियो। यद्यपि सरकारले आफूलाई यस विषयमा थाहा नभएको बताउँदै आएको छ।

# एआईजीमा ११ को बढुवा

## सिलवाल छुटे

काठमाडौं, (नेस)

नेपाल प्रहरीको प्रहरी अतिरिक्त महानिरक्षिक (एआईजी) पदमा ११ जना बढुवा सिफारिस भएका छन्। गृह मन्त्रालयको बढुवा सिफारिस समितिको बैठकले १ नम्बरमा बमबहादुर भण्डारीलाई सिफारिस गरेको छ। सो सिफारिस समितिले प्रहरी नायब महानिरीक्षक (डीआईजी) नवराज सिलवालको नाम सिफारिस गरेको छैन। डीआईजी सिलवाल प्रहरी महानिरीक्षक (आईजी)को दाबी गर्दै सर्वोच्च पुगेका कारण उहाँको नाम सिफारिस नगरिएको हो। उहाँको मुद्दा हालसम्म फैसला हुन सकेको छैन।

सिफारिस समितिले डीआईजी बमबहादुर भण्डारीलाई पहिलो नम्बरमा सिफारिस गरेको छ। एआईजीमा सिफारस हुने डीआईजीहरूमा जयबहादुर चन्द, देवेन्द्र सुवेदी, पशुपति उपाध्याय, केशरीराज घिमिरे, माधवप्रसाद जोशी, विजयलाल कायस्थ, कमलसिंह बम, मिङ्मार लामा, रणबहादुर चन्द र विजयकुमार भट्ट रहेका छन्। प्रहरी नियमावली२०७१ (संशोधनसहित)नियम २७ को उपनियम (४)को प्रावधानअनुसार बढुवा गरिएको गृह मन्त्रालय बढुवा समितिको सचिवालयले जनाएको छ।

# अब जताततै 'फायर हाइड्रेन्ट'

**टीका बन्धन, काठमाडौं**

आगलागीले पुऱ्याउन सक्ने सम्भावित मानवीय र भौतिक क्षति न्यूनीकरणका लागि काठमाडौं उपत्यकाका २ सयभन्दा बढी स्थानमा 'फायर हाइड्रेन्ट' निर्माण गरिने भएको छ।

मेलम्चीको पानी वितरण गर्ने क्रममा उपत्यकामा विस्तार भइरहेको पाइप लाइनकै संरचनामा आगलागी नियन्त्रणका लागि सघाउ पुऱ्याउने संरचना निर्माणको तयारी गरिएको हो। 'फायर हाइड्रेन्ट' मुख्यतया दमकलले आवश्यकताअनुसार जुनसुकै बेला पानी भर्न र आगलागी नियन्त्रण गर्न प्रयोग गर्न मिल्ने विशेष संरचना हो।

दमकल ओहोर-दोहोर गर्न मिल्ने सडक किनारा आसपासका क्षेत्रमा २ सयभन्दा बढी क्षेत्रमा 'फायर हाइड्रेन्ट' निर्माण गर्ने कार्य अघि बढेको मेलम्ची परियोजनाको आयोजना कार्यान्वयन निर्देशनालयका निर्देशक तिरेशप्रसाद खत्रीले जानकारी दिनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'अहिले बिच्छ्याइको पाइपलाइनको संरचनालाई जोडेर त्यस्तो व्यवस्था गर्न लागिएको हो, कुन-कुन स्थानमा त्यस्तो संरचना बनाउन सकिन्छ भनेर बुझ्ने र जडान गर्ने काम पनि सँगसँगै अघि बढिरहेको छ।'

## मेलम्चीको पाइपसँगसँगै दमकलका लागि पानी निकाल्न मिल्ने संरचना बनाइने भएको छ।

मेलम्चीको पानी वितरणका क्रममा पहिलो चरणमा उपत्यकामा बिच्छ्याइने ६ सय ७० किलोमिटर पाइपलाइनसँगै जोडिएका आसपासका क्षेत्रमा दमकलमैत्री संरचना निर्माण हुने खत्रीले बताउनुभयो। पछिल्लो अवधिसम्ममा ६ सय १० किमि क्षेत्रमा पाइपलाइन विस्तार भइसकेको निर्देशनालयले जनाएको छ। काठमाडौं उपत्यकाका ३ वटै जिल्लामा आगलागी नियन्त्रणका लागि जुद्ध वारुण यन्त्र कार्यालय छन्। काठमाडौंमा भएका जम्मा ६ मध्ये ३ वटा दमकल चालु अवस्थामा छन् भने ललितपुरमा भएका सबै ४ वटा चालु अवस्थामा रहेको त्यहाँका नगर प्रहरी प्रमुख पद्मलाल महर्जनले जानकारी दिनुभयो। भक्तपुरमा भएका जम्मा ६ मध्ये ४ वटा थन्किएका छन् भने २ वटा मात्रै चालु अवस्थामा छन्।

३ वटै जिल्लामा दमकल सेवा भए पनि आगालागी हुने सम्भावितस्थल आसपासका क्षेत्रमा दमकलले भर्ने पानीका स्रोत पर्याप्त नहुँदा समयमा आगलागी नियन्त्रण गर्न समस्या हुँदै आएको छ। काठमाडौंका दमकल महांकालसम्म पुगेर पानी भर्नुपर्ने बाध्यता छ। तर अहिले धेरै स्थानमा 'फायर हाइड्रेन्ट' निर्माण कार्य अघि बढेकाले दमकलको सेवा चुस्त र प्रभावकारी हुने आयोजना कार्यान्वयन निर्देशनालयका प्राविधिकहरूको तर्क छ।

यसैबीच मेलम्चीको पानी वितरणमा अत्याधुनिक 'स्क्याडा' प्रविधि प्रयोग हुने भएको छ। अत्याधुनिक उपकरण र प्रविधि जडित विशेष कक्षमार्फत घर-घरमा वितरण गरिएको पाइपलाइनको अवस्था, पानीको चाप, गुणस्तर, चुहावट, खपत जस्ता पक्ष नियाल्न सकिने निर्देशनालयका प्रवक्ता लीलाप्रसाद ढकालले जानकारी दिनुभयो। 'उपभोक्ताले कति पानी खपत गरे भनेर घर-घर पुगेर प्राविधिकहरूले मिटर हेरेर बिल तयार गर्नुपर्दैन, विशेष उपकरणसहितको कन्ट्रोल रुमबाट त्यस्ता धेरै पक्ष नियाल्न सकिन्छ।' -उहाँले भन्नुभयो।

ढकालका अनुसार उपत्यकामा निर्माणाधीन ९ रिर्जभवायरसहित यसअघि अनामनगर र मीनभवनमा निर्माण भएका २ वटा रिजर्भवायरलाई पनि एउटै सञ्जालमा एकीकृत गरेर विशेष कक्षले नियाल्नेछ। त्यस्तो विशेष कक्ष निर्माणबारेको सम्भावित अध्ययन/अनुसन्धान पूरा भइसकेकाले निर्देशनालयले बोलपत्र आह्वान गर्ने तयारी गरेको छ।

पानीपोखरी र महांकाल क्षेत्रमा २ वटा अत्याधुनिक कक्ष निर्माणका लागि करिब ७० करोड रुपियाँ खर्च हुने प्रारम्भिक अनुमान गरिएको निर्देशनालयका निर्देशक खत्रीले बताउनुभयो। उहाँले भन्नुभयो- 'भूकम्प र अन्य प्राकृतिक प्रकोपले पुऱ्याउन सक्ने सम्भावित क्षतिलाई ख्याल गर्दै फरक स्थानमा २ वटा विशेष कक्ष बनाउनुपर्ने आवश्यकता देखिएको हो।'

# आज केही स्थानमा विद्युत् कटौती

काठमाडौं, (नेस)

सडक विस्तार र मेलम्ची खानेपानी आयोजनाका कारण खम्बा सार्नुपर्ने भएकाले आज राजधानीका विभिन्न क्षेत्रमा विद्युत्भार कटौती हुने भएको छ। नेपाल विद्युत् प्राधिकरण भारप्रेषण केन्द्रका अनुसार सडक विस्तार र मेलम्ची खानेपानी आयोजनाको पाइप जडान कार्य गर्नुपर्ने भएकाले विद्युत्भार कटौती गर्न लागिएको हो।

केन्द्रका अनुसार नयाँ चाबहिल सव स्टेशनबाट वितरण गरिएको सुन्दरीजल फिडरअन्तर्गत पर्ने गोपीकृष्ण हल, सरस्वती नगरलगायतका क्षेत्रमा दैनिक दुईदेखि तीन घण्टा विद्युत् कटौती हुनेछ। यस्तै राजधानीका अन्य क्षेत्रमा समेत मेलम्ची खानेपानी आयोजनाको पाइप विस्तारका कारण सामान्य रूपमा अवरोध आउनसक्ने प्राधिकरणले जनाएको छ। यस्तै काठमाडौंको बानेश्वर सव स्टेशनको क्षमता वृद्धि गर्ने कार्य जारिरहेका कारण बागमती, धोवीखोला क्षेत्र, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, शङ्खमूल क्षेत्र, बानेश्वर, कोटेश्वर र इमाडोल क्षेत्रमा समेत फरक-फरक समयमा दैनिक चार घण्टा विद्युत् कटौती हुने प्राधिकरणले जनाएको छ।

मुख्यसचिवमा बहाल हुँदाहुँदै एडीबीको कार्यकारी पदमा जाने व्यक्ति र पठाउने सरकारको पनि उत्तिकै कमजोरी रहेको छ। सरकारले कर्मचारी संयन्त्रको गरिमा कायम राख्दै मुख्यसचिवलाई राजीनामा गरेर एडीबीमा जाऊ भन्न सकेन।



**शशिशेखर श्रेष्ठ**
पूर्वसचिव एवं प्रशासन विज्ञ

# ‘मुख्यसचिव पदको गरिमा सरकारले पनि जोगाउन सकेन’

निजामती सेवामा उपल्लो पदमा पुगेको व्यक्ति डा. सोमलाल सुवेदी राजीनामा नदिइकन एडीबीको कार्यकारी भएर गएको विषय अहिले निजामती क्षेत्रभित्र र बाहिर निकै चर्चाको विषय बनेको छ। यही विषयलाई लिएर व्यवस्थापिका संसद्मा कुरो पनि उठेको छ। संसद्मा सभासद्हरुले मुख्यसचिव सुवेदीलाई ‘विदेशी दलाल’ सम्म भन्न भ्याएका छन्। डा. सुवेदी आफ्नो पद अतिरिक्त समूहमा राखेर कार्यकारी भएर जानुले निजामती सेवामा कस्तो सन्देश गएको छ ? यस कार्यलाई कसरी लिनुभएको छ भन्ने विषयमा सहसचिव हुँदाको अधिकांश समय गृह प्रशासनमा बिताउँदै गत वर्ष मात्र सेवानिवृत्त हुनुभएका पूर्वसचिव एवं प्रशासन विज्ञ शशिशेखर श्रेष्ठसँग नेपाल समाचारपत्रका लागि **सुनील महर्जन**ले गरेको कुराकानीको सम्पादित अंश :

**मुख्यसचिव डा. सोमलाल सुवेदी राजीनामा नदिइकन एडीबीको कार्यकारी भएर जानुलाई तपाईंले कसरी लिनुभएको छ ?**

निजामती कर्मचारी सेवामा मुख्यसचिव सबैभन्दा उपल्लो पद हो। यस पदमा राज्यको प्रतिष्ठा पनि जोडिएको हुन्छ। मुख्यसचिव पदको गरिमा राख्ने काम सरकार र स्वयं मुख्यसचिव डा. सोमलाल सुवेदीको हो। मुख्यसचिव पदको गरिमा कायम सरकार र स्वयं मुख्यसचिव सुवेदीले पनि गर्न सकेनन्। सबैभन्दा चिन्ता र दु:खद् पक्षको कुरो नै यही हो।

मुख्यसचिव जस्तो पदमा रहेका व्यक्तिले आफ्नो पद सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखेर काजमा एडीबीको कार्यकारी भएर जानुभएकोमा प्रश्न उठाउने धेरै ठाउँहरु रह्यो। यो मामिलामा सरकारलाई पनि प्रश्न उठाउने ठाउँहरु धेरै छन्।

सरकारले मुख्यसचिवलाई नै किन एडीबीको कार्यकारीमा नियुक्ति गर्नुपर्‍यो ? नियुक्ति गरिसकेपछि सरकारले राजीनामा गराउन निर्देशन दिनुपर्थ्यो। सरकारले किन मुख्यसचिवएडीबराजीनामीमा दिन लगाइएन ? मुख्यसचिव सुवेदी मुख्यसचिव एडीबीको कार्यकारी निर्देशक भएर पठाउनुमा सरकार पनि उत्तिकै जिम्मेवार रहेको छ। कर्मचारी संयन्त्रको नेतृत्व सम्हालेको व्यक्ति र सरकार आफूखुसी जे निर्णय गर्न पनि छुट रहन्छ ? कर्मचारी संयन्त्रको गरिमा, प्रतिष्ठा ख्याल राख्नुपर्दैन र ?

**तपाईंको विचारमा सुवेदीले मुख्यसचिवको पदबाट राजीनामा दिएर एडीबीमा गएको भए यति विवाद हुने थिएन भन्ने हो ?**

मुख्यसचिव एडीबीमा राजीनामा गरेर वा पदावधि सकिएर जानुभएको भए यसरी प्रश्न उठाउने ठाउँ हुने थिएन। सरकारले पनि मुख्यसचिव भइसकेको व्यक्तिलाई यो यो पदमा नियुक्त गर्न सकिने वा नसकिने भनेर नियम बनाउन पनि उत्तिकै जरुरी रहेको यसले देखाएको छ।

**मुख्यसचिवको जिम्मेवारी नै छोडेर सुवेदी एडीबीको कार्यकारी भएर जानुले निजामती सेवामा कस्तो सन्देश गएको छ ?**

पद सोपानको प्रक्रियाबाट सचिव वा मुख्यसचिवसम्म आइपुग्दा त्यो व्यक्तिलाई राज्यले धेरै लगानी गरिसकेको हुन्छ। व्यक्तिले पनि राज्य सञ्चालनका धेरै अनुभव बटुलिसकेको हुन्छ। व्यक्तिले पनि धेरै योगदान दिइसकेको हुन्छ। पदावधि नै पूरा नहुँदै मुख्यसचिव एडीबीमा कार्यकारी भएर जाने सन्दर्भले त्यस्ता अनुभव, ज्ञान र सीप राज्यलाई दिएन भन्ने सन्देश पनि गएको छ। त्यसै गरी सरकारले पनि मुख्यसचिवबाट पूरै काम लिन सकेन भन्ने सन्देश दिएको छ। मुख्यसचिवमा बहाल हुँदाहुँदै सहसचिव जाने मुख्यसचिव एडीबीको कार्यकारी पदमा जाने व्यक्ति पनि र पठाउन सरकारको पनि उत्तिकै कमजोरी रहेको छ। सरकारले कर्मचारी संयन्त्रको गरिमा कायम राख्दै मुख्यसचिव एडीबीमा राजीनामा गरेर जाउ भन्न सकेन। राजनीति, कर्मचारी संयन्त्र मिलेर राज्यको प्रतिष्ठा र संगठनको मान मर्यादा पनि उल्लंघन गर्ने काम हुँदो रहेछ भन्ने यस कार्यले प्रमाणित गरिदिएको छ। अर्कोतर्फ मुख्यसचिव एडीबी पठाउने निर्णय गरिसकेपछि मुख्यसचिव भएर काम गरिरहन हुन्छ वा हुँदैन भन्ने व्यक्तिको नैतिक धरातल र मर्यादासँग जोडिएको कुरो हो। सरकारले पनि यसमा गम्भीररूपले सोचेको देखिएन।

**सुवेदीले पेन्सनको लोभले आफ्नो पद अतिरिक्त समूहमा राखेर मुख्यसचिव एडीबी गएको कर्मचारी वृत्तमा चर्चा चलेको छ। यसलाई तपाईंले कसरी लिनुभएको छ ?**

पेन्सनको लोभले मुख्यसचिवले राजीनामा दिएनन् भन्ने विषयमा त कानुनले नै सुविधा दिएको छ। कानुनमा के व्यवस्था छ भने सचिवको सेवावधि ५ वर्षसम्म रहन्छ। ५ वर्षसम्म पूरै काम गर्‍यो भने पेन्सनमा थप बढोत्तरी हुँदैन। यसको अर्थ भनेको ५ वर्षे सेवावधिमा पूरै काम गरेको छ भन्ने कानुनी अर्थ लाग्दछ। अवकाशको उमेर हदले गर्दा ५ वर्ष पूरै काम गर्न पाएन भने थप २ वर्षको पेन्सन थप्ने प्रावधान छ। यो प्रावधानमा टेक्दै विगतमा धेरै सचिवहरुले ५ वर्ष पदावधि सकिनु २ दिनदेखि एक साताअघिसम्म मुख्यसचिवको पदबाट राजीनामा गरेर गएका छन्। पेन्सनको लोभमा यस्तो नगर्ने कर्मचारी थोरै मात्र छन्। पेन्सनको लोभमा आफ्नो पदका गरिमा घटाउने वा नघटाउने भन्ने व्यक्तिको स्वतन्त्रतामा भर पर्दछ। मुख्यसचिव सुवेदीको सन्दर्भमा पेन्सनको लोभमा पदको गरिमा घटाएको भनेर पनि बुझ्न सकिन्छ।

**केन्द्रका कर्मचारी अहिले स्थानीय तहमा जान मानिरहेका छैनन्। सरकारले भनेको नमान्ने कर्मचारीको प्रवृत्तिलाई के भन्नुपर्ला ?**

कर्मचारी भनेको राज्य सञ्चालनको एउटा महत्त्वपूर्ण संयन्त्र हो। लोकसेवा आयोगको परीक्षा दिएर निजामती सेवामा कर्मचारी प्रवेश गरेका हुन्छन्। कर्मचारी समायोजनको क्रममा केन्द्रमा बसेर काम गरिरहँदा पाइरहेको सेवा सुविधा गुम्ने हो कि भन्ने चिन्ता पनि धेरै कर्मचारीमा रहेको छ। स्थानीय तह वा प्रदेशको तह संरचना कस्तो हुने हो ? कार्यप्रकृति कस्तो हुन्छ ? पदीय स्थान कस्तो हुन्छ ? आजको जस्तो पदीय प्रभाव देखाउन पाउने हो कि होइन् ? भन्ने कर्मचारी वृत्तमा अझै शंकाको विषय नै रहेको छ। त्यस्तै केन्द्रमा मोज र आनन्दले काम गरिरहेकाले र भोलि स्थानीय वा प्रदेशमा जाँदा त्यस्तो मोज हुन्न कि भन्ने चिन्ता पनि छ। यसले गर्दा कर्मचारीहरु समायोजन भएर जान हच्किएको देखिन्छ। सेवा सुविधासम्पन्न भएको ठाउँमा बसेका कर्मचारी त्योभन्दा सेवा सुविधा कम भएको वा दुर्गममा जान रुचाउँदैनन्। राष्ट्रसेवक कर्मचारी सरकारले पठाएको ठाउँमा जानुपर्दछ। नगए उनीहरुलाई हटाउनुपर्दछ।

**कतै कर्मचारीले स्थानीय तह, प्रदेश वा संघीयतालाई डरको रूपमा मात्र लिइरहेका त छैनन् ?**

आम कर्मचारीको मनोविज्ञान हेर्दा संघीयता भनेको नै उनीहरुलाई मनैपरेको छैन। किनभने संघीयतामा जाँदा अहिले रहेको मन्त्रालय घटाउने विषय पनि रहेको छ। संघीयतामा जाँदा मेरो मन्त्रालय, विभाग घटाउन हुन्न है भनेर विभिन्न केन्द्रमा डेलिगेसन गएको पनि हामीले सुनेको, देखेकै छौं। मुख्य त कमाउने विभिन्न केन्द्र बनाइसकेका कर्मचारीहलाई प्रदेश वा स्थानीय तहमा अतिरिक्त कमाई हुने स्रोत बनाउनुपर्ने भएकाले पनि समायोजन भएर जान मन नलागेको हो। यस्तो प्रवृत्तिले त वास्तवमा स्थानीय तह, प्रदेश वा संघीयता कार्यान्वयन हुन नदिने पात्र नै कर्मचारी बन्ने खतरा रहेको छ।

**कर्मचारीको प्रवृत्ति हेर्दा अधिकार र कर्तव्यबीच कतिको सन्तुलन मिलेको पाउनुभएको छ ?**

कर्मचारी आफ्नो सेवा सुविधा पाउने वा अधिकारको कुरोमा बढी अग्रसर र त्यसको दाँजोमा कर्तव्य पूरा गर्न निकै पछि रहेका छन्। कर्मचारी बढी अधिकारमुखी रहेका छन् भने कर्तव्यमुखी कमै रहेका छन्।

**असार मसान्तमा बजेट सकाउन कर्मचारी धमाधम विदेश भ्रमणमा निस्किएका छन् । यसलाई कर्मचारी संयन्त्र र सरकारले पनि किन नियन्त्रण गर्न नसकेको होला ?**

असारमा विकास बजेट सकिन नै कर्मचारीहरु धमाधम विदेश भ्रमण गरिरहेका हुन्छन्। त्यो भ्रमण मन्त्रालय र विभागका लागि कति फाइदाजनक वा हानी नोक्सानी पुर्‍याउँछ भनेर राज्यले सोच्नुपर्दछ। कानुन बनाउने त्यस्ता विषयमा पनि ध्यान पुर्‍याउनुपर्ने हो। कर्मचारी विदेश भ्रमणमा गएको समाचार सञ्चारमाध्यममा आइरहेको छ। कर्मचारी विदेश भ्रमण पनि विभिन्न ऐन, नियम र निर्देशिकामा टेकेर गरेका हुन्छन्। कुनै-कुनै मन्त्रालयले कर्मचारीलाई उत्प्रेरित गर्न पनि विदेश भ्रमणको कार्यक्रम राखेको हुन्छ। विदेश भ्रमण गरेर आएका कर्मचारीहरुको अनुभवले कार्यसम्पादन के कस्तो प्रभाव पर्दछ भनेर विश्लेषण हुन पनि जरुरी रहेको छ। समग्रमा भन्नुपर्दा विदेश भ्रमणलाई व्यवस्थित गर्नुपर्ने खाँचो रहेको छ।

**निजामती सेवाको सुधारका लागि विभिन्न समितिले प्रतिवेदन दिएका भए पनि कर्मचारी प्रशासन खासै सुधार भएको अनुभूति सेवाग्राहीले किन गर्न नसकेका होलान् ?**

कर्मचारीको कार्यसंस्कृति हेर्दा आमूल परिवर्तन नै हुने गरी सुधार हुने अवस्था अहिले पनि रहँदैन। कर्मचारी संयन्त्र ऐन, नियममा टेकर काम गर्नुपर्ने वा भनेको मान्नुपर्ने राज्यको मेसिनरी हो। कर्मचारी संयन्त्रलाई हाँक्ने वा डोहोर्‍याउने भनेको राजनीतिक तह हो। कर्मचारी संयन्त्रको सुधारको कुरो गर्दा राजनीतिक नेतृत्वको पनि सुधार पनि उतिकै महत्त्वपूर्ण रहन्छ।

**निजामती सेवाको सुधारका लागि राजनीतिक नेतृत्व दह्रो हुन नसकेको हो ?**

कर्मचारी संयन्त्रको सुधारमा सरकार पनि दह्रो हुनुपर्ने हुन्छ। उदाहरणका लागि अहिले पनि कर्मचारी दुर्गममा जान नमान्ने र त्यहाँ राम्ररी काम गर्ने रुचि देखाइरहेको छैन। प्राविधिकतर्फका चिकित्सक पनि दुर्गम र विकट क्षेत्रमा जाँदै नजाने अवस्था छ। यस्तो अवस्थामा न सरकारले भनेको आदेश कर्मचारीले मानिरहेको छ ? आदेश नमान्ने कर्मचारीलाई न सरकारले कारबाही गर्न सकेको छ ?

**यस्तो अवस्था किन उत्पन्न भएको हो ?**

दुई दशकयता कर्मचारी राजनीतिकरूपले बढी नै प्रेरित र उत्प्रेरित भएको मैले पनि अनुभव गरेको छु। कर्मचारी संयन्त्रले जुन सरकार आए पनि काम गर्नुपर्ने हो। तर, हामी कहाँ त्यसो हुँदैन। कर्मचारीले राजनीतिक आस्था भनेको मतदान गर्नेबेला प्रयोग गर्ने हो। तर, कर्मचारी अघि-पछि पनि राजनीतिक दलको कार्यकर्ता भएर गइरहेको देखिन्छ। निजामती सेवा ऐनमा कर्मचारीले राजनीति दलमा आबद्ध हुनुहुँदैन भनेर लेखिएको छ। लेखिए पनि यसलाई कसले पालना गराउने ? एक त हामीकहाँ ६-६ महिनामा सरकार परिवर्तन भइरहेको हुन्छ। सरकार परिवर्तनसँगै कर्मचारीको सरुवा, नियुक्ति हुने गर्दछ।

**कर्मचारीको कुरो सुन्दा उनीहरु पनि सन्तुष्ट छैनन्, न सेवाग्राही सन्तुष्ट देखिन्छन्। न कर्मचारीलाई काम लगाउने राजनीतिक नेतृत्व कर्मचारीबाट सन्तुष्ट छन्। यस्तो अवस्था के कारणले गर्दा आएको हो ?**

अहिले कर्मचारी पनि आफ्नो काम वा कार्यालयदेखि सन्तुष्ट छैनन्। राजनीतिक नेतृत्वलाई पनि कर्मचारीहरुको काम देखेर सन्तुष्ट छैनन्। कर्मचारीबाट काम लिनुपर्ने जनता वा सेवाग्राही सन्तुष्ट हुने कुरै भएन। यो अवस्थालाई कर्मचारी नेतृत्व, राजनीतिक नेतृत्व र जनताले पनि गम्भीर भएर सोच्नुपर्ने अवस्था रहेको छ। राम्रा काम गर्नुपर्ने कर्मचारीहरुलाई पुरष्कृत गर्नुपर्ने, नराम्रा काम गर्नुपर्ने कर्मचारीलाई दण्डित गर्नुपर्ने मुखले भन्ने आदर्श वाक्य मात्र रह्यो। यस वाक्यले कार्यरूप लिन सकेन। कार्यरूप लिन त्यही कर्मचारी संयन्त्र, त्यही राजनीतिक नेतृत्व, उही शक्तिकहाँ जानुपर्ने अवस्था रहन्छ। कर्मचारीले आफ्नो विकासका लागि राजनीतिक संरक्षण खोज्ने, राजनीतिक नेतृत्वले पनि आफ्नो राजनीतिक स्वार्थका लागि कर्मचारी संयन्त्र च्याप्ने प्रवृति निकै जरो गाडेर बसेको छ।

**कर्मचारी संयन्त्रबाट काम लिन पहुँच भएका चिनेका मान्छेको हारगुहार माग्नुपर्ने अवस्थाको अन्त्य कहिले होला त ?**

सर्वसाधारणले अहिले पनि कुनै कार्यालयमा जाँदा चिनेको मान्छे लिएर जानुपर्ने परम्परा रहेको छ। कुनै काम यसरी हुन्छ भनेर नागरिक बडापत्रमा लेखिएको छ। तैपनि चिनेको मान्छे लिएर जानुपर्ने भन्ने संस्कार रहेको छ। सेवाग्राहीलाई पनि चिनेको मान्छे लिएर गयो भनेर काम बन्छ भन्ने मानसिकता र संस्कार रहेको छ। सेवाग्राही सीधै गए काम हुँदैन कि भन्ने आशंका रहेको छ।

**अहिले सञ्चालन हुँदै गरेको स्थानीय तहलाई सफल बनाउन कर्मचारी संयन्त्रको भूमिका कस्तो रहनुपर्दछ ?**

स्थानीय तहको सफल कार्यान्वयनको कर्मचारी संयन्त्रको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ। लामो समयसम्मको केन्द्रिकृत शासन व्यवस्था, तल अधिकार निक्षेपण गर्न नचाहने प्रवृतिले स्थानीय तह शासन सञ्चालनमा केही समय जटिलता आउन सम्भावना म देखिरहेको छु। तर, अहिले यस्तै हुन्छ भन्न सकिन्न। हाम्रो शासन सञ्चालनको अभ्यास, संस्कार गर्दा केही समय प्रदेश वा स्थानीय तह पूरै सञ्चालन हुन गाह्रो रहेको छ। अहिले पनि एक खालको संक्रमणकाल नै रहेको छ। स्थानीय तह शासन सञ्चालनमा भएका कठिनाईहरु विस्तारै सुल्झिँदै जानुपर्दछ।

**अहिले कायम रहेका मन्त्रालय घटाउन हुन्न भनेर पनि कर्मचारी भित्रभित्रै लबिङ गरिरहेका छन्। यस्तो तरिकाले स्थानीय तह कसरी बलियो होला वा प्रदेश कसरी सञ्चालन हुनेछ त ?**

मन्त्रालय घटाउँदा त्यहाँ रहेका कर्मचारी कहाँ पुगिन्छ भन्ने प्रश्न नै हो। उनीहरुको जायज चासोलाई सम्बोधन गनुपर्दछ। समायोजन भएर जाने कर्मचारी पनि एक तह बढुवा हुनुपर्दछ भनिरहेका छन्। उता स्थानीय तहका कर्मचारी केन्द्रबाट आउने कर्मचारीलाई एक तह बढुवा गर्दा स्थानीय तहका कर्मचारीको पनि एक तह बढुवा गर्नुपर्ने भनिरहेको छ। यसले पक्कै पनि कठिनाई पैदा गर्नेछ। अर्कोतर्फ कर्मचारीको हकहित गर्न भनेर दलैपिच्छे विभिन्न संघ-संगठन क्रियाशील रहेका छन्। सरकारले आधारिकारिक ट्रेड युनियनको निर्वाचन त गरायो तर त्यो ट्रेड युनियनले आठौं ट्रेड युनियनको रूप लिएको छ। ट्रेड युनियनले पनि सरकारलाई सरुवा बढुवादेखि लिएर अनेक हिसाबले दबाब पैदा गरिहेको हुन्छ। यसले गर्दा कर्मचारीको राजनीतीकरण तीव्र गतिमा भइरहेको छ।

**जतिसुकै ऐन, नियम र कानुन ल्याए पनि निजामती सेवामा रहेको अनेक विकृति विसंगति किन नहटेको होला त ?**

सुशासन, सदाचार वा कर्मचारी सुधारसम्बन्धी थुप्रै प्रतिवेदन र ऐन नियमहरु रहेका छन्। कर्मचारीहरु ऐन, नियममा बाँधेर काम गर्नुपर्ने हुन्छ। त्यो सँगसँगै कर्मचारीको नैतिकतार व्यक्तिगत आचरण पनि महत्त्वपूर्ण हुने गर्दछ। ऐन, नियम र नैतिकताभन्दा पनि महत्त्वपूर्ण विषय मान्छेको नियत हो। ऐन नियम, सिद्धान्त पढेर, सुनेर सिक्न सकिन्छ। तर, नियत भनेको व्यक्तिमा निहित हुने कुरो हो। त्यो कहीं पढेर वा विदेश भ्रमण गरेर पाउन सकिन्न। कर्मचारी संयन्त्रको विकृति पनि यही नियत वा ऐन, नियमबीचको द्वन्द्व वा अनेमल नै हो। ऐन नियम सबै जानेको हुन्छ र कर्मचारी सुधारको गफ पनि हाँकिरहेको हुन्छ। तर, विदेश जाने वा पेन्सन पाउने लोभ वा अतिरिक्त कमाई हुने सवालमा त्यस्तै विरोधाभाष काम गरिरहेको हुन्छ। त्यसैले सबैभन्दा पहिला कर्मचारी संयन्त्रको नियत वा प्रवृति ठीक हुनु जरुरी रहेको छ। नियत सही र सफा छैन भनेर कानुनको लुप होल खोजेर उसले आफ्नो स्वार्थअनुकूल काम गर्ने हुन्छ। असल नियतले काम गर्ने कर्मचारीलाई सरकारले साथ र संरक्षण गर्नुपर्दछ। नेतृत्व तहमा पनि असल नियत भएका मान्छे पुग्नुपर्‍यो। अनि मात्र संरचना, संस्था सुधारको बाटोमा गइरहेको हुन्छ। नियत खोटो छ भने सुशासन ऐन ल्याएर कहाँ सुधार हुन्छ त ?

- मुख्यसचिव पदको गरिमा कायम सरकार र स्वयं मुख्यसचिव सुवेदीले पनि राख्न सकेनन्। सबैभन्दा चिन्ता र दु:खद् पक्षको कुरो नै यही हो।
- पेन्सनको लोभमा आफ्नो पदका गरिमा घटाउने वा नघटाउने भन्ने व्यक्तिको स्वतन्त्रतामा भर पर्दछ। मुख्यसचिव सुवेदीको सन्दर्भमा पेन्सनको लोभमा पदको गरिमा घटाएको भनेर पनि बुझ्न सकिन्छ।
- मुख्यसचिव जस्तो पदमा रहेका व्यक्तिले आफ्नो पद सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखेर काजमा मुख्यसचिव एडीबीको कार्यकारी भएर जानुभएकाले प्रश्न उठाउने धेरै ठाउँ रह्यो।
- आम कर्मचारीको मनोविज्ञान हेर्दा संघीयता भनेको नै उनीहरुलाई मनैपरेको छैन।
- मुख्य त कमाउने विभिन्न केन्द्र बनाइसकेका कर्मचारीहलाई प्रदेश वा स्थानीय तहमा अतिरिक्त कमाई हुने स्रोत बनाउनुपर्ने भएकाले पनि समायोजन भएर जान मन नलागेको हो।
- वास्तवमा स्थानीय तह, प्रदेश वा संघीयता कार्यान्वयन हुन नदिने पात्र नै कर्मचारी बन्ने खतरा रहेको छ।
- कर्मचारीहरु बढी अधिकारमुखी रहेका छन् भने कर्तव्यमुखी कमै रहेका छन्।
- विदेश भ्रमण गरेर आएका कर्मचारीको अनुभवले कार्यसम्पादनमा के-कस्तो प्रभाव पर्दछ भनेर विश्लेषण हुनु पनि जरुरी रहेको छ। समग्रमा भन्नुपर्दा विदेश भ्रमणलाई व्यवस्थित गर्नुपर्ने खाँचो रहेको छ।

# भानुको स्मृतिमा संगीत लहरी

भानु प्रतिष्ठान र सांस्कृतिक संस्थानको संयुक्त आयोजनामा शुक्रबार *भानु संगीत लहरी २०७४* सम्पन्न भएको छ। २ सय ४औं भानु जयन्तीको अवसरमा जमलस्थित राष्ट्रिय नाचघरमा *भानु संगीत लहरी २०७४* आयोजना गरिएको हो। प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीको प्रमुख आतिथ्य तथा शताब्दीपुरुष सत्यमोहन जोशीको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा भानुभक्त आचार्यदेखि वर्तमान पुस्तासम्मका दश कविहरूका छन्दमा आबद्ध कवितो वाचन पनि गरिएको थियो।

सो अवसरमा भानुभक्त आचार्यको *एक दिन नारद*, लक्ष्मीप्रसाद देवकोटाको *प्रश्नोत्तर*, माधवप्रसाद घिमिरेको *गौरी खण्डकाव्य*का केही अंश, भानुभक्त आचार्यकै *भरजन्म*लाई नाचघरका कलाकारहरूले गाएर प्रस्तुत गरेका थिए। त्यसै गरी लेखनाथ पौडेलको *चरीको विलाप* र प्रभा भट्टराईको छन्दलाई गायिका लोचन भट्टराईले गाएर प्रस्तुत गरेकी थिइन्। त्यस्तै सिद्धिचरण श्रेष्ठको *परिचय*लाई रूपक चौधरी, डा. रामप्रसाद ज्ञवालीको *चाहिँदैन*लाई दामोदर अधिकारी, डा. देवी नेपालको *बुद्धको देशलाई* तुलसी पराजुली र भानुभक्तकै *अमरावति*लाई एम्बिसन एकेडेमीका विद्यार्थीहरूले गाएर प्रस्तुत गरे। *चाहिँदैन* शीर्षकको कवितामा अर्जुन पोखरेलले संगीत भरेका थिए भने अन्य नौ कवितामा गायिका लोचन भट्टराईले संगीत तयार पारी गीतका रूपमा प्रस्तुत गराएकी थिइन्।

कार्यक्रममा विशेष अतिथि जोशीले भानुको योगदान नेपाली भाषामा अतुलनीय रहेको चर्चा गर्दै संगीतले नै सबैलाई एकसूत्रमा बाँध्न प्रेरित गर्नेमा जोड दिए। त्यस्तै अर्का प्रमुख अतिथि प्रधानन्यायाधीश पराजुलीले सूर्य र भानु एकै भएको भन्दै नेपाली भाषाको अस्तित्वसँग भानुभक्त जोडिएको चर्चा गरे। गायिका लोचन भट्टराईले छन्द गायनलाई तालवादनसहित प्रस्तुत गर्ने क्रममा आफूले ह्रस्व, दीर्घ र विश्रामलाई विशेष प्राथमिकता दिएको बताइन्। सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले २ वर्ष अघिबाट संस्थानले भानु जयन्तीमा विभिन्न कविहरूको छन्द कविलाई गीतसंगीतमा उतारेर प्रस्तुत गर्दै आएको जानकारी गराए। कार्यक्रमको संयोजक गायिका लोचन भट्टराई र डा. देवी नेपाल रहेका थिए।





# यसरी टुट्यो दीपिका र सिद्धार्थको प्रेम

बलिउड नायिका दीपिका पादुकोणले बलिउडमा पाइला राखेसँगै उनी केही हिरोहरूसँग रिलेसनमा पर्दै आएकी छिन्। जसको लिस्टमा निहार पान्ड्यादेखि युवराज सिंहसमेतको नाम सामेल छन्।

दीपिकाको यिनै ब्वाइफ्रेन्डहरूमा सिद्धार्थ माल्या पनि एक थिए। बिजनेस टाइकुन विजय माल्याको छोरा सिद्धार्थ तथा दीपिका करिब २ वर्षसम्म रिलेसनमा थिए। सन् २०११ मा आईपीएलको दौरानमा सिद्धार्थ दीपिकाको साथ देखिन्थे। दुवैबीचको प्रेम त्यो बेला पोखियो, जब आईपीएल म्याचका दौरान सिद्धार्थले सबैका सामु दीपिकालाई लिपलक गरिदिए। उनीहरूको यो प्रेम क्यामेरामा कैद भयो। सिद्धार्थका पिता वियजले समेत यो सब देखे।

दीपिका र सिद्धार्थको यो लिपलकले बलिउडमा खलबली मच्चाइदियो। त्यसपछि त यो जोडीलाई सायद झनै सजिलो भयो। उनीहरू हरेक क्रिकेट म्याचमा सँगै देखिन थाले र खुलेर घुमघाम गर्न थाले। उनीहरू सोसल मिडियामा पनि जमेर फोटो पोस्ट गर्थे। उनीहरू दुवैले मिडियाको सामु पनि आफूहरूबीचको प्रेम सम्बन्ध स्वीकारेका थिए। तर एक दिन अचानक दीपिका र सिद्धार्थबीच ब्रेकअपको खबर आयो। हर कोही मानिसहरू उनीहरूको ब्रेक अपको कुरा सुनेर छक्क परे।

एक भारतीय दैनिकसँगको अन्तरवार्तामा दीपिकाले आफ्नो ब्रेकअपको बारेमा केही कुराहरू शेयर गरेकी छिन्। जुन मानिसहरूलाई छक्क पार्ने खालको छ। दीपिकाले सो दैनिकलाई बताएअनुसार सिद्धार्थ र उनीबीच क्लास र स्ट्याटसको कारण सम्बन्धमा समस्या आएको थियो। उक्त समय दीपिका उदयीमान नायिका थिइन् भने सिद्धार्थका पिता विजय लोन डिफल्टर भएकाले फसेका थिए। मिडिया रिपोर्टका अनुसार एकपटक सिद्धार्थ दीपिकासँग बेङ्लोरस्थित ताज होटलमा गएका थिए। उनले त्यहाँको सारा बिल दीपिकालाई तिर्न भनेका थिए।




# कलाकृतिको प्रदर्शनी

आधा दर्जन कलाकार आफ्ना सिर्जनाका साथ प्रदर्शनीमा उत्रेका छन्। विवेक श्रेष्ठ, विपीन महर्जन, रविनकाजी शाक्य, राजेन्द्र बुढामगर, रोशन महर्जन र सुरज पौडेलका कलाकृतिको यो प्रदर्शनीलाई *प्रदर्शनी* नै नाम दिइएको छ। प्रदर्शनी बबहरमलस्थित नेपाल आर्ट काउन्सिल सम्पन्न भएको छ।

प्रदर्शनीमा प्राकृतिक दृश्य, मानवीय जीवनका विविध आयाम र परिवेश झल्किने विषयवस्तु, पर्यावरण र वातावरण प्रदूषण, संस्कृति तथा प्राकृतिक सौन्दर्यलाई कलाकारले कलात्मक रूपमा क्यानभासमा उनेका छन्।

'हामीले विविध थिम र परिवेश झल्कने कला प्रदर्शनीमा राखेका छौं। कलामा सपना र विपनाका विषयलाई रङमार्फत् अभिव्यक्त गर्ने कोसिस गर्दै कलात्मक सौन्दर्य चेत भर्ने प्रयत्न हाम्रो हो' -प्रदर्शनीमा सहभागी कलाकार रविनकाजी शाक्य भन्छन्। अर्का सहभागी कलाकार विवेक श्रेष्ठ भन्छन्- 'कला हामीभित्रको अनुभूतिलाई व्यक्त गर्ने सशक्त माध्यम भएकाले चित्रमार्फत् समाज, प्रकृति र संस्कृतिका विषयलाई उतारेका छौं।' प्रदर्शनीमा कलाकार विपीन महर्जनले मुहारचित्रमार्फत् संस्कृति र मानवीय चरित्रलाई कलात्मक रूपमा चित्रण गरेका छन्। मानिसका सुनौला सपनाका विषयलाई कलाकार रविनकाजी शाक्यले क्यानभासमा उधिनेका छन्। उनले बनाएका मूर्ति पनि प्रदर्शनीमा राखिएको छ। वातावरण प्रदूषणका कारक तत्त्वलाई निकै कलात्मक रूपमा राजेन्द्र बुढामगरले क्यानभासमा उतारेका छन्। मोबिल, फ्याँकिएका फोहोर वस्तुलाई प्रयोग गर्दै बुढामगरले कला रचना गरेका हुन्।

मानिसमा रहेको आशक्ति भावलाई निकै ओजपूर्ण रूपमा अर्का कलाकार रोशन महर्जनले चित्रमा अभिव्यक्त गरेका छन्। धर्म, संस्कृति तथा समाजका विविध आयाम र परिवेशलाई महर्जनले चित्रमा प्रस्तुत गरेका छन्। कलाकार सुरज पौडेलले प्राकृतिक सौन्दर्यलाई आकर्षक रूपमा प्रस्तुत गर्दै जंगल र त्यसको महत्त्वलाई उजागर गरेका छन्। कल्पनाका दृश्यचित्रमा जंगल र हरियाली परिवेशको खोज पौडेलका कलामा देख्न सकिन्छ। पाँचदिने कला प्रदर्शनी शनिबार समापन भएको छ।



# संगीतमा कुलकुल

गीतकार गोविन्दराज शिवाकोटीको एकल शब्दरचना र गायक कृष्ण भट्टराईको एकल स्वर रहेको गीति अडियो एल्बम *कुलकुल*को राजधानीमा आयोजित एक कार्यक्रमका बीच गीतकार रत्नशमशेर थापाले सार्वजनिक गरेका छन्। कार्यक्रममा गीतकार संघका अध्यक्ष चूडामणि देवकोटा, संगीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारीलगायतले सार्वजनिक एल्बम र त्यसका गीत संगीतबारे चर्चा गरेका थिए। प्रमुख अतिथि गीतकार रत्नशमशेर थापाले गायक भट्टराई राम्रो प्रतिभा भएको उल्लेख गर्दै गीतकार शिवकोटीका शब्दहरूमा पनि फरकपन पाएको बताए।

एल्बमभित्र *कुलकुल, आज फेरि, तिमीलाई नदेख्दा, आज फेरि* बोलका ३ गीत संगृहित छन्। जसमा शंकर थापा, अर्जुन पोखरेल र धनु ग्याङ्मीले संगीत दिएका छन्। एल्बमको शीर्ष गीत *कुल कुल*माथि म्युजिक भिडियो पनि निर्माण गरिएको छ। जसमा विनोद न्यौपाने र वर्षा राउतले मोडलिङ गरेका छन्



कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू:




सर्वत्र बजारमा उपलब्ध छ

**दीपक दीपाले किन लिएनन् अवार्ड?**

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।

# विचार

अन्याय सहनुभन्दा अन्याय गर्नु राम्रो हो, तर कसैले पनि यो सिद्धान्तलाई स्वीकार गरेका हुँदैनन्।
- अरस्तु

नयाँ संकटपछि मात्र नयाँ प्राप्तिको प्रादुर्भाव हुन सक्छ।
- फ्रेडरिक एङ्गेल्स

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

## पानीको स्रोत सुरक्षित बनाऊ

पानीबाट फैलने रोग ८० प्रतिशतका हाराहारीमा हुन्छ भन्ने विषयमा सरकार अनभिज्ञ छैन । तर, खानेपानी विक्रेताको लापरबाहीलाई रोक्न सरकारले खासै ठोस कदम चालेको पाइँदैन । राज्य संयन्त्रको कमजोरीको फाइदा उठाउँदै पानी विक्रेता मुनाफा कमाउन पल्किएपछि काठमाडौं उपत्यकामा हरेक वर्ष हजारौं व्यक्ति झाडापखाला, आउँ, टाइफाइड, जन्डिस, निमोनिया जस्ता थुप्रै रोगको शिकार बन्ने गरेका छन् । उपत्यकाका ३ वटै जिल्लामा खानेपानी प्रदूषित भएकै कारण जुनसुकै समयमा हरेक प्रकारका रोग फैलन सक्ने विज्ञहरुको ठहर छ ।


जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंले गरेको पछिल्लो एक अनुसन्धानमा काठमाडौंमा वितरण भइरहेको पानीमा स्वास्थ्यमा प्रतिकूल असर पार्ने ब्याक्टेरिया ७० प्रतिशतभन्दा बढी फेला परेको डरलाग्दो तथ्यांक सार्वजनिक भएको छ । उपत्यकाका विभिन्न १७ अस्पतालमा केही समयअघि गरिएको एक दिनको सर्वेक्षणाका क्रममा झाडापखाला, आउँ, रगत, टाइफाइड, जन्डिसका २५ बिरामी फेला परेका थिए । गत जेठ महिनामा मुलुकभर झाडापखालाका बिरामी मात्रै २ हजारको हाराहारीमा फेला परेको चिकित्सकहरु स्मरण गर्छन् । दूषित पानीका कारण त्यस्तो समस्या बल्झिने बताइन्छ ।

काठमाडौं उपत्यकाको पछिल्लो समस्या दूषित पानीकै कारण बढेको पुष्टि भएको छ । पानीको मुहान क्षेत्र वरपर माछा, बंगुर, सुँगुर पालिने गरेकाले पानीका स्रोत सुरक्षित बन्न नसकेको काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) ले स्वीकारेको छ। ललितपुरको शेषनारायणको मुहान क्षेत्रमा स्थानीयले माछा पालेका र नल्लु खोलाको पानीको स्रोत नजिकको जग्गा भाडामा लिएर बंगुर फर्म चलाइएकाले समस्या भएको बताइएको छ । त्यसै गरी पानीको मुहानमाथिबाट खनिएका सडक र सडकमा गुड्ने गाडीले पनि प्रत्यक्ष/अप्रत्यक्षरूपमा पानीको स्रोत सुरक्षित बन्न सकेको छैन। मुहानमा माटोसहितको लेदो र हिलो धमिलो पानीको मात्रा मिसिँदा समस्या बढेको छ ।

खानेपानीको विषयलाई संविधानले प्रस्टरूपमा नागरिकको मौलिक अधिकारको रूपमा व्याख्या गरेको छ । यससँगै शुद्ध खानेपानी वितरणका लागि राष्ट्रिय खानेपानी मापदण्ड २०६२ ले स्पष्ट व्यवस्था तोकेको छ। सो मापदण्डले जीवाणुरहित फिजियो केमिकल प्यारामिटर र ब्याक्टेरियोलोजी केमिकलरहित पानी मात्र खान योग्य हुने भनेर परिभाषित गरेको छ। सोही व्यवस्थाअनुसार केयूकेएलले विगत ३ महिनाअघिदेखि पानीको मुहान तथा नमुना परीक्षण गरेर पानी ओसार्ने ट्यांकरलाई स्टिकरको व्यवस्थासमेत तोकेको छ । पिउनयोग्य पानीलाई नीलो स्टिकर, घरायशी प्रयोजन र उमालेर मात्र खान योग्यलाई हरियो र निर्माण तथा सरसफाइमा मात्र प्रयोग गर्न मिल्नेलाई पहेंलो स्टिकर दिएर वितरण गर्ने अभ्यास शुरु भएको केयूकेएल पदाधिकारी बताउँछन् ।

सो निकायले अघि बढाएको यस्तो अभियान प्रभावकारीरूपमा अघि बढाइयो भने त्यसले पक्कै पनि राम्रै नतिजा दिन्छ। तर, पानीको स्रोत र मुहान नै जीवाणुरहित र सुरक्षित नभएको अवस्थामा त्यो अभियानमाथि प्रश्न चिह्न खडा हुन्छ। त्यसैले मुहान क्षेत्र सुरक्षित बनाइनुपर्छ, स्रोत दूषित बनाउने व्यक्ति र निकायमाथि कारबाही गर्न ढिलो गर्नुहुँदैन। अहिले दूषित भेटिएका मुहान क्षेत्र मात्र होइन, अन्यत्रका स्रोतमा समेत अनुगमन गर्न जरुरी छ। राज्य गम्भीर बन्नै पर्छ।

# चुनावी परिणाम र यथार्थता



दीर्घराज प्रसाई

"विदेशीहरुको आडमा देशभित्र परिवर्तन गराउन खोज्नु कुनै पनि राष्ट्रको सार्वभौम सत्तामाथिको प्रहार हो। नेपालजस्तो सानो राष्ट्रमा एक नेपाली जाति भएर देशको शक्ति देखाउनुपर्नेमा संघीय, जातिवाद, क्षेत्रवादको साम्प्रदायिक मुद्दा झिकी आपसमा भिडन्त गराएर देशको यो अधोगति भएको कुरा हामीले भुल्नुहुन्न। अब नेपालको स्थायित्व र सार्वभौम एकता कायम गराउन सशक्त हुनुपर्ने अवस्था आएको छ।"

कुनै पनि प्रजातान्त्रिक राष्ट्रका लागि राज्य सञ्चालन गर्नका लागि सुयोग्य जनप्रतिनिधिको आवश्यकता पर्दछ। त्यसका लागि निष्पक्ष, धाँधलीरहित निर्वाचन नै हो। नेपालमा २०६३ सालपछिको राजनीति गञ्जागोलको कारणले गाउँ, नगर र जिल्ला स्तरको निर्वाचन हुनसकेको थिएन। २०७४ साल वैशाख ३१ र जेष्ठ १४ गते गाउँ तथा नगरपालिकाहरुको निर्वाचन सम्पन्न भयो। यो निर्वाचन उपलब्धिको रूपमा देखापरेको छ। यी दुवै निर्वाचनमा जनताको सहभागिता देख्दा अब बाँकी रहेका क्षेत्रका निर्वाचनमा पनि जनताको सहभागिता अत्यधिक हुनसक्छ भन्न सकिन्छ। २० वर्षदेखि निर्वाचन नभइरहेको अवस्थामा नेपाली जनताले कुनै संविधानलाई स्थापित गर्न वा सत्तासीन कांग्रेस, माओवादी र एमालेको भनाइमा लागेर जनता निर्वाचनमा होमिएका होइनन्। २० वर्षदेखि गाउँ र नगरक्षेत्र जनप्रतिनिधिविहीन भएकाले आफ्ना गाउँ र नगरमा जनप्रतिनिधि छान्नमा सक्रिय भएका हुन्। नेपाली जनतालाई थाहा छ कि बितेको १० वर्षदेखि नेपालको अधोगति हुँदो छ। माओवादी कांग्रेस, एमाले जो-जो सत्तामा आए तापनि नेपाल र नेपाली जनताको हितमा एउटा पनि काम गरेनन् र गर्न चाहेनन्। माओवादी, कांग्रेस, एमालेका नेताहरुबाट २०६२ साल मंसिर ७ गते भारतको दिल्लीमा १२ बुँदे सहमतिमा हस्ताक्षर गरेर भारतकै सहयोगमा २०६२/०६३ को जनआन्दोलन भयो। जन आन्दोलनले उग्ररूप लिन थालेपछि राजा ज्ञानेन्द्रबाट बार्ता गर्न आह्वान भयो। २०६३ साल वैशाख ११ गते २०४७ सालको संविधानअनुसार बिघटित प्रतिनिधिसभा व्युँताउने, संवैधानिक राजतन्त्र, संसदीय व्यवस्था कायम राख्ने सर्तमा राजासँग सम्झौता भई जनआन्दोलन विसर्जन भयो। आन्दोलनका नेतृत्व गरेका गिरिजाप्रसाद कोइरालाले नारायणहिटी राजदरबारको पटाङ्गिनीमा राजा ज्ञानेन्द्रबाट प्रधानमन्त्रीको शपथग्रहण गरी २०४७ सालको संविधानअनुसार मन्त्रिमण्डल गठन भई राज्य सञ्चालन हुन थालेको थियो।

यसैको सन्दर्भमा २०४७ सालको संविधानअनुसार २०६३ साल जेष्ठ ४ गते राजाको जेठो छोरा नजन्मी जेठी छोरी जन्मेमा उनलाई राज्य सिंहासनमा आरोहण गराउन सकिनेछ भन्दै संवैधानिक राजतन्त्रलाई निरन्तरता दिलाउन संसद्बाट संसदीय घोषणा भयो। तर, पछि क्रमिकरूपमा राजासँग भएको सम्झौतालाई धोका दिएर विदेशीको इशारामा राजाबाट प्रधानमन्त्रीको शपथग्रहण गरेका गिरिजाप्रसादले आफै राष्ट्रप्रमुख बनेर नेपालका स्थापित मान्यता, पहिचान विस्थापित गर्दै जसरी हुन्छ सत्तामा रहिरहने खेलमा लागे। राज्य व्यवस्थामा राजनीतिक विश्लेषणको ठूलो महत्त्व हुन्छ। राजनीतिक विश्लेषणको मतलव हो- राजनीतिक व्यवस्थाभित्रका राम्रा र गलत कुराहरुको छानविन गरी सही बाटो अवलम्बन गर्नु। तर, यो अवधिमा नेपालका पार्टीका नेताहरुले राजनीतिक विश्लेषणबिना एकछत्र अधिनायकवादी शैलीमा शासन चलाएर देशको अधोगति गराएको कुरा घाम जत्तिकै छलङ भइसकेको छ।

स्थानीय निर्वाचन संघीयतासँग सम्बन्धित छ वा छैन त्यसको पनि सरोकार जनताले राखेनन्। नेपाली जनताको चहाना हो, स्थानीय जनप्रतिनिधिहरु निर्वाचित गराएर दैनिक काम कारबाहीमा सहज वातावरण कायम गर्नु। स्थानीय तहमा जनप्रतिनिधिहरुको निर्वाचन नभएको अवस्थामा तराईलाई नेपालबाट टुक्र्याउन अंगिकृत नागरिक मधेसीहरुले 'एक मधेस एक प्रदेश' को माग गरेर तराईका मूलबासीलाई दिग्भ्रमित बनाएका थिए।

मधेसको नाममा हत्या हिंसाबाट कैयौं नागरिकहरु हताहत पनि भए। मधेसीहरु नेपाल टुक्र्याउन धम्की दिइरहेका थिए। देश विखण्डन भए पनि होस् भन्ने आसयबाट ग्रसित माओवादी नेता प्रचण्ड तथा कांग्रेसका शेरबहादुर देउवा सक्रिय भएर मधेसीका तथाकथित मागहरु पूरा गरेर सत्ता लम्ब्याउने दाउमा सक्रिय पनि थिए। तर, यो निर्वाचनले तराईका मूलबासीले मधेसीलाई नांगो बनाइदिए। यो निर्वाचनबाट अखण्ड नेपाललाई टुक्र्याउन कुनै पनि दलालहरुले सक्तैनन् भन्ने कुरा तराईका मूलबासीले प्रमाणित गरिदिए। अतः यसलाई उपलब्धिको रूपमा मान्नुपर्छ। स्थानीय निर्वाचनको उपलब्धिमध्ये राष्ट्रवादी विचारले यो पटक धेरै महत्त्व पायो।

निर्वाचन गराउन सक्रिय भएका माओवादी, कांग्रेस भारतीय लगाममा फसेको हुँदा नेपाली जनताले माओवादी र कांग्रेसलाई समर्थन गरेनन्। निर्वाचन गर्न सक्रिय भूमिका खेल्ने माओवादी र कांग्रेसीमाथि जनताको विश्वास भएको भए सबैभन्दा धेरै मत पाउथे। तर, जनताले विश्वास गरेनन्। माओवादी कांग्रेसको जे-जति भोट आयो त्यो कार्यकर्ताले आफूले लगानी गरेको पार्टी नछोड्ने बाध्यताको कारणले मात्र त्यति भोट आएको हो। कांग्रेस, माओवादीले आफूले गरेका गलत कार्यहरुमा सुधार गरेनन् भने भोलिका दिनमा उनीहरुको अवस्था राप्रपाभन्दा गएगुज्रेको हुनेछ।

एमालेले स्थानीय निर्वाचनमा एक नम्बरको पार्टीको स्थान लियो। राप्रपा किन जनताबाट बढारियो र स्थानीय निर्वाचनमा एमाले किन एक नम्बरमा आयो ? यसको एउटै जवाफ छ- एमालेको रुाष्ट्रियताको अडान। राप्रपा घातक अवसरवादी बनेर आफूले बोकेको संवैधानिक राजसंस्था र हिन्दु अधिराज्यको नीतिलाई छोडेर गणतन्त्र र धर्मनिरपेक्षको बाटोमा हिँडेकाले जनताले राप्रपालाई प्रतिक्रियावादी पार्टी ठानेर अधिकांश राप्रपाका समर्थकहरु, राष्ट्रवादी, राजावादीहरुले एमाले राष्ट्रवादी धारमा उभिएको र तराई विखण्डन गराउन खोज्ने मधेसीको विरुद्ध अखण्ड नेपालको पक्षमा उभिएकाले एमालेलाई आफ्नो मत हालेका हुन्।

यस हिसावले राप्रपा सिद्धान्तच्यूत भएकाले राप्रपालाई पतन गराए। राप्रपाले नेपालगन्ज नगरपालिकामा धवल शमशेरप्रतिको विश्वास र अन्य कुनै नगर र वडामा विजय हासिल गरेको कुरा धादिङका बुद्धिमान तामाङ, झापाका राजेन्द्र लिङ्देन, पाँचथरका पद्मसुन्दर लावतीका छोरा सगुन लावती जस्ता हस्तीहरुका कारणले राप्रपाको सिद्धान्तलाई बचाउन खोजेका हुन्। त्यस्तै सत्तामा रहेका बेलामा नेपालका पहिचान, मान्यता र प्रतिष्ठामाथि आक्रामक बनेका बाबुराम भट्टराईको नयाँ शक्ति पार्टीलाई पनि जनताले पताल भसाइदिए। क्रिस्चियनलगायत विदेशीहरुले स्थानीय निर्वाचनमा आफ्नो पकड जमाउन जति खर्च गरे त्यो सबै व्यर्थ हुन गयो। राजनीतिमा सिद्धान्तच्यूतहरुको कुनै स्थान हुँदैन भन्ने कुरा यो स्थानीय निर्वाचनले देखाइदिएको छ।

माओवादी र कांग्रेसले जबरजस्त पुराना स्थापित संरचना अध्ययन नै नगरी बिगारेकाले केही अन्योल सिर्जना भएको छ। एमालेका नेताहरुले पटक-पटक पाँच विकास क्षेत्रलाई नै प्रदेश बनाउनुपर्छ भन्ने आवाज निकाले तापनि त्यो पनि फास्सफुस्स भयो। नेपालका ७५ जिल्ला, १४ अञ्चल ५ विकास क्षेत्र तथा गाउँ विकास समिति, नगरपालिका संरचना ध्वस्त पारेर अनावश्यकरुपमा संघीयताको नाममा नेपाल असफल राष्ट्र बनाउन माओवादी, कांग्रेस लागेका थिए। लगभग ३ करोड जनसंख्या भएको जन्मदैको एकीकृत नेपालमा संघीयताको रोग भित्र्याएर नेपाल टुक्र्याउने परिपाटी थियो। नेपालका ७५ जिल्ला, १४ अञ्चल ५ विकास क्षेत्रबाट देश निर्माणमा कुनै बाधा व्यवधान थिएन। त्यसको अध्ययन नै नगरी बडो वैज्ञानिकरूपमा विशेषज्ञहरुबाट गहन अध्ययनका साथ तयार गरिएका पुराना संरचनाहरु पनि भत्काएर नयाँ संरचनाहरुलाई पनि कार्यान्वयन गर्न नसक्ने माओवादी कांग्रेसको पालैपालो सत्ता कब्जा गरिरहने खेलको भण्डाफोर गरिदिएका छन्।

अब सत्तासीनहरुले विदेशीको बलमा नेपाललाई प्रयोग गरेर सत्तामा टाँसिरहने अवस्था अब छैन। संघीयताका पक्षधर अंगीकृत मधेसीहरुले तराईका क्षेत्रहरुलाई पहाडसँग मिल्न नदिएर तराईको समस्त क्षेत्रलाई छुट्टै मधेस प्रदेशका लागि संविधान संशोधन गर्न आन्दोलित थिए। संविधान संशोधन गरेर भौगोलिकरूपमा तराईलाई छुट्टै प्रदेश नबनाइन्जेलसम्म निर्वाचन हुन नदिने अडानमा अंगिकृत मधेसीहरु चम्किरहेका थिए। चौतर्फी घेराबन्दी गरेर राष्ट्र विखण्डन गराउन तातेका मधेसीलाई पनि तराईका मूलबासीले सवक दिएका छन्। यस हिसाबले अब तराईमा मधेसीको हौवा सिद्धिन पुगेको छ। स्थानीय निर्वाचनले नेपाल अधिराज्यका स्थापित संरचना भत्काएर तथालिङ बनाउने सोचेका थिए, त्यो जनताले असफल बनाइदिएका छन्।

अब अझै विखण्डनकारी, भ्रष्टहरुको विरुद्ध तमाम देशभक्त शक्तिहरुले अझै संघर्षरत हुनुपर्ने बेला छ। बितेका १० वर्षमा नेपाल र नेपाली जनताले के-के पाए ? माओवादी, कांग्रेस, एमालेका नेताहरुले त्यसको जवाफ दिनुपर्छ। विदेशीहरुको आडमा देशभित्र परिवर्तन गराउन खोज्नु कुनै पनि राष्ट्रको सार्वभौम सत्तामाथिको प्रहार हो। नेपालजस्तो सानो राष्ट्रमा एक नेपाली जाति भएर देशको शक्ति देखाउनुपर्नेमा संघीय, जातिवाद, क्षेत्रवादको साम्प्रदायिक मुद्दा झिकी आपसमा भिडन्त गराएर देशको यो अधोगति भएको कुरा हामीले भुल्नुहुन्न। अब नेपालको स्थायित्व र सार्वभौम एकता कायम गराउन सशक्त हुनुपर्ने अवस्था आएको छ। नेपालको राष्ट्रियतालाई एकताको सूत्रमा बाँध्न सक्ने राजसंस्था र तराई, पहाड र हिमालय क्षेत्रलाई एकताबद्ध गर्न सक्ने हिन्दु अधिराज्य यथावत् कायम रहनुपर्छ, यसो भएपछि यो 'सुन्दर, शान्त, विशाल' नेपाल युगयुगान्तरसम्म बाँचिरहन सक्छ।

## पाठक पत्र

### सूचनाको हक प्रत्याभूति भएन

नेपालको संविधानले सूचनाको हकको प्रत्याभूति गरेको छ। सूचनाको हक व्यवहारमा छैन। सार्वजनिक निकायको कुनै पनि विषयमा सूचना पाउने हक नेपालको संविधानले नै ग्यारेन्टी गरेको अवस्था हो। आर्थिक अनुशासन र सुशासनका मुख्य आधार जवाफदेहिता र पारदर्शिता हो। पारदर्शिताले जवाफदेही बनाउन। त्यसैले सार्वजनिक निकायका सार्वजनिक महत्त्वका सबै सूचना नागरिकको पहुँचमा हुनुपर्छ। तर, अफसोस, अझै पनि सार्वजनिक महत्त्वका निकायले सकेसम्म सूचना लुकाउने प्रयास गर्छन्। उनीहरुले गरेका आर्थिक कारोबारो तथा निर्णयहरु सकेसम्म कसैलाई दिन चाहन्नन्। उनीहरुबाट सूचना लिनु आम नागकिरलाई निकै कठिन हुन्छ।

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई सार्वजनिक निकायको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक दिएको छ। सूचनाको हक पाउनु नागरिकको मौलिक अधिकार पनि हो। नागरिकको सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ ले व्यवस्था गरेको छ। सूचनाको हकसम्बन्धी ऐन र निमावलीले हरेक नागरिकलाई सार्वजनिक महत्वको सूचना पाउने ग्यारेन्टी गरेको छ। सार्वजनिक निकाय, राजनैतिक दल, गैरसरकारी संघ-संस्था र कानुनद्वारा स्थापित भएका सबै निकायले आ-आफ्नो कार्यालयको सूचना विवरण ३-३ महिनामा सार्वजनिक गर्नुपर्ने ऐनले व्यवस्था गरेको छ। यसै गरी सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्त्वको सूचना नागरिकको पहुँचलाई सरल सहज बनाउन राष्ट्रिय सूचना आयोगको समेत स्थापना गरिएको छ। ऐनमा व्यवस्था गरिएको यो प्रावधान सार्वजनिक महत्त्वका निकायले कार्यन्वयन गरेका पाइँदैन। बरु उल्टै सूचना लुकाउने हर सम्भव प्रयास गरेका हुन्छन्।

सार्वजनिक निकायबाट सञ्चालन गरिएका कार्यक्रमलाई व्यवस्थित र पारदर्शी बनाई सरकारी योजना तथा कार्यक्रमको कार्यन्वयन स्वतन्त्र निष्पक्ष र विश्वसनीय बनाउन नागरिकलाई सूचना प्रवाह गर्नमा सरकारी तथा सार्वजनिक निकायको भूमिका अझै पनि गैर जिम्मेवरीपूर्ण छ। नागरिकको सूचनाको हक उनीहरुले बुझेको देखिन्न, या बुझेर पनि नबुझेको गरेका हुन्छन्। यतीसम्म कि सार्वजनिक निकायहरु कार्यालयको फछ्र्यौट गर्न बाँकी रहेको बेरुजु, राजस्व बक्यौता पेस्की बेरुजु, लेखा परीक्षण बक्यौतासमेत सार्वजनिक गर्न हिचकिचाउँछन्। यसै गरी कार्यालयको काम कारबाहीको समेत सार्वजनिक गर्न सार्वजनिक निकाय हिचकिचाउने गर्छन्।

यस्तो परम्परा ठूल्ठूला आयोजनाहरुले पनि दोहऱ्याउने गर्छन्। सानो होस् या ठूलो, आफ्नो कार्यालयको विवरण दिन सकेसम्म हिचकिचाउने नै गर्छन्। अधिकांश ठूला आयोजनाहरुले प्रारम्भिक सम्भाव्यता अध्ययनको प्रतिवेदन नै सार्वजनिक गर्दैनन्। पीडिएसम्बन्धी कागजात र विवरणहरु उनीहरुले लुकाउने गर्छन्। नागरिकले मागेमा अनेक कारण देखाएर लुकाउने प्रयास गर्छन्।

आयोजना, तथा सरकारी कार्यालयहरुमा हुने अनियमितता तथा कमी-कमजोरीहरु विवरण उनीहरुले दिन मान्दै मान्दैनन्। त्यसमा पनि भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती जस्ता विषयहरु सार्वजनिक महत्त्वका निकायले सूचना सार्वजनिक गर्न चाहँदैनन्। अहिले यो ठूलो समस्या भएको छ। सूचनाको हक नागरिकसम्म पुऱ्याउन स्थापित राष्ट्रिय सूचना आयोगले पनि यतातिर त्यति काम गरेको देखिन्न। सरकारी निकायको भ्रष्टाचारी मानिसकतालाई खोई राष्ट्रिय सूचना आयोगले उदांगो बनाएको ?

तैपनि सूचनासम्बन्धी अधिकार ग्यारिन्टी गर्न काम नै नभएका भने होइनन्। राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी समय समयमा जिल्ला-जिल्लामा गोष्ठी सेमिनार गर्दै आएको छ। सूचनासम्बन्धी अभिमुखी कार्यक्रम गर्नेदेखि बुलेटिन निकाल्ने कामसमेत आयोगले गर्ने गरेको छ। सरकारका सबै मन्त्रालय, राजनैतिक दल, बैंक तथा वित्तीय संस्था, विश्वविद्यालय, आयोग, आयोजना, कम्पनी र गैरसरकारी संघ-संस्थालाई सूचना सार्वजनिक गर्न परिपत्र गर्ने र सार्वजनिक सूचनामार्फत् जानकारी गराउने गरेको देखिन्छ। यसै गरी स्थानीय तहमा प्रमुख जिल्ला अधिकारीलाई सूचना मागेमा सूचना दिन तथा छुट्टै अभिलेख राख्न प्रजिअलाई अधिकार प्रत्यायोजन गर्न परिपत्र गर्नु सकारात्मक काम हो। यसै गरी अनलाइन मार्फत् सूचना माग्ने र पाउने व्यवस्था मिलाउनु र कानुनले प्रदान गरेको सूचनाको हक अधिकतम उपयोग गर्न आयोगले आम नागरिकलाई सार्वजनिकरूपले आह्वान गर्नु पनि सकरात्मक विषय हो।

तर पनि सूचना उपलब्ध नगराउने निकाय, मन्त्रालय, सवैधानिक आयोग, विभाग, कार्यालय, विश्व विद्यालय, प्रतिष्ठान, कम्पनी, बैंक तथा वित्तीय संस्था, गैरसरकारी संघ-संस्थाका प्रमुख र सूचना अधिकारीसँग सूचना माग गर्दा सूचना लुकाउनुपर्छ भन्ने कर्मचारी तन्त्र हावी भएको हुदा यो अधिकार नागरिले पाउन कठिन भइरहेको छ। यतिसम्म कि, सूचना आयोगले सूचना उपलब्ध गराउनू भनी आदेश कार्यान्वयन गर्न परिपत्र गर्दासमेत वास्तविक सूचना उपलब्ध गराउने गरिएको छैन। यसै गरी सूचना उपलब्ध नगराउने कार्यालयका प्रमुख र सूचना अधिकारीलाई जबसम्म दण्ड जरिवाना, निलम्बन विभागीय कारबाही, सरुवा बढुवा र वृद्धिविकासमा असर पार्ने खालको कारबाही सूचना आयोगले कारबाही गर्न सकेको छैन। यसले पनि सूचना दिनुहुँदैन भन्नेहरु हावी भएका छन्। सूचना लुकाउनेहरुलाई सूचना आयोगले कारबाही गर्न सकेको भए सूचनाको अधिकारको ग्यारिन्टी हुने थियो।

सूचनाको हक हरेक नेपालीको मौलिक अधिकार हो, भन्ने तर व्यवहारमा त्यसलाई उतार्न तयार नहुने निकाय तथा व्यक्तिलाई पनि सूचना आयोगले कारबाही गर्न तयार हुनुपर्छ। सूचना आयोगले सूचना उपलब्ध गराउन फैसला मात्र गर्छ तर फैसला आदेश कार्यान्वयन नगर्ने कर्मचारी तथा अधिकारीहरुको कारण नेपाली जनताले अधुरो र अपुरो सूचना नै पाउनु परेको छ। सूचना हकसम्बन्धी संविधानले ग्यारेन्टी गरेको मौलिक हकको कार्यान्वयन कहिले हुने ? यो आम नागरिकको चासो हो।

*- श्रीधर ताम्राकार, भक्तपुर*

### मिसावट खाद्यान्न बेच्नेलाई नछोडियोस्

प्लास्टिकको चामल बिक्री गरेको आरोपमा पक्राउ परेका काठमाडौंको सानोभऱ्याङस्थित शेरचन ब्रदर्स प्रालिका टंकप्रसाद शेरचन हाजिरी जमानीमा मुक्त भएको समाचार सुनियो। उनले बिक्री गर्ने गरेको आरटीसी ब्रान्डको चामल नक्कली भएको आशंकामा महानगरीय प्रहरी परिसरले मंगलबार उनलाई सानोभऱ्याङमा रहेको गोदामबाटै पक्राउ गरेको थियो। चामल परीक्षणका लागि खाद्य प्रयोगशालामा पठाएको र रिपोर्ट आउन ३ दिन लाग्ने भएकाले रिपोर्ट नआएसम्मका लागि उनलाई हिरासतमुक्त गरी हाजिर जमानीमा मुक्त गरेको भनाइ छ। वास्तविक रिपोर्ट नआएसम्म उनलाई जमानीमा छोड्नु ठीकै छ तर सो चामल प्लास्टिकको होइन भन्ने रिपोर्ट आयो भने पनि चामल खानयोग्य नभएको त पक्का हो नि। त्यसैले न्यून गुणस्तरको भए पनि ब्रान्डेड चामलकै मूल्यमा बेच्ने व्यापारीलाई कडा कारबाही गर्न भने पछि पर्नुहुँदैन। उनी मात्र नभएर न्यून गुणस्तरका मिसावटयुक्त खाद्यवस्तुको ओसार-पसार, बेचबिखन र यस्ता कार्यमा संलग्न जो-कोहीलाई पनि छोड्नुहुँदैन।

*-जीवन 'सौरभ', बनेपा, काभ्रे*

## सामाजिक सञ्जाल



अब गरौं समयमै निर्वाचन, संक्रमणकालको अन्त्य, र जनीतिको सफाई, राष्ट्रिय स्वाधीनताको रक्षा, समावेशी लोकतन्त्रको सुदृढीकरण, समृद्धि र सामाजिक न्याय ।

NKShresthaPrakash
@nksthaprakash



स्मृति पनि मदिराभन्दा कम नहुँदो रहेछ, जति पुरानो भयो उति नै त्यसको महत्व हुने, उति नै गुणवत्ता भरि एको हुने ।


Subin Bhattarai
@subinbhattarai1



तपाई आफ्नो समस्यामा के न्द्रित हुनुहुन्छ भने समस्या अझै थपिदै जान्छ तर तपाई समाधानको सम्भावनातर्फ केन्द्रित हुनुभयो भने त्यहाँ अवसर भेटिन्छ ।

Urmila sedai
@sedai_urmila

वर्षभरि काम नहुने र आर्थिक वर्षको अन्त्यमा धेरै काम गरेर रकम सक्ने शैली अन्त्य गर्दै ललितपुर महानगरले आर्थिक वर्ष सकिए पनि कात्तिकसम्म बजेट फ्रिज नहुने जनाएको छ 'असारमै आएर बढी काम गर्ने परिपाटीले समस्या भएको छ। अब कात्तिकसम्म आयोजना चलाउन पाउने गरी व्यवस्था गर्छौं' प्रमुख महर्जनले भन्नुभयो- 'यसले हतारमा हुने विकासलाई रोक्छ भने वर्षामै गरिने गुणस्तरहीन विकासका कामलाई पनि छेक्छ।'



## नेपाल

# ललितपुर महानगरमा ३ अर्ब २२ करोडको बजेट

**नेपाल समाचारपत्र**

ललितपुर

ललितपुर महानगरपालिकाले आार्थिक वर्ष २०७४/७५ का लागि ३ अर्ब २२ करोड ९१ लाख १० हजार रुपियाँको बजेट सार्वजनिक गरेको छ।

प्रस्ताव गरिएको खर्चमध्ये आन्तरिक स्रोतबाट एक अर्ब २२ करोड ४४ लाख प्रस्ताव गरिएको छ। त्यस्तै, नेपाल सरकार सशर्त अनुदान (कृषि, पशु, स्वास्थ्य, शिक्षा) तर्फ २८ करोड १२ लाख ६३ हजार, वित्तीय समानीकरणतर्फ ५६ करोड ७ लाख ४७ हजार, बहुवर्षीय सडक विस्तारतर्फ १० करोड, विषयगत अनुदान अर्थात सामाजिक सुरक्षा जेष्ठ नगारिक, असहाय, अशक्त, लाभग्राहीहरू, सडक बोर्ड नेपाल, स्थानीय शासन तथा वैदेशिक अनुदानतर्फ ७७ करोड १२ लाख गरी जम्मा तीन अर्ब २२ करोड ९१ लाख १० हजारको बजेट प्रस्तुत गरिएको हो।

यसमा पुँजीगत अर्थात विकास बजेट २ अर्ब ७९ करोड ७८ लाख २३ हजार (८६ दशमलब ६५ ५) चालु खर्चतर्फ ४३ करोड १२ लाख ८७ हजार (१३ दशमलब ३५ ५) प्रस्ताव गरिएको हो। यसअघि नीति योजना र कार्यक्रम प्रस्तुत गर्दै ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले मोनोरेल, फ्लाइओभर र फ्लाइओभर इनसेक्सन निर्माणजस्ता योजना अघि सार्नुभएको छ।

ललितपुर महानगरपालिकाको प्रथम नगरसभामा आर्थिक वर्ष २०७४/७५ को नीति कार्यक्रम तथा बजेट सार्वजनिक गर्दै प्रमुख महर्जनले सार्वजनिक यातायातमा सर्वसाधारणको पहुँच पुऱ्याइ ट्राफिक व्यवस्थापनलाई सरल र सहज पुऱ्याउने भन्दै सो योजना अघि सार्नुभएको हो।

'काठमाडौं महानगरपालिकालगायतका स्थानीय तहहरूको समन्वय र सहकार्यमा मोनोरेल सञ्चालन, फ्लाइओभर निर्माण र फ्लाइओभर निर्माणजस्ता वैकल्पिक मार्गहरू निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु।' प्रमुख महर्जनले भन्नुभयो- 'ललितपुर भित्रिन र बाहिरिन प्रयोग हुने प्रमुख चोकहरूमा इन्टरसेक्सन फ्लाइओभर निर्माण गर्नेछौं।'

'यी पूर्वाधार निर्माणका लागि अध्ययन अनुसन्धानको कार्य प्रारम्भ भइसकेको छ। 'उहाँले भन्नुभयो। बढ्दो ट्राफिक जामलाई ख्याल गर्दै पुल्चोकदेखि बागमती पुलसम्म झण्डै डेढ किलोमिटरको फ्लाइओभर बनाउने विषयमा महानगरले अध्ययन गरिरहेको जनाएको छ। मोनोरेल ललितपुरको गोदावरीदेखि काठमाडौंको बुढानीलकण्ठसम्म बनाउने विषयमा अध्ययन गरिरहेको बताइएको छ।



महानगरपालिकाले आर्थिक वर्ष २०७२/७३ सम्म सम्झौता भएका तर, सञ्चालन नभएका उपभोक्ता समितिहरूको सम्झौता स्वत: खारेज गरेको जनाएको छ। आर्थिक वर्ष २०७३/७४ का वडा र नगरस्तरीय योजनाहरूको दायित्व आर्थिक वर्ष २०७३/७४ का प्रथम चौमासिकसम्म सम्पन्न गर्ने गरी सारिएको छ। त्यसै गरी नगरको घनावस्ती तथा ऐतिहासिक पर्यटकीय स्थानहरूमा आवश्यकताअनुसार इँटा, ढुंगा र ब्लक छाप्ने वैकल्पिक कार्यलाई निरन्तरता दिने भन्दै महानगरपालिकाले यस्ता स्थानमा आरसीसी र ढलान गर्ने कार्यलाई विस्थापित गरिने घोषणा गरेको छ।

त्यस्तै महानगरभित्रका सबै वडाहरूलाई समेटिने गरी घुम्ती सडकको सञ्जाल निर्माण गर्ने प्रक्रियाको संभाव्यता अध्ययन गर्ने घोषणा पनि महानगरको छ।

विभिन्न स्थानमा भएका घाटहरूको सुधार गरी शंखमूलमा विद्युतीय शव दाहगृह निर्माणको नीतिलाई महानगरले प्राथमिकतामा राखेको छ। महानगरले जोखिममा देखिएका भवनहरूलाई भूकम्पीय सुदृढीकरणका लागि सम्बन्धित घर धनीहरूलाई निर्देश गर्ने जोखिममा रहेका भवनहरू हटाइ पुनर्निर्माण गरेमा महानगरपालिकाबाट प्रदान गर्ने सेवासुविधामा प्राथमिकता दिई नक्सा पास र नक्सा नियमितमा लाग्ने दस्तुरमा आर्थिक वर्ष २०७४/७५ सम्म शतप्रतिशत छुट गरिने नीति लिइने घोषणा प्रमुख महर्जनले जानकारी दिनुभयो।

५००० वर्ग फिटभन्दा बढी क्षेत्रफलमा बनेका आवासीय क्षेत्रका भवनलाई पनि ब्यवसायिक मानेर कर उठाउनेलगायतका विषय पनि महानगरको नीति तथा कार्यक्रममा परेको छ। नीति तथा कार्यक्रम र बजेटमा सांस्कृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण र फोहोर ब्यवस्थापन पनि परेको छ।

त्यसै गरी महानगरपालिकाले नेपाल भाषाको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि नेपाल भाषा डेस्कलाई प्रभावकारी बनाइ महानगरपालिकाको नागरिक बडापत्र नेपाल भाषामा समेत प्रकाशित गर्ने नीति पनि ल्याएको छ। नेपाल भाषाको अध्ययन अध्यापनसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउनुका साथै नेपाल भाषा पत्रकारिता उत्थानका लागि आवश्यक नीति लिने घोषणा पनि प्रमुख महर्जनले गर्नुभयो।

महानगरपालिकाले पर्यटकहरूको सुविधानलाई ध्यान दिने भन्दै ललितपुरको पुल्चोकदेखि मंगलबजारसम्म विद्युतीय बस सञ्चालन गर्ने जनाएको छ। त्यसका लागि यसै वर्षदेखि टेन्डर माग गरी प्रक्रिया अघि बढाउने घोषणा पनि महानगरले जनाएको छ

यात्रु र पर्यटनलाई थप प्रवर्द्धन गर्न भन्दै महानगरले साझा यातायात अब ललितपुरको गोदावरी र बुङमतीसम्म पनि चलाउने प्रक्रिया केही दिनमैं शुरु हुने जनाएको छ। यसका लीगि साझा यातायात सहकारी संस्थासँग एमओयूमा हस्ताक्षर भइसकेको र निकट भविष्यमैं उक्त क्षेत्रमा बस सञ्चालन गर्ने घोषणा महानगरले गरेको छ।

फोहोरमैला व्यवस्थापन, भुस्याहा कुकुरको बन्ध्यान्करण, छाडा गाईवस्तुको उचित व्यस्थापन, नदीको सरसफाइ, सार्वजनिक स्थानमा पार्क, सडकका दायाँबायाँ बिरुवा नभई ठूला रुख रोप्ने घोषणा पनि महानगरको छ। पार्किङको समस्या हटाउन भर्टिकल पार्किङको पनि सम्भाव्यता अध्ययन गरिने प्रमुख महर्जनले बताउनुभयो।

वर्षभरि काम नहुने र आर्थिक वर्षको अन्त्यमा धेरै काम गरेर रकम सक्ने शैली अन्त्य गर्दै ललितपुर महानगरले आर्थिक वर्ष सकिए पनि कात्तिकसम्म बजेट फ्रिज नहुने जनाएको छ 'असारमै आएर बढी काम गर्ने परिपाटीले समस्या भएको छ। अब कात्तिकसम्म आयोजना चलाउन पाउने गरी व्यवस्था गर्छौं' प्रमुख महर्जनले भन्नुभयो- 'यसले हतारमा हुने विकासलाई रोक्छ भने वर्षामै गरिने गुणस्तरहीन विकासका कामलाई पनि छेक्छ।'

प्रमुख महर्जनले अब महानगरभित्र बन्ने सबै कालोपत्रे सडक गुणस्तरीय हुने दाबी गर्नुभयो। त्यसका लागि सम्झौतामा स्पट प्रावधान राख्ने र अनुगमन गर्ने योजना छ। 'मापदण्डअनुसार सडक कालोपत्रे नगर्ने परिपाटी अब अन्त्य हुन्छ। अब ठेकेदारसँग कालोपत्रे सडक १.५ इञ्चभन्दा कम हुनै नहुने गरी समझौता गर्छौं' प्रमुख महर्जनले भन्नुभयो, 'यदि कमसल सडक बनाएर भत्किए एक वर्षसम्म उसको परर्फमेन्स ग्यारेन्टी जफत गरेर उसलाई नै मर्मत गर्न लगाउँछौं। एक वर्षसम्म सडक नभत्किए पनि यो ग्यारेन्टी रकम राखिराख्छौं।'

ललितपुर महानगरपालिकाले ३ वर्षभित्र सबै वडा कार्यालयको आफ्नै भवन बनाइसक्ने योजना बनाएको छ।

## जापानी स्वयंसेवीद्वारा वृक्षरोपण

काठमाडौं, (नेस)

जापानबाट नेपाल आएका स्वयंसेवीले भक्तपुरको चाँगुनारायण मन्दिर परिसर आसपासको क्षेत्रमा वृक्षरोपण गरेका छन्। जापानको प्रसिद्ध योकोहामा सिटी यूनिभर्सिटीका प्राध्यापक, विद्यार्थीसहित ३५ जनाको टोलीले शनिबार सो क्षेत्रमा वृक्षारोपण गरेका हुन्।

तेजपात, पर्यौं, पलास, कटुस, चिलाउने रैथाने प्रजातिका २२ सय बिरुवा रोपिएको छ। नेपालका लागि जापानी दूतावासका द्धितीय सचिव कुनिसोदो मासाओ, योकोहामा युनिभर्सिटीका प्राध्यापक खाजुए फुजिवारा, जापानको प्रसिद्ध मह उत्पादक यामादा वी कम्पनीका पदाधिकारीलगायतको जापानी टोली शनिबार चाँगुनारायण पुगेको थियो।

वन मन्त्रालय र मन्त्रालय मातहतका विभिन्न निकायका अधिकारीहरूको टोलीले समेत जापानी पाहुनालाई सघाएको सो कार्यक्रमको सहजीकरण गर्नुभएका अधिवक्ता बलराम श्रेष्ठले जानकारी दिनुभयो। श्रेष्ठ जापानमा रहेर वकालत पेशामा क्रियाशील हुनुहुन्छ। उहाँका अनुसार चाँगुनारायण क्षेत्रमा जापानी स्वयंसेवी टोलीले वृक्षरोपण गरेको यो चौथोपटक हो। यसअघि सो क्षेत्रमा मियावाकी विधि अनुशरण गरेर वृक्षारोपण गरिएकाले यसअघिका बिरुवा लगभग सबै हुर्किएको श्रेष्ठको दाबी छ।

बोटबिरुवा रोपिएका क्षेत्र वरपर मिचाहा प्रजातिका झार र बुट्यान फैलन नदिन र माटोमा चिसोपना बढाउन परालले ढाक्ने शैलीलाई जापानीहरू मियावाकी विधि मान्छन्। साथै सोही क्षेत्रका रैथाने प्रजातिका बिरुवा रोपिने गरिन्छ। यही विधिलाई जोड दिँदै जापानको मियावाली वी फार्म कम्पनीको पहलमा सन् १९९७ यता ललितपुरको लेले, काभ्रेको न्याले, भक्तपुरको चाँगुनारायण क्षेत्रमा जापानी स्वयंसेवीको टोली हरेक वर्ष वृक्षारोपण गर्दै आएको छ। हालसम्म ४ लाख ७० हजार बिरुवा रोपिएको अधिवक्ता श्रेष्ठले जानकारी दिनुभयो।

यसैबीच वृक्षरोपणको अघिल्लो दिन शुक्रबार काठमाडौंमा आयोजित अर्न्तक्रियामा बोल्दै नेपालका लागि जापानी राजदूत मासासी ओगावाले आफ्नो मुलुकका स्वयंसेवीले नेपालको पर्यावरण संरक्षणमा पुऱ्याउँदै आएको सहयोगको प्रशंसा गर्नुभयो। नेपालको वातावरण संरक्षण र वृक्षारोपण कार्यमा प्राविधिक सहयोग उपलब्ध दूतावासले समेत पहल अघि बढाउने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो।

## वैद्य माओवादीको सम्मेलन असोजमा

काठमाडौं, (नेस)

नेकपा क्रान्तिकारी माओवादीको राष्ट्रिय सम्मेलन आगामी असोज २१ गते हुने भएको छ। पार्टीको हालै सम्पन्न केन्द्रीय समिति बैठकले असोजमा राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको हो। बैठकले आगामी साउन १५ गतेसम्म पार्टी सदस्यता नवीकरण गरिसक्ने र पार्टीलाई प्रादेशिक संरचनामा लैजाने निर्णय गरेको छ। यद्यपि सम्मेलन कुन ठाउँमा हुने भन्ने ठोस निर्णय नभएको पार्टीका केन्द्रीय सदस्य हीरामणि दु:खीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

बैठकमा पार्टीका अध्यक्ष मोहन वैद्य 'किरण'ले नेपाली समाजको स्वरुप र पार्टीको आम कार्यदिशा विषयक राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने पार्टीका कार्यालय सदस्य रामसिंह श्रीसले 'पार्टीको विधान' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। देश अर्द्ध-सामन्ती, अर्द्ध तथा नवऔपनिवेशिक रहेकोले नयाँ जनवादी क्रान्ति नै नेपाली समाजको मूल चरित्र र प्रवृत्ति रहेको बैठकले निष्कर्ष निकालेको छ।

पुरानो प्रतिक्रियावादी राज्यसँग संघर्ष गर्न तथा वर्गसंघर्षको उठान गर्न पार्टी र मातहतका सबै जनवर्गीय संगठन र मोर्चाहरूको सांगठानिक संरचनाहरूलाई प्रादेशिक संरचनामा लैजाने निर्णय गरेको छ। बैठक असार २५ गतेदेखि शुरु भइ ३० गते सकिएको हो।

## दुई मिनेट

### जबर्जस्ती करणी गर्ने पक्राउ

भक्तपुर, (नेस)

भक्तपुर नगरपालिका-२ कालोपाटी एभरेस्ट फर्मको भवनमा चाँगुनारायण-२ की २० वर्षीया युवतीलाई जबरजस्ती करणी गरेको अभियोगमा भक्तपुर बोलाखे बस्ने २१ वर्षीय सुसन भोलान्दे, भक्तपुर कालोपाटी बस्ने २१ वर्षीय विक्की गोठे र सोही ठाउँ बस्ने २२ वर्षीय सुनिल बाटीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ। उनीहरूले आफूलाई सामुहिक रूपमा जबरजस्ती करणी गरेको भन्ने पीडितको जाहेरीको आधारमा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीबाट थप आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।

### सुनको ढिक्कासहित पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-३ रानीबारी चोकबाट बा८ च ६९४१ नम्बरको टाटा कारमा सवार काठमाडौं नेपालटार बस्ने नुवाकोट विदुरका ३२ वर्षीय निरञ्जन बस्नेत, काठमाडौं बसुन्धारा बस्ने कास्की चापाकोट-५ का ४८ वर्षीय धनबहादुर विक र सोही ठाउँकी ४३ वर्षीया राजकुमारी विकलाई अवैध रुपमा लिएर हिँडेको अवस्थामा 'एक केजी फाइन गोल्ड' लेखिएको २ वटा सुनको ढिक्कासहित शुक्रबार प्रहरीले पक्राउ गरेको छ। यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।

### धनमाल चोरी

ललितपुर, (नेस)

महालक्ष्मी नगरपालिका-५ टीकाथली खरीबोटस्थित टहरोमा रहेको रामेछाप, माकादुम-६ का रामजी बुढाथोकीको शुभ श्रीकृष्ण इन्टरप्राइजेज पसलबाट सटरको ताला फोडेर नगद ५ हजार, वाल मिस्चर २० थान, बेसिन मेशिन १० थान, कम्बोड स्प्रे ५ थान, विभ कक १० थान, पिलर कक २ थान र मनिटर तथा हार्डडिस्क १ सेट गरी करीव २ लाख १९ रुपियाँबराबरको धनमाल गएराति चोरी भएको छ। चोरहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।

## रोटरी क्लब अफ काठमाडौं मिड टाउनको नयाँ बोर्ड गठन

**नेपाल समाचारपत्र**

काठमाडौं

रोटरी क्लब अफ काठमाडौं मिड टाउनले आर्थिक वर्ष सन २०१७-२०१८ का लागि नयाँ बोर्ड सदस्यहरूको चयन गरेको छ। शनिबार राजधानीमा डिस्ट्रिक्ट गर्भनर रोटरीयन सञ्जय गिरीको प्रमुख आथित्यतामा आयोजना भएको कार्यक्रममा आगमी वर्षका लागि नयाँ बोर्ड गठन गरिएको थियो।

क्लबका निवर्तमान अध्यक्ष योजना आयोगका पूर्वअध्यक्ष डा. शंकर शर्माले आगामी कार्यकालका लागि अध्यक्षको पिन हस्तान्तरण गरेका थिए। कार्यक्रममा अन्य पूर्वडिस्ट्रिक्ट गर्भनरहरू तथा डिस्ट्रिक्ट अधिकारीहरू पनि उपस्थित रहेका थिए। बोर्डले रोटरीयन भाइराजा पाण्डेलाई क्लबको नयाँ अध्यक्षका रूपमा चयन गरेको छ। अन्य नयाँ निर्वाचित सदस्यहरूमा जो लोघे शेर्पा प्रेसिडेन्ट इलेक्ट, लिसा छोग्याल भाइस प्रेसिडेन्ट, प्रसुन जलन सचिव, अजय स्थापित कोषाध्यक्ष, इसा सिबी खड्का रोटरी फाउन्डेसन्, वाल्टर डिलर क्लब प्रशासक, मणिध्वज जोशी मेम्बरसिप, रंजित आचार्य जनसम्पर्क, पारस एसजेबी राणा सर्भिस प्रोजेक्टस्, सी. लेखा रुलाधर युथ सर्भिस रहेका छन्।

क्लबका नवनिर्वाचित अध्यक्ष रोटरीयन भाइराजा पाण्डेले, सदस्यहरूको गुणस्तर, कार्यक्रमहरूको योगदान र रोटरी फाउन्डेसनको कार्यहरूलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिवद्धता व्यक्त गरे। प्रमुख अतिथि डिस्ट्रिक्ट गर्भनर रोटरीयन सञ्जय गिरीले सबै रोटरीयनहरूलाई रोटरीको प्रबर्द्धन तथा यसको लक्ष्यलाई सबै सम्भावित माध्यमबाट प्रबर्द्धन गर्न आग्रह गर्दै रोटरीहरूको गतिविधिहरू तथा सेवाहरूका बारेमा सार्वजनिक जनचेतना अभिवृद्धि गर्न आग्रह गरे।

२८ वर्ष पुरानो रोटरी क्लब अफ काठमाडौं मिड टाउन धेरै किसिमका सामाजिक कार्य तथा च्यारिटि उन्मुख कार्यक्रममा आवद्ध हुँदै आएको छ। संस्थाले अन्तर्राष्ट्रिय सामाजिक वेलफेयर संस्थाहरूसँगको सहकार्यमा आयोजना गरिरहेको छ। क्लबले ५१ वटा संसारभरका रोटरी क्लबहरूसँग साथमा नेपालभर भूकम्प पुर्नस्थापना सहायताको क्षेत्रमा प्रभावितहरूलाई सेवा पुऱ्याइरहेको छ। क्लबले त्रिपाल तथा जस्तापाता भूकम्पपीडितलाई प्रदान गरेको थियो।

## सिनेमा कर्नर

TODAY'S MOVIES

Jagga Jasoos 8:20, 11:20 2:20, 5:20
Sayad 2 8:20, 11:20 2:20, 5:20
Ma Yesto Geet Gauxu 8:20, 11:20 2:20, 5:20
Mandira 8:20, 11:20 2:20, 5:20
कमीना 8:20, 11:20 2:20, 5:20
धनपति 8:20, 11:20 2:20, 5:20
कारखाना 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Comer
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल


Jagga Jasoos
तारेभिर
धनपति
सायन-२
लाल्टिन
म यस्तो गित गाउछु
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : खर्च वृद्धि, चोटपटकको भय, विवादमा फसिएला ।
**वृष** : आर्थिक लाभ, साथीभाइ-इष्टमित्रबाट सहयोग, पारिवारिक सुख ।
**मिथुन** : सुखको अनुभूति, स्वस्थता, कार्य सफल, साहस-आाट बढ्ने ।
**कर्कट** : राजनीतिक असफलता, मुद्दामामिलामा झमेला, सम्मानमा चोट ।
**सिंह** : आकस्मिक रोगव्याधि, अस्वस्थता, तनाव, शारीरिक कष्ट ।
**कन्या** : द्रव्यलाभ, समस्या समाधान, विपरीतलिंगीबाट सुख ।
**तुला** : धनलाभ, शत्रु विजय, कार्य सफल, ठूलो काम बन्ने ।
**वृश्चिक** : बाथजन्य रोगको सम्भावना, गर्न लागेको काममा बाधा ।
**धनु** : अपच, झाडापखालाको सम्भावना, लखतरान, पारिवारिक विवाद ।
**मकर** : पैसा प्राप्ति, इज्जत-प्रतिष्ठा वृद्धि, कार्य सफल, प्रसन्नता ।
**कुम्भ** : निरर्थक धन र समयको बरबाद, व्यर्थको दौडधुप, नेत्र विकार ।
**मीन** : उत्तम भोजन, गिफ्ट पाइने सम्भावना, सानो बोलीले काम बन्ने ।

# नेपाल

गएको आइतबारदेखि सरकारले नारायणगढ मुग्लिन सडकखण्डमा रातिको समयमा सवारीसाधन सञ्चालनमा रोक लगाएपछि टाटासुमोका सञ्चालकबाट यात्रुहरु लुटिने क्रम झन् बढेको हो। वीरगन्जबाट झन्डै पाँच दर्जनको हाराहारीमा रात्रिबस सञ्चालनमा रहेको भए पनि रातिको समयमा बस सञ्चालनमा रोक लगाइएपछि रात्रिबसका व्यवसायीहरु भने प्रत्यक्ष मारमा परेका छन्।

## लोकप्रिय बन्दै दूर शिक्षा

**नेपाल समाचारपत्र**

बुटवल

काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसनद्वारा सञ्चालित दूर शिक्षा अनलाइन कार्यक्रम लोकप्रिय बन्दै गएको आयोजकले दाबी गरेका छन्। यद्यपि दूर शिक्षा कार्यक्रमको लक्ष्य दूर दराजमा रहेका कलेज जान नसक्ने गरिब तथा असहाय विद्यार्थीलाई मास्टर डिग्री गराउनु हो तर उक्त परियोजनाअन्तर्गत अध्ययन गर्दा २ लाख १० हजार रुपियाँ लाग्ने र शहर केन्द्रित भएकाले उद्देश्य पूरा गर्न नसकेको टिप्पणी गरिएको छ।

विश्वविद्यालयद्वारा शनिबार बुटवलमा आयोजना गरिएको पत्रकार सम्मेलनमा सन् २०११ बाट लागू गरिएको घरमै बसी मास्टर डिग्री अध्ययन गर्न सकिने दूर शिक्षा प्रणालीबाट ७ वर्षको अवधिमा जम्मा ४५ जनाले सेवा लिएकाले पनि सोचेअनुरूपको प्रगति हुन नसकेको गुनासो आएको थियो। भौगोलिक विकटता, आर्थिक अवस्था र अन्य विविध कारणले उच्च शिक्षाबाट अझै पनि धेरै नेपालीहरू वञ्चित रहेको वर्तमान अवस्थामा विश्वविद्यालयले सकारात्मक छवि बनाउन सफल भए तापनि नेपालभरिका विद्यार्थीलाई सहज पहुँच पुर्‍याउन नसकेको विश्वविद्यालयका प्रोजेक्ट कोडिनेटर बालचन्द्र लुइँटेलले बताउनुभयो।

अनलाइन र दूर शिक्षाले अब कलेज दैनिक रूपमा हाजिर नभईकन र आफ्नो समय र ठाउँ अनुकूल पनि पढाइलाई निरन्तर अगाडि बढाउन सकिन्छ भन्ने मान्यता स्थापित गरेको समेत विश्वविद्यालयका दिगो विकास परियोजनाका प्रमुख पर्वत ढुंगानाले बताउनुभयो। यस प्रणालीबाट अध्ययन गर्नका लागि कम्प्युटरको आधारभूत ज्ञानको खाँचो पर्दछ, काठमाडौंमा मात्र केन्द्रित हुँदा राजधानीबाहिरका विद्यार्थी वञ्चित भएको महसुस गरी गत सालदेखि बुटवलको कान्ति माध्यमिक विद्यालयमा कम्प्युटर ल्याब स्थापना गरी सोही स्थानबाट अध्ययनको व्यवस्था मिलाइएको समेत पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

पत्रकार सम्मेलनमा कान्ति माध्यमिक विद्यालयका प्राचार्य गोविन्द्र ज्ञवालीले काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसनद्वारा केन्द्रका रूपमा खोलिएको कम्प्युटर ल्याबले विद्यालयका शिक्षक तथा विद्यार्थी र मास्टर डिग्री अध्ययनका लागि इच्छुकहरूलाई राम्रो प्लेट फम भएको बताउनुभयो। विश्वविद्यालयले हाल दिगो विकास, अंग्रेजी र गणित विषयमा मास्टर डिग्री दूर शिक्षाअन्तर्गतको अनलाइन सेवामार्फत व्यवस्थापन गर्दै आएको विश्वविद्यालयकी रिना गुरुङले बताउनुभयो।

टाटासुमोको दादागिरी

## जाम मुग्लिनको, असर वीरगन्जमा

**कृष्णउदास खनाल, वीरगन्ज**

राजधानी काठमाडौं जोड्ने तराईको मुख्य राजमार्ग नारायणघाट-मुग्लिन सडकखण्ड पटकपटक अवरुद्धसँगै जोखिम बढेपछि पर्सामा रहेका टाटासुमोहरू भने मनलाग्दी भाडा असुलीमा जुटेका छन्।

विशेष गरी टाटासुमो वीरगन्जदेखि मकवानपुरको भीमफेदी हुँदै काठमाडौं जाने भएकाले काठमाडौं जान पर्ने यात्रुहरूसँग उनीहरूले दोब्बर भाडा असुली गर्ने गरेका हुन्। सरकारले वीरगन्ज-काठमाडौंको एकतर्फी भाडा दर ५ सय ४ रुपियाँ निर्धारण गरेको छ। तर टाटासुमोका सञ्चालकहरूले भने प्रति यात्रु ८ सयदेखि १ हजार रुपियाँसम्म भाडा असुली गरिरहेका छन्। वीरगन्ज हेटौंडा हुँदै काठमाडौं जाने टाटासुमोका सञ्चालकले चालक छेउको सिटमा बस्ने यात्रुसँग १ हजार र अन्य यात्रुसँग ८ सय रुपियाँको दरले भाडा असुल्दै आएका हुन्। काठमाडौंबाट वीरगन्ज आउने यात्रुसँग पनि टाटा सुमोका सञ्चालकले ८ सयदेखि १ हजार रुपियाँ भाडा लिने गरेका छन्।

गएको आइतबारदेखि सरकारले नारायणगढ मुग्लिन सडकखण्डमा रातिको समयमा सवारीसाधन सञ्चालनमा रोक लगाएपछि टाटासुमोका सञ्चालकबाट यात्रुहरू लुटिने क्रम झन् बढेको हो। वीरगन्जबाट झन्डै पाँच दर्जनको हाराहारीमा रात्रिबस सञ्चालनमा रहेको भए पनि रातिको समयमा बस सञ्चालनमा रोक लगाइएपछि रात्रिबसका व्यवसायीहरू भने प्रत्यक्ष मारमा परेका छन्।

वीरगन्जको बसपार्कमा रहेका टाटासुमोका काउन्टरमा रहेका कर्मचारी र दलालले दिनदहाडै बढी भाडा लिएर यात्रुलाई लुट्दै आएको भए पनि बसपार्कमा डिउटीमा खटिएका नेपाल प्रहरी र ट्राफिक प्रहरी मूकदर्शक बनेर बस्ने गरेको यात्रुको गुनासो छ। टाटासुमोका सञ्चालकले बसपार्किमा रहेको नेपाल प्रहरीको अस्थायी प्रहरी चौकीका इन्चार्ज र ट्राफिक प्रहरीलाई मासिक रूपमा आर्थिक नजराना दिएका कारण नेपाल प्रहरी र ट्राफिक प्रहरीले बढी भाडा असुल्दै आएका टाटासुमोका सञ्चालक र तीनका कर्मचारीलाई कारबाही गर्न नसकेको यात्रुले आरोप लगाएका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक रवीन्द्र भट्टले भने यात्रुसँग बढी भाडा असुलेको गुनासो आएपछि आफूले एक साता पहिले वीरगन्जमा रहेका विभिन्न कम्पनीका टाटासुमो सञ्चालकलाई जिल्ला प्रहरी कार्यालय पर्सामा बोलाएर भाडा जथाभावी असुली नगर्न भनेको बताए। उनले नियमभन्दा बढी भाडा असुली गरेको प्रमाण फेला परे कारबाही गर्ने बताए। तर, बसपार्कमा भेटिएका यात्रु सञ्जय सोनारले भने बाध्यताका कारण सुमोका सञ्चालकहरूले जति भने पनि तिर्नुपर्ने बाध्यता रहेको दु:खेसो पोखे।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरवार, काठमाडौं

**विज्ञापन सेवा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति :- २०७४/४/१)

आ.व. २०७४/०७५ को लागि यस मन्त्रालयबाट आह्वान गरिने विभिन्न विज्ञापनहरु प्रकाशन गर्न सेवा लिनु पर्ने भएकोले इच्छुक रजिष्टर्ड फर्म/कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्म यस मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखाबाट रु. १०००।- (अक्षरेपी एकहजार फिर्ता नहुने) मा दरभाउपत्र फाराम खरिद गरी सिलबन्दी रुपमा १६ औं दिनको १२:०० बजेभित्र सोही शाखामा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिन दिनको २:०० बजे खोलिने छ। सूचनाको पूर्ण विवरण र आवश्यक जानकारी यस मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखाबाट लिन सकिने छ।

## पाल्पामा मौलायो घैंटो कार्यक्रम

**कविराज नेपाल, पाल्पा**

पहाडी जिल्ला पाल्पाको जिल्ला सदरमुकाम तानसेन मात्रै होइन विभिन्न गाउँपालिकाहरूको डाँडामा बस्ती भएका क्षेत्रका जनताले भोग्ने गरेको साझा समस्या हो पानी। वर्षात्को बेला जसोतसो निर्वाह गरे पनि हिउँदमा यो समस्या टड्कारो देखिन्छ। त्यसैले यहाँका जनताले जुक्ति निकालेका छन्- वर्षात्को पानी संकलन गर्ने। हिउँदमा पानीको दु:ख नहोस् भनी वर्षात्को पानीलाई संकलन गरी हिउँदमा प्रयोग गर्ने प्रविधि घैंटो कार्यक्रम पाल्पाका विभिन्न ठाउँमा पछिल्लो समय प्रभावकारी र लोकप्रिय बन्दै गएको छ।

खानेपानीका लागि समस्या झेल्दै आएका जिल्लाका एक दर्जनभन्दा बढी साविक गाउँ विकास समितिका जनतालाई वर्षात्को पानी संकलन गर्ने प्रविधि घैंटो टंकी अत्यन्त उपयोगी सावित हो। यसलाई पिउनका लागि खासै उपयोग नगरिए पनि सरसफाइ र अन्य प्रयोजनका लागि उपयोग गर्ने गरिन्छ। जसले गर्दा गृहिणी र परिवारको दु:ख हटेको छ।

वर्षात्मा टिनको छानामा परेको पानीलाई पाइपको माध्यमद्वारा सिमेन्टको घैंटो तथा टंकीमा संकलन गर्ने प्रविधि गाउँगाउँमा भित्रिएपछि उपगोगी मात्र नभई पानीका कारण गाउँलेको जीवनस्तरमा समेत परिवर्तन आएको छ। यसले गर्दा मानिसको दैनिकी फेरिएको मुझुङकी गृहिणी सीता कार्कीले बताउनुभयो।

ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रमअन्तर्गत ०५६ सालदेखि घैंटो निर्माण अभियान शुरू भएपछि जिल्लाका, चिदिपानी, बौघागुम्हा, हुमिन, देउराली, वीरकोट, ताहुँ, देवीनगर, मदनपोखरा, चापपानी, नायरनम्तलेस, खस्यौली, भैरवस्थान, पीपलडाँडा, वौघागुम्हा, बन्दिपोखरा, वीरकोट, ताहुँ गाउँहहरूमा करिब १५ हजार घरहरूमा निर्माण भएका छन्।

दुईवटा घैंटोमा संकलित पानीले वर्षभरि नै खान पुग्दछ वीरकोटका दलबहादुर सारुले खानेपानीका लागि एक बिहान लाग्ने बाटोमा पानी लिन केटाकेटीहरू जानु पर्दैन। उनले भने- 'जसले गर्दा हिउँद याममा खानेपानीको भरपर्दो माध्ययम बनेको छ घैंटो पानी टंकी।'



नायरनम्तलेसका तेजप्रसाद रायमाझी भन्छन् आफ्नो वाडका १ सय २ घर परिवारले घैंटो टंकी निर्माण गरेको बताउँछन्। २०५७ देखि कार्यक्रम शुरू भएको उनको भनाइ छ। मदनपोखराका गुरूप्रसाद श्रेष्ठ पनि घैंटो कार्यक्रम अत्यन्त लोकप्रिय बनेको बताउँछन्। १० हजार लिटर क्षमताका घैटोमा संकलित पानी कपडा धुन, पिउन सर्वत्र प्रयोग तथा उपयोगमा ल्याउन पाउँदा उनीजस्ता धेरै उपभोक्तालाई वरदानै सावित बनेको छ।

जिल्लामा प्रारम्भिक चरणमा ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम फिनेडा सरकारको सहयोगमा जडान तथा निर्माण भएका छन्। यसै गरी कतिपयले आफ्नै प्रयासमा पनि घैंटो निर्माण कार्य अघि बढाएका छन्।

पीपलडाँडाका कृषक खुमन सारुले घैंटोको पानी प्रयोग गरी मौसमी र बेमौसमी तरकारी खेती सिँचाइ गरेको बताए।

पानी बोक्ने समयमा उनीहरू पढ्न पाउने भए भन्दछन् देउरालीका स्थानीय बासिन्दा कविराज अधिकारी। खानेपानीको स्रोत अत्यन्त कम भएकाले वीरकोट गाविसमा १ हजारभन्दा बढी घैंटो निर्माण भएका छन्।

## १ सय ३० जना चालकलाई प्रशिक्षण

बुटवल, (नेस)

बढ्दो दुर्घटनालाई नियन्त्रण गर्न पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलले सञ्चालन गरेको गति सीमित राखौं, बचौं र बचाऔं भन्ने एक महिने कार्यक्रम अन्तर्गत शनिबार १ सय ३० जना चालकलाई जरिमानाको साटो दुर्घटना न्यूनीकरण र ट्राफिक नियमका बारेमा सचेतना गराएको छ।

यसअघि ट्राफिक नियम विपरीत सवारी चलाउनेलाई जरिमाना गरिने गरेकोमा अब जरिमानाको साटो दुर्घटना न्यूनीकरण गर्ने उपाय र ट्राफिक नियमका बारेमा सचेतना गराउन थालिएको छ। अभियानअन्तर्गत पहिलो चरणमा असार मसान्तसम्म सरोकारवालासँग अन्तरक्रिया गर्ने रहेकोमा सो सम्पन्न भएको पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलल प्रमुख कृष्णहरि शर्माले बताउनुभयो।

दोस्रो चरणमा साउनको पहिलो हप्ता पैदलयात्रीलाई सडकको प्रयोगसम्बन्धी जानकारी गराउने, तेस्रो चरणमा साउनको दोस्रो हप्ता बालबालिकालाई दुर्घटनाका बारेमा जानकारी गराउने तथा जनचेतना प्रदान गर्ने र अन्तिम चरणमा साउनको तेस्रो हप्ता युवा अभियान सञ्चालन गर्ने कार्यक्रम रहेको छ।

## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।

जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA **को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू**

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३१२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● **SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658** ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१९६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

भद्रपुर-६ स्थित नेपाल टेलिकम कार्यालय अगाडि निर्माण भइरहेको पक्की नाला सडक डिभिजनले असारे बजेट सक्न मात्र खोजेको स्थानीयको आरोप छ। नजिकै रहेको झिलमिले खोलासँग जोड्ने उद्देश्यले निर्माण भइरहेको पक्की नाला मापदण्डबमोजिम नबनेको स्थानीयको भनाइ छ।

# गुणस्तरहीन नाला बनाउँदै नगरपालिका

**नेपाल समाचारपत्र**
भद्रपुर

सडक डिभिजनले असारे बजेट सक्न नगर क्षेत्रमा धमाधम गुणस्तरहीन काम गरिरहेको पाइएको छ। झापाको भद्रपुर नगरपालिकाले जारी गरेको मापदण्ड विपरीत सडक डिभिजन कार्यालय दमकले नगर क्षेत्रमा गुणस्तरहीन पक्की नाला निर्माण गरी रहेको हो।

भद्रपुर-६ स्थित नेपाल टेलिकम कार्यालय अगाडि निर्माण भइरहेको पक्की नाला सडक डिभिजनले असारे बजेट सक्न मात्र खोजेको स्थानीयको आरोप छ। नजिकै रहेको झिलमिले खोलासँग जोड्ने उद्देश्यले निर्माण भइरहेको पक्की नाला मापदण्डबमोजिम नबनेको स्थानीयको भनाइ छ। निर्माण भइरहेको नालामा गिटी, बालुका र सिमेन्टको मात्रा कम प्रयोग गर्नुका साथै तोकिएको इस्टिमेटअनुसार नबाइएको स्थानीय राजेश गुप्ताको भनाइ छ। निर्माण भएको नाला जडानको ढलान पनि एक किसिमको नबनाई सानो ठूलो बनाइएको छ। स्थानीयको पर्खाल भत्किने भएकोले नाला बाङ्गो समेत बनाइरहेको पाइएको छ। निर्माण भइरहेको नालाको गुणस्तर चेकजाँचका लागि



कुनै कर्मचारीसमेत खटाइएको छैन् र यसबारेमा नगरपालिकामा जानकारी गराउँदा पनि कुनै सुनवाइ नभएको स्थानीय गुप्ताले बताए।

निर्माण कम्पनीले राताराात आएर नाला खनेर बजेट सक्न धमाधम गुणस्तरहीन नालाको काम गर्न थालेपछि स्थानीयले गुनासो गरेका छन्।

सडक डिभिजन कार्यालय दमकका इन्जिनियर माधव पौडेलका अनुसार निर्माण भइरहेको नालाको कुल लागत ३ लाख ५३ हजार ३ सय ८ रुपियाँमा रहेको बताए। नालाको ठेक्का जे एनजे कन्ट्रक्सन दमकले असार मसान्तमा सक्ने गरी सम्झौता गरेको इन्जिनियर पौडेलले जनाए। ११३ मिटर लम्बाइ नालामा २२ दशमलव ७ घनमिटर हुनुपर्ने उनको भनाइ छ। डिभिजन कार्यालयसँग कुनै ठोस मापदण्ड नरहेकाले स्थानीयको सहकार्यमा नाला निर्माण भइरहेकाले यसबारेमा आफूलाई कुनै जानकारी नभएको उनले बताए।

झापामा ४ लाखदेखि ८ लाखसम्मका साना योजनाको काम १ सय २० वटा रहेको छ। सडक बोर्डले रातो किताबमा काम गर्नु भनी कार्यालयलाई तोकेर पठाएपछि फिल्डमा समस्या आउन थालेको उनले जनाए। यसले सडकका कर्मचारीसमेत समस्या आउने गरेको बताए।

नगरपालिका कार्यकारी अधिकृत काजीमान राईले सडकबाट बनाउँदै आएको नाला मापदण्डअनुसार नबनेको जनगुनासो आउन थालेको बताए। नगरमा निर्माण हुने कामको बारेमा सडकले नगरपालिकालाई जानकारीसमेत नगराएको उनको भनाइ छ। यसबारेमा नगर प्रमुखसँग सहकार्य गरेर निर्माण कार्यको निरीक्षण गरिने उनको भनाइ छ।

# जुवाघर सञ्चालकसहित ८ जुवाडे समातिए

**नेपाल समाचारपत्र**
म्याग्दी

म्याग्दीको सदरमुकाम बेनीनगरपालिका-७ बेनीबजारको बैंकरोड नजिकबाट शुक्रबार जुवा खेलिरहेको अवस्थामा प्रहरीले एक महिलासहित ८ जनालाई पक्राउ गरेको छ। तीनतले घरको च्यानलगेट बन्द गरी तेस्रो तलामा बाहिरबाट ताल्चा लगाएर जुवा खेलिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

जुवाघर सञ्चालिका समेत रहेकी मालिका गाउँपालिकाकी पार्वती पुन भनिने सविनासहित ८ जना पुरुषलाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक वसुन्धरा खड्काले बताउनुभयो। तीन प्याकेट तासका बट्टासहित विभिन्न रङका गोटीको प्रयोग गरेर जुवा खेलिरहेको घरमा ताल्चा फोरेर भित्र प्रवेश गरी उनीहरूलाई पक्राउ गरिएको उहाँले जानकारी दिनुभएको छ।

प्रहरी निरीक्षक दिवाकर घिमिरेको कमान्डमा खटिएको टोलीले गुरिल्ला शैलीमा प्रवेश गरेर जुवाडेलाई नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ। प्रहरी प्रवेश गरेको जानकारी पाएपछि जुवाडे घरको पछिल्लो भागबाट भाग्ने प्रयाससमेत गरेका थिए। पक्राउ पर्नेमा जिल्लाभित्रका र विभिन्न जिल्लाबाट आएका व्यक्तिहरू रहेको प्रनाउ खड्काले बताउनुभयो। प्रहरीका अनुसार पक्राउ पर्नेहरूको परिचयसहित आवश्यक विवरण संकलन र प्रारम्भिक अनुसन्धान भइरहेको छ। प्रहरीले सूचनाका आधारमा निगरानी बढाएको थियो।

तास र पैसा हुने ठाउँमा गोटी मात्रै भेटिए पनि नयाँ शैलीको जुवाघर फेला परेको भन्दै थप अनुसन्धानबाट अन्य जुवाघरसम्म पुग्न सकिने प्रहरीको अनुमान लगाएको छ। जुवाखालबाट प्रहरीले एक रुपियाँ पनि नगद नभेटिनु निकै चासोपूर्वक हेरिएको बताइएको छ। जुवाडेले कसरी पैसा व्यवस्थापन तथा एकले अर्कोलाई दिन्छन् भन्नेसमेत पत्ता लगाइरहेको प्रहरीको भनाइ छ। प्रहरीको भनाइमा यसलाई आधुनिक जुवाघरका रूपमा लिइएको प्रनाउ खडकाको भनाइ रहेको छ।

जुवा खेलिरहेकाहरूलाई सञ्चालिकाले घरभित्रै आवश्यक खानाको व्यवस्था गर्ने गरे पनि हारेकाले जितेकालाई कसरी गोटीका आधारमा पैसा दिन्छन् भन्ने अनुसन्धानमा प्रहरी जुटेको छ। जुवाघरकी सञ्चालिकाले विभिन्न नामबाट यसअघि समेत बेनीबजार आसपासका क्षेत्रमा जुवा खेलाउने गरेको बुझिएको छ। जुवाडेलाई अनुसन्धान गरी जुवा ऐनअन्तर्गत कारबाही प्रक्रिया अगाडि बढाइने भएको छ। म्याग्दी सदरमुकाम बेनीबजारको विभिन्न ठाउँमा समेत गोप्य रूपमा जुवातासलगायत खेलहरू खेलिने अनुमान गरिएको छ।

# दयनीय बन्दै सुदूरपश्चिमेलीको अवस्था

**विमल विष्ट, डोटी**

नेपाल सरकारको कुनै नीति तथा कानुनले नछोएको भारतमा कार्यरत लाखौं नेपाली कामदारका समस्या सुल्झिनुको सट्टा झनै विकराल बन्दै गएको छ। भारतमा कार्यरत नेपाली कामदारको समस्या सरकारी तहबाट सम्बोधन गर्नुपर्नेमा उल्टै वैदेशिक रोजगार ऐनले पनि भारतमा कार्यरत कामदारलाई नछोएपछि झनै समस्या देखिएको हो। सरकारले वैदेशिक रोजगारमा जाने कामदारका बारे छलफल, नीति, नियम गरे पनि भारतमा कार्यरत कामदारका बारेमा छलफलसमेत चलाएको छैन। भारतमा कार्यरत कामदारलाई पनि नीति, नियममा बाँध्न सके विभिन्न प्रक्रिया पुराएर मात्रै भारत जाने परिपाटी बस्थ्यो जसले कामदारहरूको अवस्था विस्तारै सुधार हुँदै जाने थियो।

सुदूरपश्चिमेलीको कामका लागि विदेशिने पहिलो गन्तव्य भारत हो तर सरकारले अहिलेसम्म भारतमा कार्यरतको तथ्यांकसमेत राख्ने चेष्टा गरेको छैन्। जसले गर्दा भारतमा अहिले कति कामदार छन् ? कति बेपत्ता भए ? कतिले ज्यान गुमाए र कति बेचबिखनमा परे कसैसँगै लेखाजोखा छैन्। वैदेशिक रोजगार ऐन, नीतिमा भारत जाने कामदार नपरेपछि भारतमा कार्यरत कामदारले आफूलाई दोस्रो दर्जामा राख्नुपर्ने अवस्था रहेको बताएका छन्। आप्रवासनको क्षेत्रमा लामो समयदेखि कार्यरत संस्था निड्स नेपालका परियोजना अधिकृत प्रकाश चन्द्र मडैले नेपालीहरूको मुख्य गन्तव्य भारत भए पनि भारतमा कार्यरत नेपाली कामदारहरू कष्टकर जीवन बिताउन बाध्य भएको बताउनुभयो।

कामका लागि भारत गएका नेपालीमा झन्डै ३० प्रतिशत सुदूरपश्चिमेली छन्। कुनै पनि नियमले नछोएपछि सीधैं सुदूरपश्चिमबाट कामका लागि भारत गएका कामदार दुःख पाउने गरेको, लुटपाटमा पर्ने गरेको, नेपाली परिचयपत्रले काम नगर्दा भारतीय बैंकमा खाता खोल्न र मनी ट्रान्सफर गर्न समस्या भएको, नेपाली बैंक र रेमिट्यान्स कम्पनीले भारतमा शाखा वा सम्पर्क कार्यालय खोल्न नपाएको, भारतमा र भारतीय बाटो हुँदै वैदेशिक रोजगारीको नाममा बेचबिखन बढेकोलगायतका समस्यामा परेका छन्। जसले गर्दा भारतमा गएर निम्न स्तरको काम गर्न बाध्य सुदूरपश्चिमेलीहरूको मानवअधिकारको अवस्था पनि दयनीय देखिएको छ। राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीका प्रमुख दीपकजंगध्वज कार्कीले भारतमा कार्यरतलाई पनि नियमकानुनमा बाध्न सकिए उनीहरूको अधिकारको अवस्था पनि सुधार हुने बताउनुभयो।

नेपाल सरकारका कुनै पनि नियम कानुनले भारतमा कार्यरत कामदारहरूलाई सम्बोधन नगरेपछि अहिले पनि भारत जान कुनै पनि प्रक्रिया पुऱ्याउन पर्दैन। अनुमति लिएर जाने नबनाए पनि कम्तीमा तथ्यांक राख्न सकियो भने सुरक्षा र आर्थिक सहायता गर्न पनि सजिलो हुने देखिन्छ। तर सुदूरपश्चिमका ७० प्रतिशत घरधुरीबाट १ वा २ जना भारतमा कामका लागि गएको अनुमान गरिए पनि अहिलेसम्म कति छन् भन्ने कुनै तथ्यांक छैन। जसले गर्दा भारतमा कति कामदार सुरक्षित छन् र कति असुरक्षित त्यो पनि पत्ता लगाउन सकिएको छैन।

डोटीका १२ वटा गाविस, कञ्चनपुरका २ नगरपालिका र अछामको साफेबगरमा गरिएको सर्वेक्षणले मात्रै भारतमा १ सय ६६ जना बेपत्ता भएको देखाएको छ। वैदेशिक रोजगार ऐनले पनि भारतमा कार्यरत कामदारहरूलाई सम्बोधन नगरेपछि उनीहरूको अवस्था सुधार्न निकै जटिल भइरहेको निड्स नेपालकी अध्यक्ष अञ्जु जोशीले बताउनुभयो। वर्षेनी सुदूरपश्चिममा मात्रै हजारौंको संख्यामा जनशक्ति उत्पादन हुन्छ। तर यसरी उत्पादित दक्ष जनशक्तिले नेपाली श्रमबजारमा आफ्नो श्रम खर्च गर्ने र सोहीअनुसार आयआर्जन गर्न सकेको छैन। उत्पादित जनशक्तिलाई थेग्न र रोजगारी दिन सक्ने अवस्था नभएपछि नेपाली युवाले रहरले भन्दा बाध्यताले रोजगारीका लागि विदेशिनुपरेको तथ्यलाई नकार्न सकिन्न। तर गरिबी, विपन्नता, अभावका कारण गास खोज्नका लागि बाध्य भएर भारतका विभिन्न स्थानमा रोजगारी गर्न जानेहरूलाई सरकारले नै दोस्रो दर्जामा राखेपछि उनीहरूको अवस्था सुधार हुने सम्भावना निकै कम देखिएको हो।

# तीन उद्यमी सम्मानित

लमजुङ, (नेस)

लमजुङमा युवाका लागि उद्यमशीलता विकास तथा सचेतना कार्यक्रमका साथमा तीन उद्यमीलाई सम्मान गरिएको छ। जिल्ला युवा समितिको कार्यालयको आयोजनामा जिल्ला सदरमुकाम बेंसीशहरमा एकदिने युवा परामर्श कार्यक्रम गरिएको हो। कार्यक्रममा जिल्लाभरका करिब १ सय ५० जना युवाहरूले भाग लिएका थिए।

कार्यक्रम मै युवा प्रतिभा तथा उद्यमीको खोजी र उनीहरूलाई प्रोत्साहन कार्यक्रममा जिल्लामा रही उद्यम गरेका ३ जनालाई सम्मान गरिएको छ। सम्मानित हुनेहरूमा जिल्लामै पहिलोपटक रोज नर्सरी सञ्चालन गरी कृषि क्षेत्रमा योगदान गरेको भन्दै मर्स्याङ्दी गाउँपालिका-२ निवासी हुमदेवी गुरुङ, कृषि क्षेत्रमा अल्लोबाट बन्ने ढाकाका सामग्रीको उत्पादन गर्दै आएको विशाल अल्लो तथा ढाका उद्योगका सञ्चालन गर्ने बेंसीशहरकी पार्वती गुरुङ र मध्यनेपाल नगरपालिका-८ निवासी सूचना तथा प्रविधिमार्फत् सहगोग गरेको भन्दै युवा वैज्ञानिक रदि मियाँलाई सम्मान गरिएको हो। उनीहरूलाई जनही नगद ७ हजार र सम्मान पत्रद्वारा सम्मान गरिएको जिल्ला युवा समितिका अध्यक्ष विवश बुढाथोकीले बताउनुभयो। जिल्लाका बेरोजगार १६ वर्षदेखि ४० वर्षसम्मका युवाहरूलाई कार्यक्रममा सहभागी गराई परामर्श कार्यक्रम सञ्चालन गरिएको थियो।

# विद्युत् सेवा अनियमित

डोटी, (नेस)

केही समययता सुदूरपश्चिमका पहाडी जिल्लामा लगातार दैनिकजसो विद्युत् सेवा अनियमित हुँदा उद्योगी तथा सेवाग्राही मारमा परेका परेका छन्।

गएको एक हप्ता यता निरन्तर रूपमा विद्युत् सेवा अनियमित हुन थालेपछि डोटीलगायत सुदूरपश्चिमका पहाडी क्षेत्रका सेवाग्राहीले निकै सास्ती भोग्नुपरेको छ। यहाँको पहाडी जिल्ला जोड्ने भीमदत्त राजमार्गमा तानिएका विद्युत् हाइटेन्सनका पोलमा दिनहुँ समस्या देखिन थालेपछि गएको एक हप्तादेखि सुदूरपश्चिमका पहाडी जिल्लाको विद्युत् सेवा अनियमित बनेको हो।

विद्युत् सेवा अनियमित हुँदा उपभोक्ता आक्रोशित बनेका छन्।

# मकवानपुरको सामुदायिक वन फेरि उत्कृष्ट

**नेपाल समाचारपत्र**
हेटौंडा

मकवानपुरका सामुदायिक वनहरू देशमै उत्कृष्ट रहेको फेरि पुष्टि भएको छ। हेटौंडा-७ मा रहेको न्युरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समूह शुक्रबार राष्ट्रिय पुरस्कारबाट सम्मानित भएको छ।

यसअघि मकवानपुरको हेटौंडा-६ मा रहेको रानी सामुदायिक वनले सबभन्दा पहिला २०५७ सालमा सर्वमान्य गणेशमान सिंह वन संरक्षण (प्रथम) पुरस्कार पाएको थियो। मकवानपुरकै चुच्चेखोला सामुदायिक वनले २०७१ मा दोस्रो र सुन्दर सामुदायिक वनले २०७२ मा तेस्रो पुरस्कार प्राप्त गरेको थियो।

न्युरेनी समूह वन मन्त्रालयले दिने सर्वमान्य गणेशमान सिंह वन संरक्षण (तेस्रो) पुरस्कारबाट सम्मानित भएको छ। वन संरक्षणमा उत्कृष्ट भूमिका खेलेबापत वन विभागमा आयोजित कार्यक्रममा समूहलाई पुरस्कार प्रदान गरिएको हो। देशभरका वन समूहलाई पुरस्कारका लागि दरखास्त आह्वान गरेपछि न्युरेनी चिसापानी वनले पनि दरखास्त दिएको थियो। कार्यक्रममा वन मन्त्रालय, वन विभाग, वनसम्बन्धी सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो।

**संसोधित सुचना**

मिति २०७४/१/२२ गते नेपाल समाचार पत्रमा प्रकाशिशत १५ दिने सुचनामा किता नं. ७२७, ७२८, ७३० र १४५७ कित्तानम्बरहरु सो सुचनामा सो कित्ताहरु छुटहुन गएकोले यो सुचना पुन प्रकाशित गरिएको छ।

**श्री सुर्वणेश्वारी ईटा उद्योग**
ठेगाना: बालुवा-२, हाल पाँचखाल न.पा.१२, काभ्रे
**प्रो. राम गोपाल श्रेष्ठ**

**नेपाल सरकार**
**शिक्षा मन्त्रालय**
**सिंहदरवार, काठमाडौं**
**माइक्रो बस (हायस) भाडामा लिने सम्बन्धी बोलपत्र आह्वानको सूचना**
(प्रथम पटक प्रकाशित मिति :- २०७४/४/१)

यस मन्त्रालयको लागि माइक्रोबस भाडामा लिनुपर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्रमा यस मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखाबाट रु. ३०००।- (अक्षरेपी तीनहजार फिर्ता नहुने) तिरी बोलपत्र फाराम खरिद गरी सिलबन्दी रुपमा ३१ औं दिनको १२:०० बजेभित्र सोही शाखामा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु ३१ औं दिन दिनको २:०० बजे खोलिने छ। यस सम्बन्धी विस्तृत सूचना बोलपत्र फारामसाथ संलग्न गरिएको छ। यस विषयमा आवश्यक जानकारी मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखाबाट लिन सकिने छ।

**निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (प्याब्सन)**
जिल्ला कार्यसमिति, काठमाडौं
विशेष सूचना १

१) विगतका वर्षहरू झैं प्याब्सन जिल्ला काठमाडौंले २०७३ सालको एस.एइ.इ. परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल सदस्य विद्यालयहरू, GPA 3.95 वा सोभन्दा बढी ल्याउँने सफल विद्यार्थीहरू साथै एउटै संस्थागत विद्यालयबाट २०वर्ष सेवाअवधी पुगेका शिक्षक/कर्मचारी मध्य विद्यालयबाट १ जनालाई समेत **"प्याब्सन काठमाडौं दीर्घ सेवा पदक"** द्वारा समेत सम्मान गर्ने कार्यक्रम रहेकोले (बढीमा ४० जना) यहि २०७४ साउन १२ गते भित्र प्याब्सन जिल्ला कार्यालयमा रु.२०००/- तिरी दर्ता गर्न हुन सम्पूर्ण सदस्य विद्यालयहरूलाई जानकारी गराइन्छ।

**कार्यक्रम :**
**मितिः** २०७४ साउन २१ गते, शनिबार
**समयः** विहान ११:०० बजे
**स्थान :** UWTC, त्रिपुरेश्वर

२) २०७४ सालको हरितालिका तीजको विशेष अवसरमा काठमाडौं जिल्ला प्याब्सनद्वारा आयो जित **"प्याब्सन अन्तर विद्यालय तीज विशेष नृत्य प्रतियोगिता २०७४"** मा आफ्ना विद्यालयका छात्राहरूको टिम सहभागी गराइदिनुहुन हार्दिक अनुरोध गरिन्छ। नृत्य प्रतियोगितामा सहभागी हुने विद्यालयहरूले सहभागिताको लागि दर्ता शुल्क रु.४०००/- भुक्तानी गर्नुपर्नेछ र साउन १५ गते ४ बजे भित्र प्याब्सन जिल्ला कार्यालयमा विद्यालयको लेटर प्याडमा गीतको बोल, प्रशिक्षकको नाम र मोबाइल नं. तथा विद्यार्थीहरूको नाम प्रिन्सिपलले प्रमाणित गरी नृत्य समूह दर्ता गरिसक्नुपर्नेछ।

**कार्यक्रम :**
**मिति :** २०७४ भाद्र १ गते, बिहिबार
**स्थान :** राष्ट्रिय नाचघर, जमल, काठमाडौं
**समय :** विहान ८:०० बजे

३) काठमाडौं जिल्ला प्याब्सनद्वारा आयोजित 2017 Miss Little Idol प्रतियोगिता हुन गइरहेकाले ९ देखि १४ बर्षसम्मको छात्राहरूलाई यही साउन १५ गते ४ बजे भित्र प्याब्सन जिल्ला कार्यालयमा दर्ता गराइदिनुहुन सम्पूर्ण सदस्य विद्यालयहरूलाई हार्दिक अनुरोध गरिन्छ। दर्ता शुल्क रु.१००००/-

**कार्यक्रम :**
**मिति :** २०७४ भाद्र १० गते, शनिबार
**स्थान :** प्रज्ञा भवन, भृकुटीमण्डप मार्ग, काठमाडौं
**समय :** दिउँसो २:०० बजे

४) काठमाडौं जिल्ला भरिका महानगर/नगरपालिकाहरूका प्रमुख र उपप्रमुहरूलाई बधाई तथा सम्मान कार्यक्रम र स्थानिय सरकारले शिक्षामा खेल्लुनुपर्ने भुमिकाका सर्म्दभमा कार्यक्रम आयोजना हुँदैछ। मिति, समय र स्थानको बारेमा पछि जानकारी गराइनेछ।

५) प्याब्सन सदस्य विद्यालयहरूको २०७४ सालसम्मको प्याब्सन सदस्यता नवीकरण गर्न रु.३०००/- बुझाई अनिवार्य नवीकरण गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ। साथै माथि उल्लखित कार्यक्रमहरूमा सहभागि जनाउन सदस्यता नवीकरण अनिवार्य छ।

अन्य जानकारीको लागि प्याब्सन काठमाडौं जिल्ला कार्यालय **सम्पर्क नं:** ४३८१९७८, ४३५४३९१

**हरीकृष्ण श्रेष्ठ**
**अध्यक्ष**

**हार्दिक श्रद्धाञ्जली**



जन्म
१९८३/८/१०

स्वर्गारोहण
२०७४/३/२०

**स्व. लक्ष्मीदेवी जोशी**

यस सनातन इष्ट देवता गुठी (मरु जोशी)का सदस्यद्वय श्री मदनराज जोशी तथा श्री दिपकराज जोशीका पुजनीय माता स्व. श्रीमती **लक्ष्मीदेवी जोशी**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।
साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**सनातन इष्ट देवता गुठी (मरु जोशी)**
**परिवार**

**विद्युत तथा यान्त्रिक सेवा निर्देशनालय तथा सेवा केन्द्र, तोपखाना व्यारेक**
**सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**
**सूचना नं. : ०१/०७४/०७५**
**(प्रथम पटक प्रकाशित मितिः २०७४/०४/०१ गते।**

यस सेवा निर्देशनालय तथा सेवा केन्द्रको लागि आ.व. ०७४/७५ मा आवश्यक पर्ने तपशिल बमोजिमका सामान तथा कार्यहरू खरिद गर्नुपर्ने भएको हुँदा आपूर्ति गर्न ईच्छुक ईजाजत प्राप्त रजिष्टर्ड फर्म, कम्पनी एवं सप्लायर्सहरूले आफूले गरेको कारोबार तथा सेवाको विवरण तथा आफ्नो स्पष्ट ठेगाना, फोन नम्बरसहित खुलाई फर्म तथा, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर दर्ता र आ.व. ०७२/७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस सेवा निर्देशनालय तथा सेवा केन्द्रमा सूचि दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ।

**तपशिल**
१. लाइट तथा हेभी सवारीसाधन र जेनेरटरहरूको स्पेयर पार्टस, २. रेडियो, टेलिफोन र अन्य ईलेक्ट्रोनिक्स उपकरणहरुका स्पेयर पार्टस, ३. हार्डवयेर र रंग रोगनका सामानहरु ४. विभिन्न टुल्स तथा उपकरणहरु ५. लुब्रिकेन्ट्सहरु ६. स्टेसनरी तथा मसलन्द सामानहरु ७. फ्याक्स फोटोकपी मेशिन र कम्प्यूटर मर्मतसम्बन्धी ८. छपाईसम्बन्धी कार्य ९. सवारीसाधनहरूको फर्निसिङ्ग तथा सफाईका सामानहरु १०. चिरान काठ ११. सवारीसाधनको डेण्टपेन्ट कार्य १२. ट्रक बसको बडी बनाउने कार्य १३. रेफ्रिजेरेसन तथा एयर कण्डिशनरहरूको स्पेयर पार्टस् १४. तयारी पोशाकहरू १५. निर्माण कार्य तथा निर्माण सामाग्रीहरू।



# विश्व

## दुर्लभ

पेरुमा पाइएका सत्र सय वर्षभन्दा पुराना ममि मानवभन्दा सरिशृपजस्तो देखिएको खुलासा भएको छ।



## सार्वजनिक

चर्चित गायिका वियोन्सले पहिलोचोटि आफ्ना एक महिने जुम्ल्याहा सन्तान सार्वजनिक गरेकी छिन्।





विश्व २ मिनेट

### बेलायत

## ब्लेयरको भनाई

लन्डन, (एजेन्सी)

बेलायतका पूर्वप्रधानमन्त्री टोनी ब्लेयरले शनिबार युरोपेली संघ (ईयू) का केही नेताहरू बेलायतलाई विश्वमा एकल बजारमा टिकिरहन मद्दत गर्नका लागि बेलायतीहरूको स्वतन्त्र आवतजावतका लागि उद्धार नीति अपनाउन तयार रहेको बताएका छन्। उनले टुडे कार्यक्रममा भनेका छन्, 'बेलायतसामू सुधारिएको युरोपेली संघभित्रै बस्ने अर्को एक उपाय थियो। युरोपमा मैले गरेका वार्ता खोल्न चाहन्न। तर मैले सन्किएर कुरा गरिरहेको छैन।' बेलायत सरकार भने ब्रेक्सिटका कारण बेलायतले आफ्नो सीमा क्षेत्रमा ठूलो नियन्त्रण पाउने कुरामा विश्वस्त रहेको छ।

### क्यानाडा

## झण्डै दुर्घटना

टोरन्टो, (एजेन्सी)

१ सय ४० जना यात्रु बोकेको एयर क्यानडाको एउटा विमान अमेरिकाको सान फ्रान्सिस्कोको विमानस्थलमा अवतरणको क्रममा अन्य विमानहरूभन्दा मात्र ३० मिटर पर पुगेर रोकिएकाले ठुलो दुर्घटना टरेको सञ्चार माध्यमले शुक्रबार जनाएको छ। उक्त घटना घटेको धेरै दिनपछि मात्र यो खबर सार्वजनिक गरिएको हो। क्यानडाको टोरोन्टोबाट कल साइन एसी ७५९ बोकेको उक्त विमान ट्याक्सी वेमा रोकिएका अन्य चारवटा विमानसंग झण्डै ठोकिन पुगेको थियो। गत ७ जुलाईमा पायलटले गल्तीवश जेट विमान उड्ने स्थानमा विमान लान पुग्दा त्यो स्थिति आएको थियो।

### इजिप्ट

## छुरा प्रहार

कायरो, (एजेन्सी)

इजिप्टको हुर्घाडास्थित चर्चित रेड सी रिसोर्टको एउटा होटेलमा शुक्रबार दुईजना महिला पर्यटकको छुरा प्रहार गरी हत्या भएको प्रहरीले जनाएको छ। सो घटना कम्तिमा अन्य ४ व्यक्ति घाइते भएको र एकजना पुरुष पक्राउमा परेको स्थानीय सञ्चार माध्यमले जनाएको छ। गृहमन्त्रालयले आक्रमणकारीसंग आक्रमण गर्नाको कारण बारे सोधपुछ भइरहेको बताएको छ। ती आक्रमणकारी नजिकैको सार्वजनिक समुद्रीतटबाट पौडिंदै त्यहाँ आइपुगेको अनुमान गरिएको छ। सनु २०१६ को जनवरीमा पनि स्कुवा डाइभिंगका लागि प्रख्यात यही रिसोर्टमा ३ जना पर्यटकलाई छुरा प्रहार गरिएको थियो।

### चीन

## अयोग्य घोषित

हङकङ, (एजेन्सी)

हङकङको उच्च अदालतले विधान सभा परिषद्मा शपथ ग्रहण गर्ने क्रममा बेइजिङको आलोचना गरेका कारण ४ जना विधायकलाई शुक्रबार अयोग्य घोषित गरेको छ। तिनीहरूले सन् २०१६ मा अनियमित ढंगले पदीय शपथ ग्रहण गरेको पाइएको बताइएको छ। चिनियाँ राष्ट्रपति सि जिनपिङले हङकङलाई चीनको त्यस शहरमाथिको अधिकारलाई चुनौती नदिन चेतावनी दिएको केही सातापछि यो कारवाही अघि बढाइएको हो। चीनबाट थप स्वायत्तता र चुनावी प्रक्रियाको सुधारको माग राख्दै सन् २०१४ मा हङकङमा प्रजातन्त्र समर्थित विशाल प्रदर्शन भएको थियो।

# फिल्डस मेडलधारी महिला गणितज्ञको निधन

न्युयोर्क, (एजेन्सी)

गणित विषयका लागि विश्वकै सबैभन्दा प्रतिष्ठित पुरुस्कार फिल्डस मेडल जित्न सफल पहिलो महिला मार्याम मिर्जाखानीको ४० वर्षको उमेरमा संयुक्त राज्य अमेरिकामा निधन भएको अमेरिकी सञ्चार माध्यमले जनाएको छ।



उनलाई लागेको स्तन क्यान्सर हड्डीसम्म फैलिएपछि उनको निधन भएको बताइएको छ। 'गणित विषयका लागि नोबेल पुरस्कार ' नै मानिने फिल्डस मेडल हरेक ४ वर्षमा ४० वर्ष उमेर मुनिका २ देखि ४ जना गणितज्ञलाई प्रदान गरिने गरिएको छ।

इरानी प्राध्यापक मिर्जाखानीलाई गहन ज्यामिती र डाइनाकिल सिस्टममा विषेश खोज रअनुसन्धान गरेवापत सन् २०१४ मा यो पुरस्कार दिइएको थियो। अमेरिकाको राष्ट्रिय हवाइ अन्तरिक्ष निकाय (नासा ) मा कार्यरत उनका वैज्ञानिक मित्र फिरोज नादेरीले इस्टाग्राममा लेखेकी छिन् ,'आज एउटा दियो निभेको छ। पीडाले मेरो हृदय छियाछिया भएको छ।' सन् १९७७ मा जन्मेकी प्राध्यापक मिर्जाखानी इरानको ऐतिहासिक क्रान्तिपछि हुर्केकी हुन्। उनले किशोरावस्थामा नै इन्टरनेसनल म्याथेम्याटिकल ओलम्पियाडमा दुईवटा स्वर्ण पदक जित्न सफल भएकी थिइन्।

उनले सन् २००४ मा बेलायतको चर्चित हर्वार्ड विश्वविद्यालयबाट विद्यावारिधि हासिल गरेपछि स्ट्यान्फोर्डमा प्राध्यापन थालेकी थिइन्। सन् १९३६ मा स्थापित फिल्डस मेडल कहिले कुनै महिलाले जित्लिन् भन्ने लामो समयको कौतुहलतालाई उनले ३ वर्षअघि समाप्त गरिदिएकी थिइन्। साथै मिर्जाखानी उक्त पदक जित्ने पहिलो इरानी पनि हुन्।

अक्सफोर्ड विश्वविद्यालयका उक्त मेडल छनौट समितिका सदस्य प्राध्यापक फ्रान्सेस किर्वानले उनले सो पदक जित्दा यसरी प्रतिक्रिया दिएका थिए , 'मलाई आशा छ, यस पुरस्कारले बेलायतलगायत अन्य राष्ट्रका थुप्रै युवा महिलाहरूलाई अझै बढि प्रेरित गरुन्। तिनीहरूलाई आफ्नो क्षमतामा विश्वास पैदा गरी भविष्यमा फिल्म मेडलिस्ट बन्ने प्रेरणा पनि मिलोस्।'

# असफल सैनिक विद्रोहको वार्षिकी मनाइने

इस्तानबुल, (एजेन्सी)




टर्कीमा भएको असफल सैनिक विद्रोहको वार्षिकी विभिन्न कार्यक्रहरू आयोजना गरी मनाइने भएको तुर्केली सञ्चार माध्यमले शनिबार जनाएको छ। गत वर्षको उक्त सैनिक विद्रोहको दौरान कम्तिमा २ सय ६० जना व्यक्तिको ज्यान जानुका साथै अन्य २ हजार १ सय ९६ जना घाइते भएका थिए।

सेनाको एक असन्तुष्ट समूहले त्यतिबेला राष्ट्रपति रिसेप तायिप एर्दोगानको सत्ता हत्याउन गरेको प्रयास असफल भएको थियो। उक्त घटना यता सरकारले सरकारी कार्यालयहरूबाट १ ला ५० हजार जनाभन्दा बढी कर्मचारीलाई वर्खास्त गरिसकेको छ।

यस कार्यको अन्तर्राष्ट्रिय जगतले समेत आलोचना गरे पनि तुर्केली सरकारले भने उक्त विद्रोहको समर्थ गर्नेहरूको जरोसमेत उन्मूलन गर्ने जनाउँदै आएको छ। अहिलेसम्म करिब ५० हजार व्यक्तिलाई पक्राउ गरी सरकारले आफ्नो स्थिति साँच्चै नै मजबुत बनाउन खोजेको छ।

एर्दोगानका विरोधीहरूले भने उनले नियतवश पूर्वाग्रह राखेर आफ्ना विरोधीहरू सकाउने खेल खेलिरहेको आरोप लगाउने गरेका छन्। गत साता मात्र सरकार विरुद्ध इस्तानबुलमा हजारौं जनताले ४ सय ५० किमी लामो न्याय मार्चमा भाग लिएका थिए।


उक्त मार्चका आयोजक तथा विपक्षी राजनीतिज्ञ केमाल किलिक्दारोग्लुले गत वर्षको सैनिक विद्रोहको भत्सार्ना गरे तापनि एर्दोगानको हालको गतिविधिलाई अर्को सैनिक विद्रोहका रूपमा लिन सकिने बताएका छन्। तर एर्दोगानले भने उक्त मार्चमा भाग लिनेहरूले आतंकवादलाई समर्थन गरिरहेको आरोप लगाएका छन्। शनिबार बेलुका पनि सरकार विरुद्ध विशाल ¥यालीहरू निकाल्ने कार्यक्रम रहेको थियो।

# मानसिक रोगीद्वारा सामूहिक हत्या स्वीकार



वासिंगटन, (एजेन्सी)

अमेरिकाको कोस्मो डिनार्डो नामक व्यक्तिले एक साताअघि हराएका चारजना पुरुषको हत्या गरेको स्वीकारेका छन्। ती ४ जनामध्ये १ जनाको शव उनको मातापिताको पेनरिल्भानियास्थित एउटा फार्ममा भेटिएपछि प्रहरीले उनीमाथि अनुसन्धान केन्द्रित गरेको थियो।



डिनार्डोका वकिलले निकै भावुक प्रकृतिका उनले आफू अपराध स्वीकार्न तयार रहेको बताइसकेको जनाएका छन्। तर वकिलले यसरी सजिलैसँग अपराध स्वकिरेर आत्मसमर्पण गरेका उनलाई मृत्युदण्ड दिन नखोज्न अनुरोध गरेका छन्।

ती मारिएका मध्ये १ जनाको कार बेच्न खोजेको अवस्थामा बुधबार उनलाई प्रहरीले गिरफ्तार गरेको थियो। त्यसै गरी अनुसन्धानकर्ताहरूले गत शुक्रबार बेपत्ता भएका १९ वर्षीय डिन फिनोचियारोको शव फिलाडेलिफयाको सोलब्युरी स्थित ९० एकड जमिनमा फैलिएको फार्ममा फेला परेको थियो।

उनको शव फेला परेको गहिरो खाल्डोमा अन्य मानव अवशेष पनि फेला परेका छन्। ती अवशेष ७ जुलाईमा बेपत्ता भएका २२ वर्षीय मार्क स्टर्गिस र २१ वर्षीय टम मियोको तथा त्यसको २ दिनअघि बेपत्ता भएका १९ वर्षीय जिमी टार प्याट्रिकको हुनुपर्ने बताइएको छ। ती पीडितमध्ये कम्तिमा ३ जना एकअर्कासंग परिचित रहेको बताइएको छ।

मियो हराएको भोलिपल्टै उनको १९९६ मोडलको निस्सान म्याक्सिमा मात्र ५ सय अमेरिकी डलरमा बिक्री गर्न खोज्दा उनी प्रहरीको शंकाको दायरामा आएका थिए। मधुमेह रोगीले प्रयोग गर्ने ज्यान जोगाउने आपत्कालीन उपकरण त्यतिबेला त्यो कारभित्रै भेटिएको थियो।

मियोले त्यसको प्रयोग गर्दै आएको बताइएको छ। सरकारी अधिकारीहरूले सडनार्डो निकै खतरनाक भएको र सम्भवत उनी दिग्भ्रमित हुने रोग स्किजोफ्रेनिया पीडित हुन सक्ने बताएका छन्। फिलाडेलिफयाका अनुसन्धानकर्ताले प्याट्रिक र डिनार्डो दुवैले एउटै हाइस्कुलमा अध्ययन गरेको पत्ता लगाएका छन्।

# नोबेल पुरस्कार विजयी लिउको अन्त्येष्टि

बेइजिङ, (एजेन्सी)


चिनियाँ मनव अधिकार तथा प्रजातन्त्रवादी अभियन्ता एवं शान्तिका लागि नोबेल पुरस्कार विजयी लिउ सियाओवोको शनिबार चीनको उत्तरपूर्वी सेनयाँग शहरमा एक निजी कार्यक्रमअन्तर्गत अन्त्येष्टि गरिएको छ।

६१ वर्षीय लिउको क्यान्सरका कारण निधन भएको थियो। उनका भाइले उनको खरानीपछि समुद्रमा छरिएको जानकारी दिएका छन्। प्रजातन्त्रको माग गर्दै आन्दोलन गरेकै कारण ११ वर्ष लामो कारावास संजाय भोग्दै आएको उनको बिहीबार कलेजोको क्यान्सरको कारण निधन भएको थियो।

सन् २०१० मा लिउ पक्राउ परेयता नजरवन्दी बनाइएका उनकी पत्नी लिउ सिया हिजो सम्पन्न उनको अन्त्येष्टिमा सरिक भएकी थिइन्। एकजना सरकारी अधिकारीले स्थानीय परम्परा र संस्कार तथा परिवारको इच्छाअनुसार लिउको अन्त्येष्टि गरिएको जानकारी दिएका छन्। उक्त कार्यक्रममा विश्व प्रसिद्ध संगीतकार मोजार्टद्वारा तयार पारिएको शोक धुन बजाइएको थियो। सोही अधिकारीले आफूलाई लिउकी पत्नीलाई नजरवन्द मुक्त गरिएको विश्वास लागेको बताएका छन्।

तर लिउका वकिल जारेड गेनसरले भने सो भनाइ साँचो नभएको स्पष्ट पारेका छन्। आफ्नो पतिको खुल्ला कोफिनसंगै उभिएकी उनी निकै दुखित देखिएको स्थानीय संचार माध्यमले जनाएको छ।

लिउ सियाओबोलाई चीनमा अहिंसात्मक ढंगले मानव अधिकारका लागि आन्दोल गरेबापत् सन् २०१० मा शान्किा लागि नोबेल पुरस्कार दिइएको थियो। तर चीन सरकारले उनलाई सो पुरस्कार थाप्नबाट बञ्चित गरेको थियो।





# मानसिक प्रताडना र दाँत किटाइबीच सम्बन्ध



रियो दि जेनेरियो, (एजेन्सी)

अधिकांश विद्यालय जीवनमा मानसिक प्रताडना भोगेका किशोरहरूको दाँत किट्ने बानी हुने हालै गरिएको स्वास्थ्यसम्बन्धी एक अनुसन्धानले जनाएको छ। ब्राजिलमा हालै गरिएको यस अनुसन्धानको प्रतिवेदन सार्वजनिक भएपछि एउटा ओरल हेल्थ च्यारिटीले यो समस्या तनाव र चिन्तामा रहने वयस्कहरूमा पनि देखिन सक्ने जनाएको छ।

यसरी दाँत किट्ने बानीका कारण टाउको दुख्ने, दाँत बिग्रने र निद्रा बिथोलिनेजस्ता समस्या निम्तिन सक्ने बताइएको छ। विशेषज्ञहरूका अनुसार विश्वमा दाँत किट्नेहरूको संख्या बढ्दै गइरहेको छ।

दाँत किट्दा आउने आवाजलाई करौंतीले काठ चिर्दा आउने आवाजसंग तुलना गरिएको छ। ओर रिह्याविलेसनको जर्नलमा प्रकाशित यस अध्ययनको प्रतिवेदनमा विद्यालयमा शाब्दिक प्रताडना भोग्ने १३ देखि १४ वर्ष उमेरका किशोर किशोरीले अन्यका तुलनामा सुत्नेबेला दाँत किटने सम्भावना झण्डै चार गुणा बढी हुने जनाइएको छ।

मानसिक प्रताडनाबाट गुज्रेका ६५ प्रतिशत किशोरहरूले दाँत किट्ने गरेको पाइएको तथा अन्य सामान्य १७ प्रतिशतमा मात्र यस्तो समस्या देखिएको उक्त अध्ययनले देखाएको छ। यो अध्ययन ब्राजिलका करिब ३ सय जनाभन्दा बढी किशोरकिशोरीमाथि गरिएको हो।

ओरल हेल्थ फाउन्डेसनका डाक्टर निजेल कार्टरले संयुक्त अधिराज्यमा पनि यो अनुसन्धान गरिनुपर्ने बताएका छन्। तर एउटा राम्रो खबर छ। यसको उपचार विधि संभव छ। दन्त चिकित्सकले प्लास्टिकबाट बनेको गार्ड वा स्प्लिन्ट भन्ने उपकरण दाँतमा जडान गरिदिएको खण्डमा मानिसले दाँत किट्न छोड्छन्।

राधा माधव समिति, नेपालले हेटौंडा-१७, हटिया जुरेथुममा यस युगका पञ्चम मूल जगत्‌गुरु कृपालुजी महाराजको नित्य निकुञ्ज लीला प्रवेशोपरान्त उहाँको स्मृतिमा 'दिव्य समाधि मन्दिर' निर्माण थालेको हो।

# दुई दिनभित्रै मन्त्रिमण्डल विस्तार : लेखक

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसका केन्द्रीय सदस्य रमेश लेखकले एक/दुई दिनभित्रै मन्त्रिमण्डल विस्तार हुने बताउनुभएको छ। उहाँले दोस्रो चरणको स्थानीय तहको निर्वाचनको कारणले मन्त्रिमण्डल विस्तारमा केही ढिलाइ भएको भए पनि अबको दुई दिनभित्रै सरकार विस्तार हुने बताउनुभएको हो।

'सरकार विस्तारमा विलम्ब भएकै हो, अहिले हामी अन्तिम छलफलमा जुटेका छौं, ढिलाइ भए पनि अब चाँडोभन्दा चाँडो सरकार विस्तार हुन्छ, मन्त्रालय बाँडफाँड गर्ने काम करिब-करिब सकिएको छ, मन्त्री क-कसलाई बनाउने भन्नेबारे छिट्टै टुंगो लाग्छ' -उहाँले भन्नुभयो।

नेता लेखकले राजपा स्थानीय तहको तेस्रो चरणको निर्वाचनमा सहभागी हुने विश्वास व्यक्त गर्दै असोज २ गते हुने तेस्रो चरणको स्थानीय तहको निर्वाचनमा राजपा सहभागी हुने दाबी गर्नुभयो। सरकारले संविधान संशोधन प्रस्ताव पारित गराउनका लागि महत्वपूर्ण प्रयास गरेको भएपनि प्रस्तावको पक्षमा दुई तिहाइको सुनिश्चितता हुन नसक्दा केही विलम्बन गएको उहाँले बताउनुभयो।

शनिबार रिपोर्टर्स क्लबद्वारा आयोजित साक्षात्कार कार्यक्रममा उहाँले संशोधन प्रस्तावको पक्षमा एमालेले समर्थन नगर्दा दुई तिहाइको सुनिश्चितता हुन नसकेको बताउनभुयो। संशोधन प्रस्ताव पारित गराउनका लागि सत्तारुढ दल कांग्रेस,माओवादी केन्द्र, राप्रपा र राजपालगायतका दलहरू एकमत रहेको बतताउनुभयो।

अहिले संविधानले प्रदत्त गरेको निर्वाचन क्षेत्र अर्थात १६५ नै हुने बताउँदै २४० को हल्ला फैलाइएको सत्यता नभएको उहाँले बताउनुभयो।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सचिव प्रदिप ज्ञवालीले निर्वाचन अघि संविधान संशोधन गर्न नहुने बताउनुभयो। एमाले संशोधनको बाधक होइन, हामी संशोधन बारे चुनावपछि छलफल गर्न तयार छौं, उहाँले भन्नु भो,'हामीलाई कर्नरमा पार्न ल्याइएको संशोधन प्रस्ताव फिर्ता हुनुपर्छ, त्यसपछि हामी फ्रेस रूपमा छलफल गर्न तयार छौं।'

सत्तारुढ दल नेकपा माओवादी केन्द्रका संसदीय दलका उपनेता टोपबहादुर रायमाझीले निर्वाचनको कारणले मन्त्रिमण्डल विस्तारमा ढिलाइ भएको बताउनुभयो। उहाँले अबका एक साताभित्रै मन्त्रिमण्डल विस्तार हुने विश्वास व्यक्त गर्दै सरकारमा सहभागी हुने मन्त्रीहरूको बारेमा आफ्नो पार्टीमा मोटामोटी सहमति जुटेको बताउनुभयो।

राजपा नेपालका नेता अनिल झाले संविधान संशोधन नभएसम्म आफ्नो पार्टीले कुनै पनि निर्वाचनमा भाग नलिने बताउनुभयो। उहाँले एजेन्डा र निर्वाचनमध्ये एक रोज्दा आफूहरूले एजेन्डा रोजेकाले यसअघिका निर्वाचन पनि बहिष्कार गरेको बताउनुभयो।

# लोकप्रिय बन्दै हटलाइन सेवा

काठमाडौं, (नेस)

२०७२ सालको विनाशकारी भूकम्पले घर क्षति भएकाले सिन्धुपाल्चोकका भगवान अधिकारीले नयाँ बनाउने घरको नक्सा पास गर्न प्राविधिकको सहयोग लिनुभएको थियो। प्राविधिकले १० हजार शुल्क लाग्छ भनी उहाँबाट पैसा लिएर जानुभएको रहेछ।

उहाँले शंका लागेर रेडक्रसबाट सञ्चालित नि:शुल्क हटलाइन ११३० मा फोन गर्नुभयो। उहाँको फोन कल पाएपछि हटलाइन स्वयंसेवकले सम्बन्धित मेलम्ची नगरपालिकाको कार्यालयमा जानकारी गराउनुभएको थियो।

केही दिनपछि फोन गरेर हटलाइन ११३० लाई भगवान अधिकारीले धन्यवाद दिनुभयो। उहाँले रेडक्रस स्वयंसेवक राजन भण्डारीलाई भन्नुभयो- 'तपाईहरूको फोनका कारण नगरपालिकाले पैसाको विषयमा सम्बन्धित प्राविधिकलाई सोधखोज गरेछ।'

हिजो मेरो घरमा प्राविधिक स्वयम् उपस्थित भई उक्त रकम फिर्ता दिनुभयो। प्राविधिकले गल्ती महशुस गरेका छन्, त्यसैले उहाँको नाम उल्लेख नगरीदिनुहोला।'

वक्राङ गोरखाका बाबुराम पन्तले रेडक्रस आफू जिविकोपार्जन कार्यक्रमको लाभग्राही सूचीमा पर्नुपर्ने परेकाले फोनमार्फत् गुनासो गरेपछि समस्या समाधान भएको अर्को उदाहरण पेश गर्दै गत एक वर्षमा १ हजार ७ सय ८३ फोनकल पाइएको र देखिएका समस्याहरू समाधान गर्दै आएको कुरा रेडक्रस हटलाइनका अर्का स्वयंसेवक सरिता लामाले जानकारी दिनुभयो।

रेडक्रसका सेवा तथा गतिविधि बारे टिप्पणी, सुझाव, गुनासो वा प्रश्नहरू भएमा जो कोहीले पनि हट लाइन ११३० मा नेपाल टेलिकम र एनसेलको मोबाइल फोन तथा ल्याण्डलाइनबाट नि:शुल्क फोन गर्नसक्ने व्यवस्था गरिएको नेपाल रेडक्रसका सञ्चार प्रमुख दिव्यराज पौडेलले बताउनुभयो।

उहाँले भन्नुभयो-'विस. २०७२ को विनाशकारी भूकम्पपछि अतिप्रभावित १४ जिल्लामा नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गरेको भूकम्पप्रति कार्य कार्यक्रमका गतिविधि र संस्थाका अरू नियमित कार्यमा जनसहभागिता र स्वीकार्यता बढाउन तथा पारदर्शी बनाउन यो हटलाइन अत्यन्तै सहयोगी देखिएको छ।'

कार्यप्रतिको गुनासोको सम्मान र सुनुवाइका लागि संस्थाको जवाफदेहिता बढाउन १ वर्षअघि यो हटलाइनको ११३० को स्थापना गरिएको थियो। हटलाइनमा प्राप्त महत्वपूर्ण प्रश्नहरू आवश्यकताअनुसार विभिन्न निकायमा पठाइ समस्या समाधान गर्ने प्रयत्न गरिएको र महत्वपूर्ण सबालहरूलाई प्रकाशनमार्फत् पनि स्पष्ट पार्ने गरिँदै आएको छ।

# वडा अध्यक्षले चेक कब्जा गरे

पाँचथर, (नेस)

पाँचथरको फिदिम नपा वडा नम्बर ९ बाट हालै निर्वाचित वडाअध्यक्ष बालकृष्ण लावती र वडा सदस्य गंगाराम राईले मोटरबाटो निर्माण उपभोक्ता समितिको नाममा काटिएको चेक कब्जा गरेको समितिले जनाएको छ।

शनिबार फिदिममा गरिएको पत्रकार सम्मेलनमा साबिक लुम्फाबुङ गाविस वडा नम्बर १ देखि ६ हुँदै वडा नम्बर ८ जाने मोटरबाटो सुधारका लागि निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गतको योजनाको चेक उनीहरूले कब्जा गरेको सो समितिका अध्यक्ष प्रेमराज सम्बाहम्फेले बताए। सम्मेलनमा अध्यक्ष सम्बाहाम्फेले वडा सचिव राजकुमार न्यौपानेले समितिको नाममा काटेको नेपाल बैंक लिमिटेडको ०६७००१०६३९६७९३००००१ नम्बरको चेक जबरजस्ती लगेको बताएका छन्।

यस बारेमा वडा अध्यक्ष लावतीसित सम्पर्क गर्दा सो चेक आफूले नलगेको र बाटो खन्दा प्रयोग गरिएका मेसिन) स्काभेटरका धनी दावा लामाले लगेको बताए पनि लामाले भने यस विषयमा आफूले चेक नलगेको चेक समितिकै मान्छेसित हुनुपर्ने बताएका छन्। पत्रकार सम्मेलनमा सो योजनाबाट ३० हजार रुपियाँ कमिसन आफूहरूलाई दिन सो वडाका सदस्य गंगाराम राईले मागेको समेत बताएका छन्। वडा अध्यक्षजस्तो पदमा रहेका व्यक्तिले विकास निमार्णको काममा जनतासंगै हातेमालो गर्नुपर्नेमा समितिको काममा हस्तक्षेप गर्नु राम्रो नहुने स्थानीयवासीले बताए।

# खटाइए उपसचिव

काठमाडौं, (नेस)

सरकारले स्थानीय तहमा कर्मचारी खटाएको छ। लामो समयसम्मको विवादपछि वरिष्ठताको आधारमा शिक्षा सेवाका कर्मचारीलाई स्थानीय तहमा खटाउने निर्णय भएपछि शिक्षा मन्त्रालयले झण्डै १ सय उपसचिवलाई स्थानीय तहमा खटाएको हो। मन्त्रालयले काठमाडौं महानगरपालिकामा प्रल्हाद अर्याल, ललितपुर महानगरपालिकामा हरि अर्याल, भरतपुर मनपामा बद्रीनारायण शर्मा, पोखरामा गणेश ढकाल र विराटनगरमा रुद्र दुलाललाई खटाएको छ। त्यस्तै ईटहरी उपमनपामा डिल्ली निरौला र धरान उप मनपामा टेकनाथ रेग्मी, रूपन्देहीको बुटवल उपमहानगरपालिकामा भोजबहादुर केसी, दाङको तुलसीपुरमा भास्करराज गौतम, बाँकेको नेपालगन्ज उपमहानगरपालिकामा गोर्खबहादुर थापालाई खटाएको छ।

त्यसै गरी काठमाडौंको कागेश्वरी मनहरा नगरपालिकामा गीता घिमिरे, गोकर्णेश्वरमा दण्डपाणि शर्मा, दक्षिणकालीमा हेमप्रसाद आचार्य, नागार्जुनमा देवीराम अर्याल, बुढानीलकण्ठमा युवराज पौडेल, कीर्तिपुरमा समन्तमणि आचार्य, शंखरापुरमा देवीरञ्जन हुमागाईं भक्तपुरको मध्यपुर थिमीमा महेन्द्रकुमार बोहोरा, सिन्धुलीको दूधौलीमा सत्रुघन यादव, काभ्रेको पनौतीमा मित्रप्रसाद काफ्ले, पाँचखालमा दिनेशकुमार न्यौपाने, नमोबुद्धमा फटिकबहादुर केसी, मन्डनदेउपुरमा हर्कबहादुर अधिकारीलाई खटाएको छ।

त्यस्तै ललितपुरको महालक्ष्मी नगरपालिकामा गोकर्णध्वज कार्की, मकवानपुरको थाहा नगरपालिकामा रवीप्रसाद शर्मा, चितवनको खैरहनीमा नारायणप्रसाद पौडेल, रत्ननगरमा रामकृष्ण सिंखडा, स्याङ्जाको भीरकोटमा हुमानाथ शर्मा, तनहुँको भीमादमा रामप्रसाद शर्मा, शुक्लागण्डकीमा मायाकुमारी बराल, बाग्लुङको जेमिनीमा खेमप्रसाद आचार्य, लमजुङको सुन्दरबजारमा कृष्णप्रसाद सिग्देल र नवलपरासीको कावासोतीमा गोपालप्रसाद कँडेललाई खटाएको मन्त्रालयले जनाएको छ।

त्यसै गरी काठमाडौंको टोखामा ललितविक्रम सिंह, भक्तपुरमा हीराकिरण कायस्थ, देवदहमा घनश्याम भुसाल, सैनामैनामा नरेन्द्र बेल्वासे, लुम्बिनी सांस्कृतिकमा दिवाकर भण्डारी, तिलोत्तमामा टिकाराम शर्मा, सिद्धार्थनगरमा टिकाराम अर्याल, कपिलवस्तुको बाणगंगामा सूर्यप्रसाद भुसाल, बुद्धभूमिमा बाबुराम भट्टराई, कोहलपुरमा मनप्रसाद रेग्मी र कन्चनपुरको कृष्णपुरमा गणेशबहादुर सिंहलाई खटाएको मन्त्रालयले जनाएको छ।

# आठजना नगर कार्यपालिकाका सदस्य चुनिए



**नेपाल समाचारपत्र**

ताप्लेजुङ

ताप्लेजुङको फुङलिङ नगर कार्यपालिकाका ८ जना सदस्य निर्वाचनबाट चुनिएका छन्। शनिबार भएको निर्वाचनबाट चुनिने सबै नेकपा एमालेका रहेका छन्।

नगर कार्यपालिका नवनिर्वाचित ८ जना सदस्यलाई मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतले शपथ खुवाएका छन्। सपथअघि उनले निर्वाचित सदस्यलाई प्रमाण-पत्र बितरण गरेका थिए।

यो निर्वाचनसंगै ताप्लेजुङका ९ वटा स्थानीय तहका नगर तथा गाउँसभा र नगर कार्यपालिकाका तथा गाउँपालिकाले पूर्णता पाएको छ। शनिबार नगर कार्यपालिकामा ८ जना निर्वाचित भएसंगै २१ सदस्यीय फुङलिङ नगर कार्यपालिका पनि पूर्ण भएको छ।

२१ सदस्यीय कार्यपालिकामा प्रमुख, उपप्रमुख र ११ वटा वडाका वडाध्यक्ष गरी १३ जना गएको असार १४ गतेको निर्वाचनबाट निर्वाचित भएका थिए। नगर कार्यपालिकामा प्रमुख, उपप्रमुख,११ वटा वडाका वडाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित महिला सदस्य भित्रबाट ५ जना र आम मतदाता भित्रका दलित वा अल्पसंख्यक मध्येबाट ३ जना गरी २१ जना रहने व्यवस्था छ।

यो व्यवस्थाअनुसार निर्वाचित महिला सदस्य भित्रबाट चन्द्रकला कार्की, कविता नेपाली (दमाइ), नर्वदादेवी भण्डारी, वर्षा इजम र सरस्वता भारती (पुरी) नगर कार्यपालिकामा थप निर्वाचित भएका छन्। निर्वाचित सबैले ३८/३८ मत ल्याए। निर्वाचनमा पराजित नेपाली कांग्रेसका जसोदा गुरुङ, टीकामाया नेपाली र प्रमिला गुरुङको समान १९-१९ मत रहयो। यसै गरी दलित वा अल्पसंख्यक भित्रबाट नगर कार्यपालिकामा दावा शेर्पा, कृष्ण खवास र नेताकुमारी परियार शिवा निर्वाचित भएका छन्।

खवास र परियारको समान ३९/३९ तथा शेर्पाको ३८ मत रहेको मुख्य निर्वाचित अधिकृतको कार्यालयले जनाएको छ। अल्पसंख्यक कोटाबाटै नगर कार्यपालिकामा प्रतिनिधित्व गर्न निर्वाचिनमा गएका नेपाली कांग्रेसका उमेश शिवा र दावा छेतेन शेर्पा पराजित भए। शिवाको १८ र शेर्पाको १७ मत रहेको छ।

# विश्वकै आध्यात्मिक धरोहर शिलान्यास

हेटौंडा, (नेस)

पर्यटकीय र धार्मिक विकासमा टेवा पुग्ने गरी हेटौंडामा करिब १ अर्ब रुपियाँ लागतमा अन्तर्राष्ट्रियस्तरको मन्दिर निर्माण शुरू भएको छ। मन्दिर विश्वकै आध्यात्मिक धरोहर तथा महत्वपूर्ण सत्संग साधना केन्द्रका रूपमा विकास हुने विश्वास गरिएको छ।

राधा माधव समिति, नेपालले हेटौंडा-१७, हटिया जुरेथुममा यस युगका पञ्चम मूल जगत्‌गुरु कृपालुजी महाराजको नित्य निकुञ्ज लीला प्रवेशोपरान्त उहाको स्मृतिमा 'दिव्य समाधि मन्दिर' निर्माण थालेको हो।

मन्दिरको शनिबार हेटौंडाका मेयर हरिबहादुर महतले शिलान्यास गरेका हुन्। २०७३ मंसिर २५ गते श्यामा श्यामा धाम ठिमीमा आयोजित विशेष समारोहमा तत्कालिन प्रधानमन्त्री केपी ओलीले मन्दिर निर्माणको घोषणा गरेको समितिका संगठन विभाग प्रमुख किरण भण्डारीले बताए।

समितिको नाममा रहेको करिब ५५ रोपनी जग्गाको २ हजार वर्गफिटमा मन्दिर निर्माण थालिएको छ। भूमिपूजन कार्यक्रममा न्यायपरिषद् सदस्य पदम वैदिक, न्यायाधीशद्वय बाबुराम रेग्मी र पुष्पलता माथेमा, कृपालुजीका पुत्र घनश्यामदासजी, राधा माधव समितिका कार्यबाहक अध्यक्ष गोपाल सापकोटालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

समितिले निर्माण गरेका मन्दिरमध्ये सबभन्दा ठूलो र पाँच जगद्‌गुरुको प्रतीकात्मक पाँचवटा गजुर भएको प्यागोडा शैलीको मन्दिर ३ तले हुनेछ। मन्दिरमा राधाकृष्णको मूर्ति, अस्तुधातु राख्ने गर्भगृह, मन्दिरपरिसरमा गौशाला, बगैंचा, साधक निवास, साधनाकक्ष पनि निर्माण हुने जानकारी भण्डारीले दिए। मन्दिर हेटौंडाका लागि पर्यटकीय धरोहर पनि बन्ने दाबी गर्दै भण्डारीले मन्दिर निर्माणपछि हेटौंडा विदेशी पर्यटकको आकर्षणको केन्द्र बन्ने बताए।

कृपालुजी महाराजका एक मात्र नेपाली प्रचारक स्वामी हरिदासको सदिच्छाअनुसार मन्दिर निर्माण हुन लागेको भन्दै भण्डारीले विदेशी प्राविधिककोसमेत सहभागितामा मन्दिरको नक्सांकन गरिएको बताए।

समितिको हाल नेपालका ३० जिल्लामा सत्संग केन्द्र छन्। भारतको सिक्किम, सिलिगुढी, अमेरिका, बेलायत र क्यानडालगायत देशमा पनि केन्द्रहरू रहेको भण्डारीले जानकारी दिए। नेपालका करिब १५ हजार संगठित सदस्य रहेको समितिमा करिब ५ हजार युवा भ्रातृ संगठनमा संगठित रहेको संगठन विभाग प्रमुख भण्डारीले बताए।

# 'साहित्यिक क्षेत्रमा चुनौती थपिँदै'

काठमाडौं, (नेस)

जनमत बाङ्मय प्रतिष्ठान नेपालले शनिबार काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा सहभागीहरुले साहित्यिक क्षेत्रमा चुनौती थपिँदै गरेको कुरा बताएका छन्।

कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ गीतकार यादव खरेलले भीमप्रसाद काफ्लेद्वारा लिखित 'एक सूर्य: अनेक आलोक' नामक ग्रन्थको लोकार्पण गर्दै युवा साहित्यकारहरूलाई साहित्यिक पत्रकारिता गर्न विगतमा भन्दा निकै चुनौती थपिएको बताए। उनले यसको सामना गरेर उचाइका खुड्किला उक्लिन सक्नुपर्ने बताए।

सोही अवसरमा समालोचक डा.रामकुमार कोइरालाले ग्रन्थको महत्व र आवश्यकता अत्यन्तै महत्वपूर्ण हुनुका साथै युवा पुस्तालाई समेट्ने खालको रहेको बताए।साहित्यिक पत्रकार रोचक घिमिरेले सृजनात्मक उर्जालाई अझै बढाउँदै लैजानुपर्ने धारणा व्यक्त गरे।

कार्यक्रममा सृजनाका खानी तथा उत्प्रेरणा थप गर्ने व्यक्तित्वहरूलाई विभिन्न विधाद्वारा सम्मानसमेत गरिएको थियो।

## पशुपतिको...

रातारात आफ्नो कोषभित्रको जग्गा मिचेर पर्खाल लगाउने काम हुँदा पनि कोषले पनि पत्तो पाउन सकेको छैन। अहिले पनि कोष र केही व्यक्तिहरुको मिलेमतोमा भण्डारखालको दक्षिण पश्चिमको २ रोपनी जग्गा व्यक्तिको नाममा पार्ने योजनाअनुसार पुरानो पर्खालभन्दा माथि जङगलभित्र पर्खाल लगाउने काम भइरहेको छ।

पशुपति क्षेत्र विकास कोषमा हाल सदस्य सचिव र कोषाध्यक्षसहितका पदाधिकारी नहुँदा झन अस्तव्यस्त हुन पुगेको छ। पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक रमेश उप्रेतीले सिफल चौरमा खेलकुद परिषद्को पैसाले पर्खाल लगाउन कोषले अनुमति दिएको बताउनुभयो। उहाँले भन्नुभयो- 'जग्गा संरक्षण हुन्छ भनेर वाल लगाउने सहमति दिइएको हो।' मिचिएको जग्गाका बारेमा नापी कार्यालयसँग पनि कुरा भइरहेको उहाँले बताउनुभयो। पशुपतिको जग्गा धमाधम मिच्ने काम भइरहँदा पनि कोषले चासो नदिएको आरोप छ नि भन्ने नेपाल समाचारपत्रको जिज्ञासामा निर्देशक उप्रेतीले भन्नुभयो, 'खै जग्गा मिचेर पर्खाल लगाएको विषयमा मलाई थाहा छैन, यस बारेमा बुझौला।' उहाँले गलत ढंगले पर्खाल लगाउने काम भए कोषले भत्काउने पनि बताउनुभयो। उहाँले भन्नुभयो- 'सदस्य सचिव र कोषाध्यक्ष हुनुहुन्छ, म कार्यकारी निर्देशक अधिकारविहीन छु, कसरी काम गर्नु ?'

# पनौतीको बजेट पास, ट्रिपर व्यवस्थापन गरिने

**नेपाल समाचारपत्र**

काभ्रे

पनौती नगरबाट दैनिक ५ सयभन्दा धेरै ट्रिपरहरु गुड्न थालेपछि त्यसको वैकल्पिक व्यवस्थासहितको कार्यक्रम र बजेट नगरसभाले पास गरेपछि आज साउन १ गतेदेखि त्यसको कार्यान्वयन हुने भएको छ।

पनौती नगरका प्रमुख भीम न्यौपानेले विकास निर्माणको मेरुदण्ड मानिएको तर पनौती नगरभित्र आतंक मच्चिएको ट्रिपरको ब्यवस्थापनका लागि तत्काल बैकल्पिक मार्ग प्रयोग गर्ने गरी नगरपालिकाले दैनिक प्रतिट्रिपर ५ सय रुपियाँ उठाउने गरी प्रस्ताव प्राप्त भई नगरसभाबाट पास भएकाले सोहीअनुसार रकम लिन शुरू गर्न भोलिबाट कार्यान्वयन गर्ने बताए।

टिपर ब्यवसायीहरुले ५ सय रुपियाँ बढी भएको भन्दै आलोचना गरेको तर्फ संकेत जनाउँदै प्रमुख भिम न्यौपानेले व्यवसायीहरुले राखेको ३ सय ५० रुपियाँ प्रस्ताव गरेकोमा ५० रुपियाँ सवारी कर, १३ प्रतिशत भ्याट जोड्दा ३५ रुपियाँ मात्रै धेरै हुने बताए। व्यवसायीहरुले भने जस्तो धेरै नभएकाले व्यवसायीहरुलाई नगर सभाको निर्णय कार्यान्वयनका लागि न्यौपानले आग्रह समेत गरे।

ट्रिपरबाट संकलन भएको रकम ट्रिपरकै लागि बैकल्पिक राजमार्गका रूपमा निर्माण हुन लागेको सडक निर्माणमा खर्च गरिने भएकाले त्यसबाट नआत्तिन न्यौपानेले आग्रह गरे। रोशी खोलादेखि बनेपाको पुण्यमातासम्म करिडोरको सडक निर्माणका लागि पनौती नगरपालिकाले पहल शुरू गरेको छ। नगरपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रमुख न्यौपानले वडा वडाको कामको गति बढाउन बजेट ब्यवस्थापन गरिएकाले नागरिकहरुले पाउने सुविधामा कमि नहुने बताए।

सबै वडाहरुको अनुगमन भोलिदेखि नै शुरू गर्ने भएकाले बजेट कार्यान्वयनसँगै जनताको सेवा गर्न न्यौपानेले जनप्रतिनिधिहरुलाई समेत आग्रह गरे। कार्यक्रममा कार्यकारी अधिकृत दुर्गादेवी देवकोटा, प्रशासकीय अधिकृत इन्द्रप्रसाद अधिकारीलगायतले मन्तव्य राखेका थिए।

ग्रामीण विकास समाजले सहजीकरण गरेको कार्यक्रममा कार्यक्रम अधिकृत नरेश श्रेष्ठ, अधिकृत रिता मानन्धर, ज्ञानेन्द्र घिमीरेलगायतको सहभागिता रहेको थियो। कार्यक्रम मोतीराम तिमल्सिनाले सञ्चालन गरेको थियो। ट्रिपरकै कारण सडक भत्किएको, ब्यक्तिका घरहरु जोखिममा परेको, पुरातात्विक सम्पदा खतरामा परेको भन्दै स्थानीयहरुले पटक-पटक सडक अवरुद्ध पार्दै आएका थिए।

पनौतीको १२ नम्बर वडा र बेथान्चोक गाउँपालिका देखि आउने ट्रिपरहरुले पनौती बजारलाई अस्तब्यस्त बनाउँदै आएको छ। १२ वर्षे मकर मेला, इन्द्रेश्वर मन्दिरका कारण कयौ ठूला भूकम्पहरुबाट समेत हल्लाउन नसकेको पनौतीलाई ट्रिपरले हल्लाउन थालेपछि नगरसभाले कठोर निर्णय गर्नुपरेको प्रमुख न्यौपानेले बताए।

ट्रिपर आतंक जोगाउन गरिएको निर्णयको सर्वत्र प्रशंसा गरिएको छ। स्थानीयहरुले नगरको निर्णय कार्यान्वयन गराउन सहयोग पुर्‍याउने बताएका छन्। प्रहरी चौकी पनौती, सरोकारवाला निकायहरुले उक्त निर्णयलाई ब्यहावरमै कार्यान्वयन गर्ने बताएका छन्।

# रक्तदान कार्यक्रमको आयोजना

भक्तपुर, (नेस)

जिल्लामा रगतको चरम अभाव न्यूनीकरण गर्न नेपाल रेडक्रस सोसाइटी, नगरकोट उपशाखाले रक्तदान कार्यक्रमको आयोजना गरेको छ। रक्तसञ्चार केन्द्र, भक्तपुरको प्राविधिक सहयोगमा चाँगुनारायण नगरपालिका-६ स्थित तेलकोटमा आयोजना भएको कार्यक्रममा ३ महिलासहित ३२ जनाले रक्तदान गरेको जानकारी उपशाखासभापति सोम शर्मा बजगाईंले दिए।

कार्यक्रममा ९८ जनाको छाला रोग, यौन रोग, कपाल झर्ने समस्या तथा सामान्य स्वास्थ्य परिक्षणसमेत गरिएको उनले बताए। सिद्धपोखरी क्लिनिकको समन्वयमा डा. शम्भु दत्त जोशी, अमिन बोहजुको नेृतत्वको विशेषज्ञ टोलीले स्वास्थ्य परीक्षण गरी नि: शुल्क औषधिसमेत वितरण गरिएको सचिव श्रीराम लामिछानेले बताए।

यसै गरी भक्तपुर अस्पतालको आयोजना, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर शाखाको सहआयोजना र नेपाल क्रान्तिकारी महिला संघ, चाँगुनारायण नगरपालिका ९ को आयोजनामा ईथाचामा भएको स्वास्थ्य शिबिरमा २ सय ५० जनाभन्दा बढीले स्वास्थ्य परीक्षण गराएको भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.सुधा देवकोटाले बताइन्।



# अर्थ

सरकारले साउन १ गतेदेखि क्लिन फिड लागू गर्ने सूचना जारी गरेपछि त्यसलाई कार्यान्वयन नगर्ने भन्दै नेपाल केबल टेलिभिजन महासंघ नेपाल केबल टेलिभिजन व्यवसायी महासंघ र डिस होम नेपाल माग गरेका थिए।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।
JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ साउन १ जुलाई १६ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।०४ | १०३।६४ |
| युरो १ का रु. | ११७।४८ | ११८।१६ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३२।८८ | १३३।६५ |
| स्विस फ्रन्क १ का रु. | १०६।८९ | १०७।५१ |
| अस्ट्रेलियन डलर १ का रु. | ७८।३८ | ७८।८३ |
| क्यानाडियन डलर १ का रु. | ८०।०३ | ८०।४९ |
| सिङ्गापुर डलर १ का रु. | ७४।५६ | ७४।९९ |
| जापानी यन १० का रु. | ९।०५ | ९।१० |
| चिनियाँ युआन १ का रु. | १५।१४ | १५।२३ |
| साउदी अरब रियाल १ का रु. | २७।४८ | २७।६४ |
| कतारी रियाल १ का रु. | २८।३० | २८।४६ |
| थाई भाट १ का रु. | ३।०२ | ३।०४ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।०५ | २८।२२ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९७ | २४।११ |
| दक्षिण कारियन वन १०० का रु. | ८।९३ | ८।९८ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।२३ |
| डनिस क्रानर १ का रु. | १५।८० |
| हङकङ डलर १ का रु. | १३।१९ |

**नोट**: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# वैदेशिक रोजगार व्यवसायी संघको नयाँ नेतृत्व

## गुरुङले बाजी मारे

रोवन पौडेल, काठमाडौं

वैदेशिक रोजगार रोजगार व्यवसायी संघको २५औं साधारणसभाले नयाँ कार्यसमिति चयन गरेको छ। साभारणसभाले रोहन गुरुङको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो।

शुत्रबार सम्पन्न साधारणसभामा भएको निर्वाचनमा गुरुङले निकटतम प्रतिद्वन्द्वी बिमल ढकाललाई ९३ मतले हराउँदै अध्यक्षमा निर्वाचित हनुभएको हो। प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका तर्फबाट उम्मेदवारी दिनु भएका गुरुङले ४ सय ३४ मत पाउँदा लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमका ढकालले ३ सय ४१ मत ल्याउनुभएको थियो। निर्वतमान कार्यसमितिमा ढकाल अध्यक्ष र गुरुङ महासचिव थिए।

संघको कोषाध्यक्ष र द्वितीय उपाध्यक्षबाहेकका अन्य सबै पदमा गुरुङ समूहका उम्मेदवार विजयी भएका छन्। संघको प्रथम उपाध्यक्षमा गुरुङ प्यानलका रामप्रसाद भन्तना तथा तृतीय उपाध्यक्षमा शुक्र पाखिन विजयी भएका छन्। त्यस्तै महासचिवमा नरेश गेलाल र सचिवमा ईश्वर जिसी विजयी भए।

द्वितीय उपाध्यक्षमा भने ढकाल समूहका भुवन गुरुङ र कोषाध्यक्षमा ढकाल समूहकै राधिका कटुवाल विजयी भएका छन्। प्रथम उपाध्यक्षमा रामप्रसाद भान्तनाले प्रतिद्वन्द्वी प्रज्ञान न्यौपानेलाई १ सय ४३ मतले हराउँदै विजयी हुनुभएको हो। महासचिवमा पनि गेलाल ४१ मत, कोषाध्यक्षमा कटुवाल ३७ मत, द्वितीय उपाध्यक्षमा भुवन गरुङ ४६ मत, तृतीय उपाध्यक्षमा पाखिन ४४ मत र सचिवमा जिसी ३० मतअन्तरले विजयी हुनुभएको हो।

गुरुङ अध्यक्षमा निर्वाचित भएसँगै रोजगारीमा जाने कामदार तथा रोजगार व्यवसायीको हकहितका लागि काम गर्ने बताउनुभयो। यसका लागि पेसा व्यवसायी तथा नीतिगत व्यवस्थामा लामो समयदेखि देखिएका समस्या सरकारसँग समन्वय गर्न थाल्ने उहाँको योजना छ।

नेपाल समाचारपत्रसँग कुरा गर्दै गुरुङले रोजगार व्यवसायी तथा कामदारका लागि सुरक्षित वातावरण सिर्जना गर्न राज्यसँग छलफल शुरू गरिहाल्ने आफ्नो योजना रहेको बताउनुभयो। उहाँले भन्नुभयो-'व्यवसाय तथा कामदारसँग सम्बन्धित कयौं समया छन्। तसर्थ, एजेन्ट व्यवस्थापन, संघको आर्थिक व्यवस्थापन तथा सरकारसँगको नियमित सहकार्य तथा छलफल हाम्रो प्रमुख प्राथमिकतामा छ।'

यसैगरी गुरुङले नेपाली कामदारको गन्तव्य मुलुकसँगको श्रम सम्झौता, रोजगारीमा जाने कामदारलाई गाउँ-गाउँमै अभिमुखीकरण तालिम सञ्चालन तथा वैदेशिक रोजगार ऐनलाई समयसापेक्ष बनाउन घोषणापत्र अनुसार लागिपर्ने समेत बताउनुभयो।




संघको प्रथम उपाध्यक्षमा रामप्रसाद भान्तनाले ४५३ मत पाउँदा विपक्षमा प्रज्ञान न्यौपानेले ३१० मत पाउनु भएको छ। द्वितीय उपाध्यक्षमा भुवन सिंह गुरुङले ४०७ मत पाउँदा विपक्षमा सुवर्ण श्रेष्ठले ३६२ मत पाउनुभएको छ। तृतीय उपाध्यक्षले शुक्र पाखिनले ४०५ मत पाउँदा विपक्षमा नवल किशोर यादवले ३६१ मत प्राप्त गर्नु भएको छ।

त्यस्तै महासचिवमा न रेश गेलालले ४०९ मत पाउँदा विपक्षमा सुजितकुमार श्रेष्ठले ३६८ प्राप्त गर्नुभएको छ। सचिवमा ईश्वरबहादुर जिसीले ४०० मत पाउँदा विपक्षमा विनोदजंग केसीले ३७० मत पाउनु भएको कोषाध्यक्षमा राधिका कटुवालले ४०४ मत पाउँदा विपक्षमा रमिला ताम्रकारले ३६७ मत पाउनु भएको छ। संघको सदस्य बवनकुमार सिंह, सञ्जु गुरुङ, प्रमेश्वर अधिकारी, तेजमाया लिम्बु, सुरेश गौतम, सविना श्रेष्ठ, कुन्छा दोर्जे डिमजोङ, प्रितमबहादुर मगर, प्रेमबहादर विश्वकर्मा र सुरज केसी रहेका छन्।

# रोकियो क्लिन फिड नीति



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालयको
विज्ञापन रहित नीति सम्बन्धि सूचना
यस मन्त्रालयबाट डाउनलिङ्क अनुमति लिई नेपालमा प्रसारण गरिने विदेशी टेलिभिजन च्यानलहरुको प्रसारण मिति २०७४ श्रावण १ गतेदेखि विज्ञापनरहित हुनुपर्ने भनी मिति २०७४।३।२९ गतेको गोरखापत्रमा सूचना प्रकाशित भएकोमा मन्त्रालयबाट नीतिमा उल्लेखित कतिपय कार्यहरु सम्पादन गर्न बाँकी रहेकोले तत्कालका लागि स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।
(अद्यावधिक मिति: २०७४ आषाढ ३० २१:२०:५६)

काठमाडौं, (नेस)

सरकारले साउन १ गतेबाट विदेशी टिभी च्यानलमा विज्ञापनरहित कार्यक्रम प्रसारण (क्लिन फिड) नीति लागू गर्ने पूर्व निर्णयलाई तत्कालका निम्ति स्थगित गरेको छ।

सूचना तथा सञ्चार मन्त्रालयले सूचना प्रकाशित गर्दै उक्त नीतिमा उल्लेखित कतिपय कार्य सम्पादन गर्न बाँकी रहेको भन्दै तत्कालका लागि कार्यान्वयन स्थगित गरेको जनाएको छ।

सरकारले साउन १ गतेदेखि क्लिन फिड लागू गर्ने सूचना जारी गरेपछि त्यसलाई कार्यान्वयन नगर्न भन्दै नेपाल केबल टेलिभिजन महासंघ नेपाल केबल टेलिभिजन व्यवसायी महासंघ र डिस होम नेपाल माग गरेका थिए। उनीहरूले सरकारको निर्णय लागू भए डीटीएच कम्पनी र केबल टेलिभिजनबाट प्रसारण हुँदै आएका सबै किसिमका च्यानल बन्द गर्ने चेतावनी सरकारलाई दिएका थिए।

साथै क्लिन फिड नीति नेपालका निम्ति घातक हुने भन्दै इन्डियन ब्रोडकास्टिङ फाउन्डेसन (आईबीएफ) लागू नगर्न सुझाव दिएको थियो। नेपालमा धेरै सानो आकार र औसत प्रतिउपभोक्ता कर भएकाले क्लिन फिड लागू गर्न धेरै लगानी गर्नु व्यापारिक हिसाबले उपयुक्त नहुने भन्दै क्लिन फिड नीतिको कार्यान्वयन निश्चित रूपमा नेपालको नेटवर्क वितरण प्रणालीलाई डिजिटलाइजेसन गर्ने योजनाको लागि घातकसिद्ध हुने जनाएको थियो। राष्ट्रिय आमसञ्चार नीति, २०७३ मार्फत् २०७४ साउन १ गतेदेखि लागू हुने गरी विदेशी च्यानलमा विज्ञापनरहित प्रसारण क्लिन फिड नीति लागू गर्ने तयारी गरेको थियो।

# रिङरोड घुमे पाँच हजारसम्म जरिवाना

काठमाडौं, (नेस)

आइतबारबाट राजधानी भित्रिने तथा बाहिरिने सवारी साधनले दायाँ मोडिए रिङरोड घुमे ५ हजार रुपियाँ जरिवाना तिर्नुपर्ने भएको छ। यातायात व्यवस्था विभागका अनुसार अब नयाँ बसपार्कबाट छुटेका सवारी जोरपाटी तथा कोटेश्वर हुँदै कलंकी आए ट्राफिक प्रहरी तथा यातायात वयवस्था विभागले ५ हजार रुपियाँसम्म जरिवाना लगाउने भएको हो।

अत्याधिक सवारी जामको कारणले यो नियम लगाइएको र यसले ट्राफिक व्यवस्थापनमा सहजता ल्याउने विश्वास गरिएको छ। नियम पालना नगर्नेलाई सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १ सय ६६ अनुसार ५ हजार रुपियाँसम्म जरिवाना लगाइने यातायात व्यवस्था विभागको भनाइ छ।

गत असार २१ गते बसेको यातायात व्यवस्था विभाग र कार्यालय तथा ट्राफिक प्रहरी संलग्न बैठकले लामो दूरीका सार्वजनिक यात्रुबाहक सवारी साधनको आगमन र प्रस्थान गोंगबु बसपार्कमा मात्र सीमित गर्ने निर्णय गरेको थियो। अहिले यात्रु खोज्न जोरपाटी, गौशलालगायत स्थानमा बस्ने तथा बसपार्कबाट छुटेका बस चक्रपथ घुमेर उपत्यका बाहिरिने बस्ने गरेका थिए।

# भक्तपुर र सूर्यविनायक नगरपालिकाको बजेट पारित

भक्तपुर, (नेस)

भक्तपुर नगरपालिकाले प्रथम नगरपरिषद्बाट आव २०७४७५ का लागि पारित गरेको कुल १ अर्ब ५ करोड ५५ लाख रुपियाँको बजेट सार्वजनिक गरेको छ। नगरपालिकामा आयोजना गरेको पत्रकार सम्मेलनमा नगर प्रमुख सुनील प्रजापतिले बजेट, नीति तथा कार्यक्रमबारे जानकारी दिनुभयो।

उहाँले आम्दानी तर्फसरकारबाट सशर्त अनुदान १९ करोड ७८ लाख ९५ हजार र निशर्त अनुदान १७ करोड ८७ ९५ हजार, सामाजिक सुरक्षा भत्ता ११ करोड ८ लाख र अन्य निकायतर्फ ६० लाख रुपियाँ गरी ४९ करोड ३४ लाख ९० हजार रुपियाँ रहने बताउनुभयो।

त्यस्तै नगरकाबासीबाट संकलन हुने विभिन्न कर तथा पर्यटन सेवा शुल्क समेत गरी ४२ करोड २० लाख १० हजार आन्तरिक स्रोतबाट आम्दानी हुने लक्ष्य राखेको छ भने नगरपालिकाको मौज्दात बाँकी १४ करोड रुपियाँ रहने अनुमान गरिएको। नगरपालिकाले वडास्तरीय विकास निर्माणको लागि प्रत्येक वडा कार्यालयलाई ५० लाख रुपियाँका दरले रकम वितरण गर्ने भएको छ।

कार्यक्रममा नगरप्रमुख प्रजापतिले परिषद्ले नगरपालिकाले २५ शैयाको ख्वप अस्पताल सञ्चालनमा ल्याउने, प्रत्येक वडामा नर्स सेवा शुरू गर्ने, नपाले सञ्चालन गरिरहेका शिक्षालयहरूमा थप विषयसहित अझ प्रभावकारी रूपमा अघि बढाउने, ख्वप विश्वविद्यालयको प्रक्रिया अघि बढाउने, खानेपानी समस्या समाधान गर्ने, भूकम्पपीडित नगरबासीले भक्तपुर नगर क्षेत्रभित्र जहाँ घर बनाएपनि नक्सापास दस्तुरमा छुटको व्यवस्था गर्ने, नगरभित्र परम्परतागत शैलीका घर बनाउनेलाई काठ एवम् आर्थिक सहयोग गर्ने निर्णय गरेको बताउनुभयो।

त्यस्तै हनुमन्ते र खासाङखुसी खोला सफा गर्न सल्लाघारी र हनुमानघाटमा रहेका उपचार पोखरी प्रयोगमा ल्याउने, हनुमानघाट सुधारको गुरुयोजना तयार गर्ने, जनप्रतिनिधि घरघरमा गएर सामाजिक सुरक्षाभत्ता वितरण गर्ने, प्रत्येक वडामा शिशुस्याहार केन्द्र सञ्चालन गर्ने, नगरपालिकाद्वारा सञ्चालित विद्यालयका शिक्षिका र आयालाई तालिम दिने भएको छ।

यता सूर्यविनायक नगरपालिकाले पनि पत्रकार सम्मेलन गर्दै नगरपरिषद्ले पारित गरेको बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। नगरप्रमुख वासुदेव थापाले प्रथम नगरपरिषद्बाट आव २०७४७५ का लागि पारित भएको ४८ करोड १० लाख २८ हजार रुपियाँको बजेट सार्वजनिक गर्नुभएको छ।

उहाँले सरकारबाट निशर्त २४ करोड ७७ लाख ५० हजार, सशर्त १४ करोड ८४ लाख २८ हजार प्राप्त हुने र नगरपालिकाको आन्तरिक आयस्रोतबाट ८ करोड ४८ लाख ५० हजार रूपैयाको बजेट सार्वजनिक गर्नुभएको हो।

नगरपालिकाले नगरक्षेत्रमा औद्योगिक क्षेत्रको विकास गर्ने, नगरपालिकाको भवन निर्माण गर्ने, वडा कार्यालयलाई राजमार्गसँग जोडने सडकको स्तरोन्नती गर्ने, पर्यटन पदमार्ग निर्माण गर्ने, भ्यू टावर निर्माण गर्ने, स्मार्ट सिटी बनाउनेलगायतका कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो। उहाँले वडाको विकासका लागि प्रत्येक वडा कार्यालयलाई १ करोड रुपियाँका दरले रकम पठाउने निर्णय भएको बताउनुभयो।

# बेंसीशहरको बजेट साढे ३८ करोडको बजेट

नेपाल समाचारपत्र

लमजुङ

आर्थिक वर्ष २०७४/७५ का लागि बेंसीशहर नगरपालिकाले साढे ३८ करोडको बजेट ल्याएको छ। नगरपालिकाका मेयर गुमानसिंह अर्याललले नगरपरिषद्मा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै वित्तीय समनिकरण अनुदानतर्फ २१ करोड ५ लाख १५ हजार, सशर्त पुँजीगत अनुदानमा १५ करोड ८१ लाख १७ हजार, संघीय संरचना पूर्वाधार विकास कार्यक्रम पुँजीगतमा ४८ लाख, आन्तरिक आयतर्फ ८० लाख रुपियाँ प्राप्त हुने उल्लेख गर्नुभयो।

नगरपालिकाका १४ वटै वडालाई ६०/६० लाख बराबरको योजना तथा कार्यक्रम दिएको छ। अर्याललले राजस्व बाँडफाँड रजिष्ट्रेसन शुल्कबाट ३० लाख, प्राकृतिक स्रोतबाट १ लाख, विद्युत् रोयल्टीमार्फत् १ लाख रुपियाँसमेत कुल ३८ करोड ५५ लाख ३२ हजार रुपियाँको आम्दानी हुने विवरण प्रस्तुत गर्नु भएको छ।

नगरपरिषद्ले पारित गरिएको उक्त नीति तथा कार्यक्रम र बजेट अनुसार व्यायतर्फ चालू खर्चमा ६ करोड ६ लाख २८ हजार रहेको छ। पुँजीगत खर्चतर्फ वित्तीय समनिकरण अनुदानतर्फ १५ करोड ७८ लाख ८७ हजार, सशर्त अनुदानतर्फ १५ करोड ८१ लाख १७ हजार, संघीय पूर्वाधार विकास कार्यक्रमतर्फ ४८ लाख, आन्तरिक पुँजीगततर्फ ४१ लाख गरी ३२ करोड ४९ लाख ४ हजार रुपियाँ रहेको छ।

चालू र पुँजीगत गरी जम्मा ३८ करोड ५५ लाख ३२ हजार रुपियाँ खर्च हुने अनुमानित गरिएको छ। बजेट प्रस्तुत गर्दै अर्याललले नगरपालिकाको विकासका लागि भौतिक पूर्वाधार, यातायात, सूचना तथा सञ्चार, भवन तथा आवास, शहरी विकास, विपद् व्यवस्थापन, महिला, बालबालिका तथा जेष्ठ नागरिक, स्वास्थ्य, शिक्षा, वातावारण, पर्यटन लगायतका क्षेत्रको छुट्टै नीति तथा कार्यक्रम तयार गरिएको बताउनुभयो। उहाँले बेंसीशहर नगरपालिकालाई व्यवस्थित र समुन्नत बनाउन सबैको सहयोग र सहकार्यको खाँचो रहेको बताउनुभयो।

पूर्वपर्यटनमन्त्री पृथ्वीसुब्बा गुरुङले नगरपालिका स्थानीयस्तरको कार्यकारी सरकारसमेत भएकाले सोही अनुरूप आफ्नो ठाउँको विकासका आधारशीला तयार गर्नका लागि सबै लागि एकजुट हुनुपर्नेमा बताउनुभयो। कार्यक्रममा सांसदद्वय जमीन्द्रमान घले, टुकाभद्रा हमाल, जिल्ला न्यायाधीश अर्जुन अधिकारीलगायतले धारणा राखेका थिए।

# झिलिमिली हुँदै सुदूरका वस्ती

दयाराम पण्डित, बाजुरा,

स्थानीय जुड्डीखोला लघु जलविद्युत् आयोजनाबाट बाजुराका २४ सय घरपरिवार लाम्भान्वित भएका छन्। स्थानीयको लामो परिश्रमका कारण २ सय किलोवाट विद्युत् उत्पादन भएपछि बाजुराका दुर्गम बस्ती झिलिमिली भएको छ।

उक्त आयोजनाबाट साविका चार गाविस गोत्री, जगन्नाथ वाई र जुकोटका सबै घरपविारलाई विद्युत् सेवा उपलब्ध गराउने उद्धेश्यले सो आयोजनाको निर्माण गरेको आयोजनाका अध्यक्ष मनलाल खत्रीले बताउनुभयो। १२ करोड रुपियाँको लागतमा सम्पन्न उक्त आयोजना निर्माण गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट ५ करोड १० लाख रुपियाँ र बाँकी साविकका चार गाविसको अनुदान सहयोग, सांसद विकास कोष, जिल्ला विकास समिति र स्थानीय जनश्रमदानमा विद्युत् आयोजना निर्माण कार्य सम्पन्न भएको आयोजनाका सदस्य कर्णसिंह कठायतले बताउनुभयो।

बिहीबार दिउँसो गोत्रीको जुड्डीखोलास्थित पावरहाउसमा विद्युत् परीक्षण गर्दा २०० किलोवाट विद्युत् उत्पादन भएपछि बाजुराका दुर्गम बस्ती पनि अब उज्यालो पाउने आशा पलाएको स्थानीय शिक्षक समराज विष्टले बताउनुभयो। झर्रो, दियालो र टुकीको भरमा रात काट्नपर्ने बाध्य भएका स्थानीयकै सक्रियता तथा ४० प्रतिशत बढी जनश्रमदानबाट बिजुली बत्ति बाल्न सफल भएको स्थानीयले बताए। गाउँमा विद्युत् लाइन विस्तार भइसकेका छन् पावर परीक्षण भएको केही हप्तामा विद्युत वितरण गर्ने बताइएको छ।

उक्त आयोजना बाजुराको ग्रामीण भेगको सबैभन्दा ठूलो आयोजना भएकाले स्थानीयले घरमा बत्तिका साथै कुटिर उद्योग, कुखुराफारम जडीबुटी प्रशोधन, मसला उद्योगलगायतका साना उद्योग सञ्चालन गरी स्थानीयको आयआर्जनमा पनि वृद्धि ल्याउन सकिने जिल्ला ऊर्जा तथा वातावरण शाखाका प्रमुख इन्जिनीयर तालबहादुर रावतले बताउनुभयो।

जिल्लामा हालसम्म करिब १४ सय किलोवाटबाट बिजुली बत्तिले १५ हजार घरधुरीमा उज्यालो थियो। थप दुईसय किलोवाट विद्युत् उत्पादन हुँदा १७ हजार घरपरिवार लाभान्वित हुनेछन्। करिब सात हजार घरधुरी अझै बिजुलीको पहुँचबाट बञ्चित छन्।

# मर्जरमा जान अनुमति नपाएको वर्ल्ड मर्चेन्टमा नयाँ सञ्चालक

हेटौंडा, (नेस)

वर्ल्ड मर्चेन्ट बैंकिङ एन्ड फाइनान्समा नयाँ सञ्चालक चयन भएका छन्। शनिबार हेटौंडामा भएको पाँच वर्षको संयुक्त वार्षिक साधारणसभाले ४ वर्षका लागि नयाँ सञ्चालक निर्विरोध चयन गरेको हो।

कम्पनीको १०औं, ११औं, १२ औं, १३औं र १४औं संयुक्त वार्षिक साधारणसभा एकैपटक भएको हो। काठमाडौंमा सञ्चालित प्रोग्रेसिभ फाइनान्स लिमिटेडसँग मर्जर हुने प्रक्रियालाई नेपाल राष्ट्र बैंकले अनुमति नदिएपछि नयाँ ढंगले कम्पनी सञ्चालन गर्ने लक्ष्य लिएर नयाँ सञ्चालक चयन गरिएका हुन्। कम्पनी अध्यक्षमा टीकानिधि लोहनी तथा सञ्चालकहरूमा निवर्तमान अध्यक्ष केशवदास श्रेष्ठ, भीमबहादुर लामा र विनोदकुमार सुवेदी छन्।

पुँजीकोष भारी ऋणात्मक रहेको भन्दै राष्ट्र बैंकले मर्जर रोकेको थियो। शुरूमा प्रतिकित्ता शेयर मूल्य १ हजार ४ सय पुगेको बैंकको शेयर मूल्य हाल १ सयको हाराहारीमा खुम्चिएको बताइएको छ। फाइनान्सको २०७१ चैत १३ गते हेटौंडामा सम्पन्न विशेष साधारणसभाले गरेको मर्जर निर्णय राष्ट्र बैंकले अस्वीकर गरेको थियो।

नेपाल राष्ट्र बैंकले २०७० वैशाख १३ गते वर्ल्ड मर्चेन्टलाई समस्याग्रस्त घोषणा गरेको हो। तत्कालीन अवस्थाबाट हालसम्म आइपुग्दा वर्ल्ड मर्चेन्टले केही आर्थिक प्रगति गरेको छ। संस्थाले हालसम्म करिब २४ करोड कर्जा संकलन गर्न बाँकी छ भने करिब ११ करोड निक्षेप फिर्ता गर्न बाँकी छ। यद्यपि, समस्याग्रस्त घोषणाताका कम्पनीको कर्जा असुली करिब ७० करोड र करिब ५८ करोड निक्षेप फिर्ता गर्न बाँकी थियो। हाल कम्पनीमा साढे ३ करोड नगद मौज्दात र करिब साढे ४ करोड गैरबैंकिङ सम्पत्ति छ।

केन्द्रीय बैंकले समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सुधार गर्ने गरी १२ बुँदे निर्देशन दिएको थियो।

{ वतरण गरेर बैंकले चुक्ता पूँजी ८ अर्ब पुर्‍याउने बताएको छ। हाल सेञ्चुरी बैंकको चुक्ता पुँजी ४ अर्ब ७१ करोड रुपियाँ रहेको छ सेञ्चुरीले अल्पाइन डेभलपमेन्ट बैंक र सेती फाइनान्सलाई समेत प्राप्तिको प्रक्रियामा छ।

# के होला ठूलाबडाको बैंक खाता ?

## निगरानी गर्न खर्चिलो र झन्झटिलो हुनसक्छ : बैंकर

दीपेन्द्र थापा/रोविन पौडेल, काठमाडौं

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई ठूलाबडा र उनीहरूका आफन्तको बैंक खातामा निगरानी राख्न निर्देशन दिएसँगै यसको कार्यान्वयनबारे प्रश्न उठेको छ। केन्द्रीय बैंकले सम्पत्ति शुद्धीकरण निवारण ऐनअनुसार शुक्रबार बैंक तथा वित्तीय संस्थालाई यस्तो निर्देशन दिएको थियो।

ठूलो सानो सबै कारोबार गर्नेको निगरानी प्रक्रिया पहिलेदेखि नै कायम रहेकोमा राष्ट्र बैंकले ठूला कारोबार गर्ने तथा राजनीतिक रूपमा सक्रिय हुने माथि थप कडाइ गर्न निर्देशन दिएको बताएको छ। तर, बैंकिङ प्रणालीमा ठूलो मात्रामा कारोबार गर्ने निर्देशन तथा सर्वसाधारण पनि उत्तिकै संख्यामा छन्। उनीहरू पनि यसको चपेटामा पर्न सक्छन्। आफन्तको नाममा कारोबार गर्ने राजनीतिक रूपमा सक्रिय पनि उत्तीकै छन्।

तसर्थ राष्ट्र बैंकको यो नीतिको कार्यान्वयन कतिको प्रभावकारी हुने हो त्यो त हेर्न बाँकी नै छ। पहिले पनि यस्तो खालको सामान्य निगरानी भइरहेको र शुक्रबारबाट यसलाई थप व्यवस्थित बनाउन र निगमन गर्न राष्ट्र बैंकले सर्कुलर जारी गरेको नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको भनाइ छ। शंकामा रहेका व्यक्तिका लागि निगमन गर्ने प्रणाली विश्वमा विकास भइसकेको तथा नेपाली केही बैंकले लागूसमेत गरिसकेकाले कार्यान्वयनमा खासै गाह्रो नभएको शिवाकोटीले बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'कोही त्यस्ता व्यक्ति भने पहिले नै अन्तर्राष्ट्रिय प्रणालीमा रहिसकेका छन्। बैंकहरूले त्यस्ता ठूलाबडाको पहिले नै सूची बनाएर सफ्वेयरमा हाल्नु आवश्यकता हो जसले गर्दा नियमन थप सजिलो हन्छ।'

उहाँका अनुसार बैंकमा भएका ठूला कारोबारको वित्तीय सूचना इकाई (एफआईयू) मार्फत जानकारी हुन्छ। 'प्रणालीले त्यसपश्चात मोनिटरिङ गरी खाता शंकास्पद भए नभएको पत्ता लगाई राष्ट्र बैंकसमक्ष कारबाहीको लागि सिफारिस गर्छ।' शिवाकोटीले बताउनुभयो।

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षत्रीले यो नीति कार्यान्वयन सम्भव रहेको तर सबैमा दृढ इच्छाशक्ति तथा योगदानको आवश्यकता रहेको बताउनुभयो। उहाँले कानुनसम्मत ऐक्यबद्धता जनाए गैरकानुनी काम गर्नेलाई कारबाही गर्न सजिलो हुने बताउनुभयो। उहाँले भन्नुभयो-'यसबाट शंकास्पद काम गर्ने पहिचान हुनेछन् तर यसबाट सोझा पनि फस्न सक्छन्। कार्यान्वयन गर्ने निकायले यसमा ध्यान पुर्‍याउनुपर्ने देखिन्छ।'

यस्तै नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष अनिलकेशरी शाहको पनि राष्ट्र बैंकको नयाँ नीति कार्यान्वयनका लागि समय लाग्ने तथा केही महँगो हुने भनाइ छ। उहाँले आर्थिक वर्षको समाप्तिमा आएको यस नीति कार्यान्वयनका लागि बैंकिङ प्रणालीमा म्यानुयल नभएर पूर्ण स्वचालित प्रणालीको आवश्यकता रहेको बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'पहिलेदेखि नै एक किसिमको प्रणालीले सबै खातावालालाई निगरानीमा राख्थ्यो। केन्द्रीय बैंकको यो नीतिका कारण सबै बैंकले नयाँ प्रणाली अपनाउनुपर्ने हुन्छ। तसर्थ, यो कार्यान्वयनका लागि केही समय लाग्न सक्ने, तथा खर्चिलो र केही झन्झटिलो हुनसक्छ।' राजनीतिक रूपमा सक्रिय व्यक्ति एउटा निश्चित प्रणालीमा रहिसकेका छन्। त्यसैले अब बैंकहरूमा एउटा चुनौती छ। त्यो हो खाता खोल्ने तथा जम्मा गर्नेको विस्तृत विवरण राख्ने अन्तर्राष्ट्रिय प्रणाली किन्ने।

पहिले पनि १० लाखभन्दा बढी निक्षेप गर्ने बारेमा राष्ट्र बैंकमा रिपोर्टिङ हुन्थ्यो। अब कार्यक्षमता केही विस्तार गर्नुपर्ने विज्ञहरूको भनाइ छ। ठूला कारोबार गर्नेको व्यापक निगरानीका लागि अलिकति खर्च बढ्छ। यसरी निगमन हुन थालेपछि अवैध धन वैधमा परिणत गर्दै आएका व्यक्तिको नियमन गर्न सजिलो हुने राष्ट्र बैंकले जनाएको छ। सम्पति शुद्धीकरण ऐन, अन्तर्राष्ट्रिय मान्यता बमोजिम केन्द्रीय बैंकको हैसियतले उच्च पदस्थको बैंक खातामा उच्च निगरानी बढाउन लागेको हो। केन्द्रीय बैंकले आइतबारदेखि १० लाखभन्दा ठूलो कारोबार बैंकिङ च्यानलबाट मात्रै गर्न पाउने व्यवस्था कार्यान्वयन ल्याउन लागेको छ। बैंकिङ प्रणालीबाट हुने कारोबारको सुक्ष्म निगरानी गर्न पनि बैंक तथा वित्तीय संस्थालाई केन्द्रीय बैंकले निर्देशन दिइसकेको छ।

एकै दिन पटक-पटक गरी ५० लाखसम्मको कारोबार गर्नेको विवरण तत्काल केन्द्रीय बैंकमा पठाउन राष्ट्र बैंकले निर्देशन दिएको छ। १० लाखभन्दा बढी रकम जम्मा गर्दा आम्दानीको स्रोत खुलाउन पर्ने र सोभन्दा बढी रकम बैंकिङ प्रणालीबाट नै कारोबार गर्नुपर्ने सरकारले प्रस्तुत गरेको बजेटमा समेत उल्लेख गरिएको थियो।

नयाँ नीति कार्यान्वयनका लागि राष्ट्र बैंकले यस्तै विभिन्न प्रकारका निर्देशन दिएको हो। राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी अघिल्ला निर्देशन खारेज गर्दै नयाँ व्यवस्था गरेको हो। प्रणालीको विकास सबै बैंकमा राखेपछि जहाँको पनि नियमन हुने र यस्तो खाले प्रणाली अरूभन्दा महँगो रहेको र बैंक आफैंले सोको खर्च बेहोर्नुपर्ने राष्ट्र बैंकले जनाएको छ।

# सेन्चुरी बैंकद्वारा सगरमाथा फाइनान्स प्राप्ति

नेपाल समाचारपत्र
काठमाडौं




सेञ्चुरी कमर्सियल बैंकले सगरमाथा फाइनान्सलाई प्राप्ति गरी शनिबारदेखि एकीकृत कारोबार शुरू गरेको छ। शनिबार एक कार्यक्रमका बीच अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बैंकको एकीकृत कारोबार शुरू गर्नुभएको हो।

राष्ट्र बैंकले तोकेको ८ अर्ब चुक्ता पुँजी पुर्‍याउने क्रममा बैंकले सगरमाथा फाइनान्सलाई प्राप्ति गरेको हो। सगरमाथा फाइनान्सको प्रप्तिपछि ७२ करोड रुपियाँ थप हुने भएको छ।

सेञ्चुरी बैंकले सगरमाथा फाइनान्सलाई १ सय बराबर ९५ को शेयर स्वाप रेसियोमा प्राप्ति गरेको बताइएको छ। संयुक्त कारोबारका लागि सिस्टमको अपग्रेड हुने भएकाले आइतबार सगरमाथा फाइनान्स र सेञ्चुरी बैंकको कारोबार बन्द रहने छ।

बैंकले मर्जरअघि रहेको चुक्तपुँजीको ४० प्रतिशत हकप्रद शेयर जारी गर्दै छ। त्यसपछि हुने सगरमाथा फाइनान्स र अल्पाइन डेभलपमेन्टको प्राप्तिपछि चुक्ता पुँजी ७ अर्ब ९० करोड रुपियाँ पुग्नेछ। गत आर्थिक वर्षको कमाईबाट बोनस वितरण गरेर बैंकले चुक्ता पूँजी ८ अर्ब पुर्‍याउने बताएको छ। हाल सेञ्चुरी बैंकको चुक्ता पुँजी ४ अर्ब ७१ करोड रुपियाँ रहेको छ सेञ्चुरीले अल्पाइन डेभलपमेन्ट बैंक र सेती फाइनान्सलाई समेत प्राप्तिको प्रक्रियामा छ। यी दुई संस्था गाभिएपछि सेञ्चुरीको चुक्ता पुँजीमा ५० करोड रुपियाँ थप हुनेछ। यसअघि इन्नोभेटिभ र अरनिको डेभलपमेन्ट बैंक गाभिएको थियो।

त्यस्तै सेञ्चुरी बैंकले १० बराबर ४ अनुपातको हकप्रद शेयर साउन १६ गतेबाट निष्काशन गर्ने भएको छ। बैंकले सय रुपियाँ अंकित मूल्यमा १ अर्ब ८८ करोड ५४ लाख २५ हजार ७ सय रुपियाँको १ करोड ८८ लाख ५४ हजार २५७ कित्ता शेयर निष्काशन गर्न लागेको हो। बैंकको उक्त हकप्रद शेयरको लागि असार २६ गतेसम्म कायम शेयरधनीले मात्र आवेदन दिन सक्नेछन्। उक्त हकप्रदमा सेञ्चुरीमा हालै गाभिएका इन्नोभेटिभ र अरनिको डेभलपमेन्ट बैंकका शेयरधनीले पनि आवेदन दिन पाउनेछन्। तर, सगरमाथाका शेयरधनीले भने यो अवसर पाउने छैनन्।

सबै वित्तीय संस्थालाई गाभेपछि र ४० प्रतिशत हकप्रद बिक्रीपश्चात चुक्ता पुँजी ८ अर्ब रुपियाँ नपुगेको रकम चालू आर्थिक वर्षको नाफाबाट बोनस दिएर पुर्‍याउने भएको छ।

**Kuwait मा रोजगारको अवसर**

१. कम्पनी: The Juicery For Light Food.

Pre Approval date : 2017/07/13 चलानी नं. ६०११४१०५ LT No: 191867

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब सुविधा KD | मासिक तलब सुविधा ने.रु | न्यूनतम योग्यता | प्रतिदिन काम गर्नेघण्टा | हप्तामा काम गर्नेदिन | ओ.टी.हुने या नहुने | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Juice Maker | 2 | 120/- | 40,848/- | सम्बन्धित काममा दक्ष | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने वीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफै | नदिने | | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | १०,०००/- |

नोट १) छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले जान नचाहेमा भिषा बापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ।
२) उमेर २१ देखि ४५ वर्ष भित्रको हुनु पर्नेछ।
३) अंग्रेजी भाषा लेख्न र बोल्न सक्ने हुनुपर्नेछ।

लागत खर्च = 10000/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाइ अनिवार्य रुपमा लिनुहोला। * आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोकको सम्पर्क र फोन नं साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। * यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनु होला। * विदेश जानु अघि अभिमुखीकरण वा इडक्सन तालिम अनिवार्य दिनुहोला। * विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को एक प्रति आफूसंग राख्नुहोला। काममा विदेश जान नेपालको एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। * यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, तीनकुनेमा सम्पर्क राख्नुहोला।

GOC श्रम इजाजत नं. २६/०४८/०४९

**गल्फ ओभरसिज कन्सलटेण्ट**

भगवान वहाल, ठमेल, काठमाण्डौं, नेपाल

फोन नं. ४४२३४२९ / ४४२३०३० / ४४१८६९७

# २५ लाख लिटर दूध उत्पादन

नेपाल समाचारपत्र
हेटौंडा

हेटौंडा दुग्ध वितरण आयोजनाले गत आर्थिक वर्षको जेठसम्ममा करिब २५ लाख १५ हजार ६ सय ११ लिटर दूध उत्पादन गरी बिक्री गरेको छ। आयोजनाले २ लाख ३६ हजार ५ सय ७२ लिटर दही र पनिर ४६ हजार ४ सय ५९ किलो उत्पादन गरेको आयोजना प्रमुख सन्दीपराज प्रधानले बताउनुभयो।

उहाँका अनुसार उक्त अवधिमा ३७ हजार ९ सय ५२ लिटर घ्यु, ६६ हजार ७ सय ४० किलो बटर र ७ हजार ३ सय ४० लिटर आइसक्रिम उत्पादन गर्ने सफलता पाएको छ। यहाँ उत्पादित दुग्ध पदार्थले अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणपत्र प्राप्त पाएका छन्। यहाँको प्लान्टबाट उत्पादित दूध, दही, आइसक्रिम, घ्यु, पनिर, मख्खन र फ्रेस मिल्क उत्कृष्ट ठहरिएर फुड सेफ्टी म्यानेजमेन्ट सिस्टमअन्तर्गत् आईएसओ २२०००:२००५ प्रमाणीकरण गरिएको हो। उत्पादित दूध र दुग्ध पदार्थको गुणस्तर तथा आयोजना परिसरको सरसफाइलगायत विषयमा मूल्यांकन गरी प्रमाणपत्र उपलब्ध गराइन्छ। २०३२ सालमा स्थापित हेटौंडा डीडीसीको प्रतिघण्टा पाँच हजार लिटर उत्पादन क्षमता छ।

अनावश्यक खर्च कटौती, गाडी र मेसिनरी मर्मत खर्च न्यूनीकरण तथा बिक्री प्रवर्द्धनसहित उत्पादनमा बढोत्तरी गरिएका कारण सफलता मिलेकोमा आयोजना प्रमुख प्रधानले खुशी व्यक्त गर्नुभयो।

हेटौंडा डीडीसीले स्थानीय र आफ्नो क्षेत्रका पशुपालक किसानलाई प्रोत्साहनसहित दुग्ध उत्पादन वृद्धिमा सघाएर दूध संकलनलाई सरल बनाउनु र उत्पादन विविधीकरणको नीतिअनुरूप अन्य आयोजनाभन्दा लोकप्रिय प्रकृतिका खाद्य दुग्ध परिकार उत्पादन गरी अन्तर्राष्ट्रियस्तरमा ख्याति आर्जन गर्नु पनि आयोजनाको लागि सुखद पक्ष रहेको उनको दाबी छ।

घाटामा रहेका आयोजनाहरूको घाटाको दर वृद्धि हुने र नाफामा सञ्चालित आयोजनाको नाफाको दरमा कमी आइरहँदा एकमात्र हेटौंडा डीडीसीले घाटाको दरलाई घटाउन सफल भएर देशमै उत्कृष्ट भएको छ। 'यो सबै कर्मचारीको लगनशीलता, उत्कृष्ट व्यवस्थापकीय क्षमता र किसानहरूको सहयोगका कारण भएको हो।' आयोजना प्रमुख प्रधानले आगामी दिनमा आयोजनालाई अझ प्रगतितर्फ अगाडि बढाउन प्रयत्नशील रहने बताए। मकवानपुर दूधमा आत्मनिर्भर छ। यहाँ उत्पादित दूध अन्य जिल्लामा निर्यात हुने गरेको छ। मकवानपुरमा दैनिक ४० हजार लिटर दूध उत्पादन हुने गरेको छ। प्रतिवर्ष प्रतिव्यक्तिले कम्तिमा ९१ लिटर दूध सेवन गर्नुपर्छ। मकवानपुरका बासिन्दालाई प्रतिवर्ष प्रतिव्यक्ति एकसय तीन लिटर दूध सेवन गर्न पुग्ने गरी उत्पादन हुने गरेको छ। जिल्लामा वर्षेनी ५५ हजार मेट्रिकटन दूध उत्पादन हुने गरेको छ।

जिल्लामा स्थानीय र उन्नत गरेर एकलाख १७ हजार ९५ गाई छन् भने एक लाख १५ हजार दुईसय सात भैंसी छन्। जिल्लाका कृषकले पशुपालन व्यवसायलाई परम्परागत र निर्वाहमुखी भन्दा व्यावसायिकढंगले पशुपालन व्यवसाय शुरू गरेका छन्। जिल्लामा गाई फार्म १ सय १० र भैंसी फार्म १२ वटा छन्। गाउँगाउँमा दूध संकलन केन्दका साथै चिलिङ सेन्टर छन्। सरकारले पशुपालन व्यवसायीलाई विविधढंगले आर्थिक र प्राविधिक सहयोग गर्दै आएकाले पशुपालन व्यवसायतर्फ विशेषगरी युवा आकर्षित छन्। पशुपालक कृषकहरूलाई क्षति न्यूनीकरण गर्ने उद्धेश्यले सरकारले पशु बीमाको व्यवस्था गरेको छ।

# टुबोर्ग क्लासिक विथ स्कच माल्टस् नेपालगन्जमा

नेपाल समाचारपत्र
काठमाडौं

गोर्खा ब्रुअरीले प्रिमियम स्ट्रोङ बियर नेपालगन्ज बजारमा भित्र्याएको छ। उपभोक्ताको बदलिँदो चहानालाई मध्यनजर गर्दै कम्पनीले टुबोर्ग क्लासिक विथ स्कच माल्टस् नेपालगन्ज बजारमा भित्र्याएको हो।

शुक्रबार कम्पनीका साझेदार, वितरक, बिक्रेतालगायतको सहभागितामा एक कार्यक्रममाझ गोर्खा ब्रुअरीले सो बियर सार्वजनिक गरेको हो। गोर्खा ब्रुअरीले नेपाली बजारमा ल्याएको टुबोर्ग बियर नेपालमा भित्रने पहिलो अन्तर्राष्ट्रिय ब्रान्ड हो। सन् १८८० देखि नै विश्व बजारमा छाएको टुबोर्ग सन् १९९० मा नेपाल भित्रिएको थियो।

यो इनोभेसनले बजार नेतृत्वलाई थप बढवा र निरन्तरता दिनेमा कम्पनी आशावादी रहेको गोर्खा ब्रुअरीका प्रबन्ध निर्देशक अरूण अधिकारीले बताउनुभयो। कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो-'हाम्रो उद्देश्य उपभोक्तालाई विश्वस्तरको स्वाद छनोट गर्ने अवसर प्रदान गर्नु हो। त्यसैले हामीले सबै सहकर्मीसँग सहकार्य गरी एक विशेष रेसिपि तयार पारेका हौं। यसले नेपाली उपभोक्तामाझ विशेष तथा उत्कृष्ट स्वाद छनौट गर्न मद्दत गर्दछ।'

'स्ट्रोङ्गर एन्ड स्मुदर' ट्याग लाईनलाई सार्थक पार्दै टुबोर्ग क्लासिकमा रहेको स्कच माल्टस् र उत्कृष्ट हप्स्ले बियरका पारखीलाई ताजा र भिन्न पिउने अनुभव प्रदान गर्ने कम्पनीको दाबी छ। ६ दशमलव ५ प्रतिशत अल्कोहलको मात्रा रहेको यस बियरको ६ सय ५० मिलि बोतलको बजार मूल्य ३ सय १० रुपियाँ तोकिएको कम्पनीले जनाएको छ।




# असार सकिँदा म्याग्दीमा ८० प्रतिशतमात्रै रोपाइँ

प्रताप बानियाँ, म्याग्दी

मध्य पहाडी जिल्ला म्याग्दीमा अहिलेसम्म ८० प्रतिशतमात्रै रोपाइँ भएको छ। पहाडी क्षेत्रको धान रोपाइँका लागि उपयुक्त मानिने असार महिना सकिँदा हालसम्म ८० प्रतिशत रोपाइँ सम्पन्न भएको जिल्ला कृषि विकास कार्यालय म्याग्दीले जनाएको छ।

यसवर्ष मनसुन ढिलो शुरू हुनु, पर्याप्त पानी नपर्नु, सिँचाइको सुविधा नहुनु, मकै खेती गरिनु, पानीका मुल नफुट्नुलगायतका कारणले रोपाइँमा ढिलाइ हुन गएको वरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले बताउनुभयो। उहाँका अनुसार जिल्लाको कुल खेतीयोग्य जमिन ३० हजार ८५६ हेक्टरमध्ये १९ हजार ४९८ हेक्टरमा मात्रै खेती गर्ने गरिएको छ। म्याग्दीमा ३ हजार ८९५ हेक्टरमा धानखेती हुँदै आएको छ भने बाँकी १५ हजार ६०३ हेक्टर पाखो तथा बारी रहेको उहाँले बताउनुभएको छ। प्रतिहेक्टर ३ दशमलव ३ मेट्रिक टन उत्पादकत्व रहेकोमा गतवर्ष १२ हजार ९३७ मेट्रिक टन धान उत्पादन भएको अधिकृत रिजालले जानकारी दिनुभयो।

जिल्लाको केही स्थानमा भने जेठ महिनामै धान रोप्ने गरिन्छ। कुल खेतीयोग्य जमिनमध्ये २१ प्रतिशतमा मात्रै सिँचाइ सुविधा पुगेको कृषि विकास कार्यालयको तथ्यांकमा उल्लेख छ। म्याग्दीमा गौरिया, जेठोबुढो, छोम्रोङ, खुमल, गुडुरा, दर्माली, मार्सी, आङा, झिनुवा, ताकमारे, माछापुच्छ्रे-३, लुम्ले-२ जस्ता लोकल जातका स्थानीय धान रोप्ने गरिएको छ। विकासे धान खेतीतर्फ भने कृषकले चासो देखाएका छैनन्। नदी किनारका फाँटमा बढी धानखेती लगायत वर्षे र हिउँदे बाली तथा तरकारी खेती गर्ने गरिन्छ। पछिल्लो समय जिल्लाको सीमित ठाउँमा सुख्खा धान १, २, ३ नामक जातको धानखेती समेत गर्ने गरिएको कार्यालयले बताएको छ। किसानले भने भात खानकै लागि भनेर बारीलाई मासेर खेत बनाई धान रोप्दै आएका छन्। पाखो बारीमा घैया धान रोप्ने चलन पनि रहेको छ।

म्याग्दीको रत्नेचौर, ज्यामरुककोट, अर्थुङे, पुलाचौर, सिंङा, बराङ्जा, बाबियाचौर, कुहाँ, अर्मन, दरबाङ, ताकम, घतान, पात्लेखेत, राखुपिप्ले, भगवती, शिख, घार, भूरुङ-तातोपानी, नारच्याङ, दानालगायतका क्षेत्रमा धानखेती हुँदै आएको छ। ती क्षेत्रहरू धान खेतीका लागि पकेट क्षेत्र मानिन्छन्। हिमाली तथा विकट क्षेत्र गूर्जा र लुलाङमा अत्यधिक चिसोका कारण धानखेती हुन नसकेको जनाइएको छ।




“ फोटो त राम्रै हो ”

| DATE | ASSOCIATIES | PROGRAM | DAY / TIME |
|---|---|---|---|
| 4th Shrawan | Sagar Pandey [Recordist] | U Say We Play | Wed [1-3 PM] |
| 9th Shrawan | Bharat Sitaula [Vocal, Music & Lyrics] | Fresh Hits | Mon [3-5 PM] |
| 13th Shrawan | Mohit Munal [Arranger] | CTRL + C | Fri[7-8 PM] |

FROM 1ST SHRAWAN 2074, SUNDAY 2-3PM

Do Tune into TIMES FM 90. 6 MHz for the special edition of U Say We Play.

90.6 Only tune on

times FM 90.6 MHz u deserve better




# नेपाली युवाको खराब शुरूआत

काठमाडौं, (नेस)

नेपालले एसियाली फुटबल महासंघद्वारा आयोजित एएफसी यू-२३ फुटबल च्याम्पियनसिप २०१८ अन्तर्गत छनोट चरणमा खराब शुरूआत गरेको छ।

च्याम्पियनसिपअन्तर्गत समूह 'डी' छनोटअन्तर्गतको शनिबार भएको खेलमा नेपाल घरेलु टोली संयुक्त अरब इमिरेट्ससँग ५-० गोलअन्तरले हारेको हो। पहिलो हाफमै चार गोल आत्मसात गरेपछि नै नेपाली युवा खेलाडी सम्हालिन सकेनन्। पहिलो गोल पेनाल्टीबाट भएपछि नेपालको दुर्भाग्य शुरु भयो। आठौं मिनेटमा अहमद हुसेनले गोल गरे भने २०औं मिनेटमा उनले नै दोस्रो गोल गरेका थिए।

त्यसको तीन मिनेटपछि मोहम्मद अलकबेरीले नेपाललाई अर्को झट्का दिए। उनले नेपाललाई ३-० को गोलअन्तरले पछाडि पारेका थिए। यस्तै खालिद अब्दुल रहिमले खेलको ३३औं मिनेटमा गोल गरेपछि पहिलो हाफमा नेपाल ४-० गोलअन्तरले पछि परेको थियो। दोस्रो हाफमा भने नेपालले मात्र एक गोल बेहोरेको थियो। मोहम्मद रसिदले ६०औं मिनेटमा गोल गरे। तर ७१औं मिनेटमा सुमन लामाले गोल गरे पनि त्यो अफसाइड घोषित भएको थियो। नेपालले सोमबार उज्बेकिस्तानसँग खेल्नेछ।

# मुगुरुजालाई विम्बल्डन उपाधि

लन्डन, (एजेन्सी)



स्पेनकी गार्बिन मुगुरुजाले लन्डनमा जारी विम्बल्डन टेनिसअन्तर्गत वुमेन्स सिंगल्सतर्फको उपाधि हात पारेकी छन्। शनिबार सेन्टर कोर्टमा भएको फाइनल खेलमा २३ वर्षीया मुगुरुजाले ३७ वर्षीया भेनस विलियम्सलाई ७-५, ६-० को सोझो सेटमा हराएकी हुन्। च्याम्पियन हुनुका साथै उनले २२ लाख पाउन्डको चेक पुरस्कार पनि हासिल गरिन्।

मुगुरुजाको यो करिअरको दोस्रो ग्रान्डस्लाम उपाधि हो। यसअघि उनले गत वर्ष फ्रेन्च ओपनमा सेरेना विलियम्सलाई हराएर उपाधि जितेकी थिइन्। अमेरिकी खेलाडी सेरेना हाल गर्भवती भएकीले सहभागिता जनाइनन्। विम्बल्डनमा भने मुगुरुजाको यो दोस्रो फाइनल थियो। दुई वर्षअघि सेरेनासँग हारेर उपाधि विमुख भएकी मुगुरुजाले यसपटक सेरेनाकै दिदीलाई हराएर उपाधि जितिन्।

अमेरिकी खेलाडी भेनस छैटौं विम्बल्डन उपाधिका लागि कोसिस गरे पनि दोस्रो सेटमा उनको सर्भिस सबै तोडिएका थिए। मुगुरुजाले पहिलो सेट दुई सेट प्वाइन्ट बचाएर जितेकी थिइन्। दशौं गेममा भेनस ५-४ र ४०-१५ स्कोरसहित अगाडि रहेर सेट जित्ने स्थितिमा थिइन्। तर उनले दुई ब्रेक प्वाइन्टको फाइदा उठाउन सकिनन्। १४औं वरीयताकी मुगुरुजाले यो सेट जितेपछि दोस्रो सेटमा भेनसमाथि पुरै वर्चस्व बनाएकी थिइन्। उनले अन्तिम नौ गेम जितेकी थिइन्।

विम्बल्डनमा स्पेनी महिला खेलाडीले २३ वर्षपछि उपाधि जितेकी छिन्। यसअघि सन् १९९४ मा मार्टिना नाभ्रातिलोभालाई हराएर उपाधि जित्दा कोन्चिता मार्टिनेज विम्बल्डन जित्ने पहिलो महिला स्पेनी खेलाडी बनेकी थिइन्। हाल मार्टिनेज मुगुरुजाकी कोच हुन्।

## घरहरा

### जतातते 'अर्थमन्त्री'



शहरमा अहिले बजेट भाषण गर्ने 'अर्थमन्त्री'हरु नगरदेखि गाउँसम्म धरहराले थुप्रै देख्यो। खास गरी हिजो र अस्ति त बाढी नै चल्यो।

आज साउन १ गते भएकाले गाउँदेखि नगरसम्मका पदाधिकारीहरुले धमाधम बजेट भाषण गरेर अर्थमन्त्रीको झल्को दिए।

अझ एमालेले जितेका स्थानमा त सो पार्टीका अध्यक्ष केपी शर्मा ओलीलाई प्रमुख अतिथि नै बनाएको पाइयो।

उहाँलाई केही दिनदेखि भ्याइनभ्याइ थियो। बिचरा कांग्रेस, एमाओवादी केन्द्रलगायतकाले प्रमुख अतिथि बन्ने मौका पनि नपाएको देखियो।

यी त भए स्थानीय बजेट भाषणका कुरा। तर, यी योजना र बजेट भाषण भाषणमा मात्रै सीमित नहून् भन्ने जनचासो रहेको पाइन्छ। यसतर्फ हाम्रा जतातत्तैका 'अर्थमन्त्री'ले ध्यान दिनुपर्छ भन्ने सबैको शुभेच्छा पाइएको छ। हेर्दै जाऔं के गर्नुहुन्छ उहाँहरुले? केही समय त दिनैपर्‍यो नि होइन पाठकवृन्द?

# काठमाडौं विश्वविद्यालयद्वारा उपाधि रक्षा

काठमाडौं, (नेस)

काठमाडौं विश्व विद्यालय दोस्रो प्रधानमन्त्री कप विश्व विद्यालय खेलकुदमा शनिबार टिम च्याम्पियन बनेको छ। साविक विजेता काठमाडौंले ४ स्वर्ण, १ रजत र २ कांस्य जित्दै उपाधि रक्षा गर्‍यो। तीन खेल भलिबल, ब्याडमिन्टन र टेबलटेनिस समावेश खेलकुदमा काठमाडौंले चारै स्वर्ण टेबलटेनिसतर्फ जित्दै टिम च्याम्पियनको उपाधि उचालेको हो।

राष्ट्रिय खेलकुद परिषद्द्वारा आयोजित प्रतियोगितामा त्रिभुवन विश्वविद्यालय (टीयू) ३ स्वर्ण, ३ रजत र ४ कांस्यसाथ दोस्रो भयो। तेस्रो स्थानको पोखरा विश्वविद्यालयले २ स्वर्ण, २ रजत र ३ कांस्य जित्यो।

# साइपाल फाइनलमा

काठमाडौं, (नेस)

साइपाल एकेडेमी प्रथम यू-१८ एन्जल्स हर्ट कप बास्केटबल प्रतियोगिताको गर्ल्सतर्फ शनिबार फाइनलमा प्रवेश गरेको छ।

पाँच टिम सहभागी गर्ल्सको राउन्ड रोबिन लिगमा एक खेल अगावै साइपाल फाइनलमा स्थान सुरक्षित गर्न सफल भयो। साइपालले जेभियर इन्टरनेसनल कलेजलाई ३२-१६ अंकले पराजित गर्‍यो। गर्ल्सकै अर्को खेलमा नासाले एनसीसीएसलाई ३९-१३ ले हरायो। ब्वाइजको समूह चरणको खेलमा ट्रिनिटी इन्टरनेसनल कलेज र क्यापिटल कलेज एन्ड रिसर्च सेन्टर (सीसीआरसी) ले सफलता पाए।










कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ